# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ४, अङ्क ३३, पूर्णाङ्क १७९ | २०७५ फागुन १ गते बुधबार | Wednesday, 13 Feb 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## सरकारी दमन भए आन्दोलन हुन्छ : पाटन

नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपालका केन्द्रीय अध्यक्ष पाटन जङ्गलीले आफ्नो सङ्गठनका केन्द्रीय सदस्य कुवेर र धादिङ जिल्ला अध्यक्ष चट्टानलाई बिनाकारण गिरफ्तार गरिएको भन्दै तत्काल रिहाइको माग गरेका छन् । बिहीबार बिहान प्रेसविज्ञप्ति जारी गर्दै अध्यक्ष पाटनले स्वन्त्र रूपमा आन्दोलन गर्ने नागरिकको अधिकारमा सरकारले प्रतिबन्ध लगाएको बताएका छन् । सरकारले भ्रष्टाचारलाई संस्थागत गरिरहेको र जनप्रतिनिधिका नाममा सत्ताले वैधता दिइरहेकाले त्यसका विरुद्ध आन्दोलन गरिरहेको बेला आफ्नो पार्टीका नेता-कार्यकर्ता पक्राउ गरिएको बताएका छन् । अभियानको सिलसिलामा रहेका आफ्ना नेता-कार्यकर्तालाई सरकारले गिरफ्तार गरिएको भन्दै बिनासर्त रिहा नगरे आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनी दिएका छन् ।

## अरुण तेस्रोको पावर हाउसमा शक्तिशाली बम विस्फोट

■ रातो खबर संवाददाता/कैलाली

**काठमाडौँ** : अरुण तेस्रो जलविद्युत् आयोजनाको पावर हाउसमा गएराति शक्तिशाली बम विस्फोट भएको छ । सङ्खुवासभाको चिचिला गाउँपालिका ३ पुखुवाखोलामा बन्दै गरेको अरुण तेस्रोको पावर हाउस नजिकै दुईवटा बम विस्फोट भएको समाचार प्राप्त भएको छ ।

बम कसले विस्फोट गराएको हो भन्ने खुलेको छैन । पावरहाउसदेखि १ सय १५ मिटर पूर्वमा दुईवटा बम विस्फोट भएका थिए । बम विस्फोट हुँदा दुईवटा जेनेरेटरमा क्षति पुगेको बताइएको छ । अरुण तेस्रो आयोजना राष्ट्रहितमा नभएको भन्दै राजनीतिक दल र सरोकारवालाहरूले विरोध गर्दै आएका छन् । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), ऋषि कट्टेल नेतृत्वको नेकपालगायत पार्टीहरूले आयोजना राष्ट्रघाती भएको भन्दै विरोध गरिरहेका छन् । अझ नेकपाले त झन् त्यसविरुद्ध सङ्घर्षका कार्यक्रमसमेत सार्वजनिक गरेको छ । बम कसले र किन विस्फोट गराएको हो भन्ने केही नखुले पनि प्रहरीले अनुसन्धान गरिरहेको समाचारमा जनाइएको छ । उत्पादित बिजुली भारत लैजाने गरी आयोजना निर्माण गरिँदैछ । नेपाल भ्रमणमा आएको बेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त रूपमा उद्घाटन गरेका थिए ।

### जनयुद्ध दिवसमा महासचिव विप्लवको शुभकामना

# क्रान्ति अवश्यम्भावी बन्दै गएको छ

■ रातो खबर संवाददाता/काठमाडौं

२०५२ साल फागुन १ गते सुरु भएको जनयुद्धको स्मरण गरी नेपालमा विभिन्न कार्यक्रम गर्दै नेपाल कम्युनिस्टले देशैभरि बुधबार उत्सवका रूपमा मनाउँदैछ । नेपाल कम्युनिस्ट पार्टीले २०७१ मङ्सिर ८ गते पुनर्गठन गरेदेखि जनयुद्ध दिवस विभिन्न कार्यक्रम गरेर उत्सवका रूपमा मनाउँदै आएको छ । यही क्रममा उक्त पार्टीका महासचिव विप्लवले विज्ञप्ति जारी गर्दै सहिद परिवार, बेपत्ता योद्धा परिवार, घाइते, पार्टीका नेता, कार्यकर्ता र जनतालाई शुभकामना तथा बधाई दिएका छन् ।

विज्ञप्तिमा महासचिव विप्लवले भनेका छन्, 'महान् जनयुद्धको २४ औँ वार्षिकोत्सवका सुअवसरमा सम्पूर्ण जनता, आदरणीय सहिद परिवार, जनक्रान्तिका बेपत्ता योद्धा परिवार, घाइते योद्धाहरू, पार्टीका नेता र कार्यकर्ताहरूमा गौरवपूर्ण एवम् भावपूर्ण शुभकामना व्यक्त गर्दछौँ ।'

उनले साम्यवादी विचार नै जनयुद्धको विचार थियो भन्ने उल्लेख गर्दै भनेका छन्, 'महान् साम्यवादी उत्कृष्ठ एवम् अजम्मरी विचार महान् जनयुद्ध र जनयुद्धका सहिद, बेपत्ता र घाइते योद्धा, जनयुद्धमा विभिन्न प्रक्रियामा सहभागी जनताको त्याग त्यही आदर्श र सपनासँग जोडिएको छ । जनयुद्धको सपना र आदर्शलाई एकीकृत जनक्रान्तिले पूरा गर्नेछ ।'

**हामी सफल हुन्छौँ, सहिदको सपना साकार पार्छौं**

**विशेष अन्तर्वार्ता पृष्ठ ३ र ४**



> 'जनयुद्धको सपना र आदर्शलाई एकीकृत जनक्रान्तिले पूरा गर्नेछ ।'

उनले वक्तव्यमा सबैलाई एकीकृत जनक्रान्तिमा हातेमालो गर्न पनि अपिल गरेका छन् । उनले भनेका छन्, 'तसर्थ महान् सहिद, बेपत्ता योद्धा परिवार र सम्पूर्ण घाइते योद्धा, जनमुक्ति सेना, जनता, सच्चा लोकतन्त्रवादी, गणतन्त्रवादी, बुद्धिजीवी, राष्ट्रिय पुँजीपतिवर्ग, देशभक्त शक्तिहरू कहिल्यै नटुट्ने हातेमालो गर्दै वैज्ञानिक समाजवाद, साम्यवादतिर अघि बढौँ भन्ने अपिल जनयुद्ध दिवसका अवसरमा गर्दछौँ ।'

वक्तव्यको अन्त्यमा विप्लवले 'नेपाली क्रान्तिकारीहरूको भविष्य उज्ज्वल छ । क्रान्ति अवश्यम्भाबी बन्दै गएको छ' भनेका छन् ।

यही सन्दर्भमा विप्लवले लामो समयपछि रातो खबर अनलाइन टेलिभिजनलाई अन्तर्वार्ता दिएर आफ्नो पार्टीका नीति, कार्यक्रम र योजना सार्वजनिक गरेका छन् । उनले जनयुद्ध दिवसका साथै फागुन १४ गतेदेखि २१ गतेसम्म सहिद सप्ताह पनि आफ्नो पार्टीले विभिन्न कार्यक्रम गरी मनाउने बताएका छन् । नेकपाले सबै क्षेत्रमा जनयुद्ध दिवस र सहिद सप्ताह मनाउन निर्देशन दिएको बताइएको छ । अहिले नेकपा देशव्यापी रूपमा सङ्गठन सुदृढ तथा विस्तार अभियानमा रहेको छ । उनीहरूले चलाएको अभियानमा देशव्यापी रूपमा जनता सङ्गठित भैरहेका समाचार प्राप्त भएका छन् । काठमाडौंलगायत मुख्य सहर, जिल्ला र गाउँगाउँसम्म बुधबार जनयुद्ध दिवस सभा र जुलुस गरेर मनाइने नेकपाले जनाएको छ ।

## पश्चिम ताम्सालिङ ब्युरोको प्रशिक्षण सम्पन्न

■ अम्बिका चन्द/काठमाडौं

नेकपा पश्चिमताम्सालिङ ब्युरोअन्तर्गत धादिङ, नुवाकोट र रसुवाको ब्युरोस्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य एवम् मध्य केन्द्रीय कमान्ड इन्चार्ज सुदर्शनले आफ्नो पार्टीले सञ्चालन गरिरहेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानले जनतामा एउटा नयाँ आशा सञ्चार गरिरहेको बताए । प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि सुदर्शनले काण्डैकाण्डमा फसेको सरकारले आफ्नो पार्टीलाई तराईका सीके राउतसँग वार्ता गर्न बनेको समितिसँग वार्ता गर्ने कुरा गरेको तर आफ्नो पार्टीलाई आधिकारिक रूपमा वार्ताका लागि पत्र नपठाएको बरु आफ्ना राजनीतिक कार्यक्रमहरूलाई हस्तक्षेप गर्ने प्रयास गरिरहेको बताए । सरकारले वार्ताको नाटक गरेर आफ्नो पार्टीलाई फसाउन खोजेको बताउँदै नेता सुदर्शनले आफ्नो पार्टी राजनीतिक रूपमा विजयी भएको बताए । काठमाडौँमा मङ्सिर ८ गते गरिएको जनप्रदर्शन राजनीतिक रूपमा ठूलो हस्तक्षेप भएको भन्दै यसले राजनीतिक रूपमा व्यापक हस्तक्षेप भएको बताए ।

कार्यकर्ताहरूलाई प्रशिक्षित गर्दै कमान्ड इन्चार्ज सुदर्शनले हरेक पार्टी सदस्यले पार्टी र क्रान्तिका लागि केही न केही उत्पादनका कार्यमा संलग्न हुनुपर्ने भएकाले कार्यकर्ताहरू उत्पादनमा जोडिन आवश्यक भएको बताए । नेता सुदर्शनले चन्दा र कर लिने चलन संसारभरि रहेको तर आफूहरुले एक केन्द्रीय सदस्य एक उत्पादनको अभियानमा सहभागी हुने निर्णय गरेको बताउँदै देशैभर समाज घरहरू निर्माण गर्ने कार्य भैरहेको जानकारी पनि दिए । कालीकोटमा विकास निर्माण कार्यहरूलाई अघि बढाइरहेको जानकारी दिँदै सुदर्शनले जनताको साथ लिई कालीकोटमा पार्टीले ५ किलोमिटरभन्दा बढी बाटो निर्माण गरेको बताए ।

नेपालमा सामाजिक दलाल पुँजीवादी सरकार काण्डैकाण्डले असफल भएको भन्दै नेता सुदर्शनले त्यसको विकल्पमा आफ्नो पार्टी नेपाल कम्युनिस्ट पार्टी बलियो विकल्पका रूपमा प्रस्तुत भएको बताए । आफ्नो पार्टीलाई दुनियाँले विकल्पका रूपमा आशाको दृष्टिले हेरिरहेको भन्दै उनले क्रान्तिको कार्यभार पूरा गर्नका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिए । उत्तरकोरियाबाट अमेरिकी जासुस भनेर लखेटिएकी हाकजा हाकजा मुन काठमाडौँमा आएर सम्मेलन गर्दा राष्ट्रको भएभरको शक्ति परिचालन गर्नु भनेको एउटा राष्ट्रिय लज्जाको विषय रहेको र मुनको कार्यक्रममा सेना लगाएर कार्यक्रम गर्नु र भौतिकवादी भन्नेहरूले होली वाइन खानु पनि लज्जाको विषय रहेको बताए । उनले क्रान्तिका लागि अनुकूल वातावरण बन्दै गएको तर यसका लागि तयार नहुने हो भने देशमा अरु नै खालका चलखेल हुने खतरा भएको बताए ।

नेपाली जनताको दुस्मन दलाल पुँजीवाद रहेको प्रस्ट पार्दै नेता सुदर्शनले राजनीतिक दलाल, आर्थिक दलाल, शैक्षिक दलाल, धार्मिक दलालहरूले देशलाई बर्बाद बनाएको बताए ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य राप्तीले आफ्नो पार्टीले देशव्यापी

... बाँकी पृष्ठ ६ मा

## कैलालीको सिङ्गै गाउँ विप्लव नेतृत्वको नेकपामा प्रवेश

■ आशीष चौधरी/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी सञ्चालन गरिरहेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ का क्रममा देशैभरि जनसङ्गठन निर्माणकार्य तीव्र गतिमा भएका समाचार प्राप्त भएका छन् । अभियानका क्रममा देशैभरि विभिन्न पार्टी परित्याग गरी नेकपामा प्रवेश गर्नेहरूको लहर पनि बढिरहेको नेकपाको अभियान टोलीमा सहभागीहरूले बताएका छन् । यसैबीच कैलालीको वसन्तगढीमा विभिन्न पार्टीका ३२ जनासहित सिङ्गै गाउँ नेकपामा प्रवेश गरेका छन् । पार्टी प्रवेश गर्नेहरूमा पूर्वएमालेका कार्यकर्ता खड्कबहादुर दर्लामी थापा र पूर्वमाओवादी केन्द्रका चन्द्रबहादुर नेपाली, गणेश घर्तीमगर, हरीश घर्तीमगर, टेकबहादुर नेपाली, शेरबहादुर राना, भविराम विक, प्रेम बराल, पुरन परियार, सुमन परियार, बाबुराम रोकामगर, परिवर्तन क्षेत्री, आयुषा सिँजापति, रामकली नेपाली, खिमा नेपाली, ईश्वरीदेवी, खगीसरा बुढाक्षेत्री, सङ्गीता बुढाक्षेत्री, सीमा नेपाली, बिस्ना विक, लालीदेवी रोकामगर, भुर्माछेसी लामछानेमगर, खगी, सरिता नेपाली, पटु रासकोटीमगर, प्रतीक्षा नेपाली, सुनित नेपाली, सपना नेपाली, दिलसरा नेपाली, खगीसरा नेपाली, सुनिता नेपाली, मानबहादुर मगरलगायत विभिन्न पार्टीका नेता तथा कार्यकर्ता छन् । उनीहरूलाई नेकपाका कैलाली जिल्ला सेक्रेटरी प्रकाश मल्लले अबिर लगाएर स्वागत गरेका छन् । यस्तै देशैभरि विभिन्न पार्टीबाट नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गर्नेहरूको लहर चलिरहेको नेकपा स्रोतले जनाएको छ ।

## सरकारले नेकपामाथि धरपकड बढायो

■ रातो खबर संवाददाता/काठमाडौं

सरकारले नेपाल कम्युनिस्ट पार्टीका राजनीतिक गतिविधिमा हस्तक्षेप र धरपकड सुरु गरेको छ । आफ्ना खुला राजनीतिक गतिविधिमा समेत हस्तक्षेप गरेको र पार्टीका नेता-कार्यकर्तामाथि दमन, गिरफ्तारी र धरपकड गरेको भन्दै दमन गरे प्रतिरोध गर्ने चेतावनी दिएको छ । बुधबार उक्त पार्टीका गुल्मी जिल्ला इन्चार्ज पूर्णबहादुर सिंह, सेक्रेटरी खेम खड्कासहितको अभियानटोलीलाई पक्राउ गरेलगत्तै धादिङमा कुवेरसहितको अभियान टोलीलाई पक्राउ गरेको छ । प्रहरीले बिहीबार पनि देशका विभिन्न ठाउँहरूमा शान्तिपूर्ण अभियान चलाइरहेका नेकपाका नेता-कार्यकर्तामाथि हस्तक्षेप गरी धरपकड बढाएको नेकपा स्रोतले जनाएको छ ।

यसैबीच बिहीबार पूर्व पाँचथरको निक्लाजुङ गाउँपालिकाको वडा नम्बर ४ मा पर्ने रविबजारबाट नेकपाका दुईजना कार्यकर्ता कुमार धामी र लक्ष्मण तामाङलाई प्रहरीले गिरफ्तार गऱ्यो । राजनीतिक अभियान लिएर जनताको गाउँघरमा हिँडिरहेका सामनाका कलाकार हरूलाई खुला सभासम्मेलन गर्न पाइँदैन भन्दै पक्राउ गरेको अभियान टोलीका एक सदस्यले बताएका छन् । यस्तै उदयपुरमा पनि नेकपाका ६ जना अभियान टोली सदस्यलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै सोमबार मात्र बझाङमा नेपाल कम्युनिस्ट पार्टी निकट भगिनी सङ्गठन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको कार्यक्रममा हस्तक्षेप गरेको छ । अनेमसङ्घको जिल्ला सम्मेलनमा हस्तक्षेप गरको भन्दै अनेमसङ्घकी केन्द्रीय अध्यक्ष बन्धु चन्दले विरोध गरेकी छिन् । अध्यक्ष चन्दले शान्तिपूर्ण सभासम्मेलनमा पनि प्रहरीले हस्तक्षेप गरी कार्यक्रम बिथोल्ने प्रयास गरेको भन्दै सरकार फासिवादको अभ्यासमा तल्लीन रहेको बताइन् ।

## रगतले लेखिएको इतिहास जारी छ

**देश/परिवेश**

■ हेमन्तप्रकाश ओली 'सुदर्शन'



मैले एकजना कम्युनिस्ट योद्धा विजय घलेको सम्झनामा जनयुद्धको एक वर्षपछि २०५३ साल फागुन १४ र २१ को जनादेश साप्ताहिकमा प्रकाशित संस्मरणात्मक आलेखमा लेखेको थिएँ, 'त्यो प्यारो !, दृढ र हँसिलो, गोल-गोल मङ्गोल अनुहारसँग पोहोर साल यतिबेला त्यही रगतले लेखिने इतिहासको गीत गाउँदै जनयुद्धको उद्घाटन गर्न तयारी गर्दै थियौँ तर अहिले तिमी भौतिक रूपमा हामीसँग छैनौ । इतिहासको अग्रगामी धारामा वैरीहरूसँग लड्दालड्दै मैदानमा खसेको रातो झोला हामीले काँधमा उठाएर अन्तिम श्रद्धाञ्जली र सलामी अर्पण गर्दै महान् यात्रा पूरा गर्ने कसम खाएका छौँ । तिमी सिस्ने र जलजला पहाड भएर उभिएका छौ । दुस्मन मृत्यु शैय्यामा छट्पटाइरहेको छ ।'

आज आएर फेरि भन्नुपर्ने भएको छ- क. विजय घले, क. दीर्घ, क. तीर्थ गौतम, क. शेरमान, क. सुनिल, क. लली, क. वासु, क. रीतबहादुर, क. सपना, क. दिलमायालगायत दस हजारभन्दा बढी नेपाली जनताका सर्वोत्तम छोराछोरीहरू ! तपाईंहरूको रगतमाथि खडा भएको वैज्ञानिक समाजवादको धरोहर गद्दार प्रचण्ड र बाबुरामहरूले खरानी बनाउने दुस्साहस गर्दै जनयुद्धको विसर्जन गरेका थिए । तिम्रो सपनाको हत्या गर्ने ती साइलकहरूलाई तिमीहरूको सालिकमाथि फूल चढाउने सहिद-स्मारकभन्दा दायाँतिरको खोल्सामा नाक थुन्दै र पिच्च थुक्दै जाने चिहान बनाउन हामीले क्रान्ति जारी राखेका छौँ । तपाईंहरूले मैदानमा खसालेको रातो झोला र एके सत्चालीस हाम्रो काँधमा छ । तिमीहरू सगरमाथा भएर उभिएका छौ र दुस्मन मृत्युशैय्यामा छट्पटाउँदैछ ।

सहिद र वेपत्ता योद्धाका परिवारजनहरू ! हामी चौबीसौँ जनयुद्ध दिवसका अवसरमा तपाईंहरूसँगै काँधमा-काँध, हातमा-हात मिलाएर वैज्ञानिक समाजवादी जनगणतन्त्र प्राप्त गर्न क्रान्तिको नयाँ मोडेल एकीकृत जनक्रान्तिका लागि पङ्क्तिबद्ध भएर अघि बढ्ने प्रतिज्ञा गर्दछौँ । तपाईंहरूका प्रियजनहरूको रगतमाथि होली खेल्ने र तपाईंहरूको आँसु र पसिनाको आहालमाथि डुबुल्की मार्ने प्रचण्ड, बाबुराम, बादल र नारायणकाजीहरू जनयुद्धको बध गर्न कस्सिएका कसाईहरू केपी ओली र माधव नेपालसँग मिल्न गएका छन् । अमेरिकाली साम्राज्यवादको दक्षिणकोरियामा रखबारी गर्ने कुत्ता हक जा हानमुनका 'होली वाइन' (पवित्र जाँड) चाखेर उनीहरूले नेपाली 'सैतानहरू' (क्रान्तिकारीहरू) लाई सखाप पार्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सहिद परिवारजन ! यी राक्षसहरूलाई होइन त तपाईंहरूले आफ्नो खाँदाखाँदै गरेको गाँस र सुत्न थालेको न्यानो ओछ्यान दिएर पालनपोषण गरेको ? इतिहासले उनीहरूलाई अपराधी घोषणा गरेको छ, सहिद परिवारजन र नेपाली श्रमजीवी तथा उत्पीडित जनताले सजाय दिने नै छन् ।

सहिद परिवारजन र श्रमजीवी तथा उत्पीडित जनगण ! सहिदहरूले मनमस्तिष्कभरि महान् सपनाहरू सजाएका थिए । उनीहरूका सपना व्यक्तिगत थिएनन् । उनीहरूले आँखाभरि आँसु र मुटुभरि वेदना भरिएका शोषित-उत्पीडित

क्रमशः पृष्ठ ६ मा

## सम्पादकीय

# जनयुद्धको पदचाप

आज जनयुद्धको पहल गरिएको २३ वर्ष पूरा भएर २४ वर्ष लागेको छ। यी २३ वर्षहरूमा जनयुद्धले १० वर्ष २ महिनामा नेपालको राजनीतिमा निकै ठूलो परिवर्तन ल्याइदिएको थियो। यहाँको परम्परागत सामन्ती राजतन्त्रको जरो नै उखेलिदियो। त्यसैगरी सामन्ती राजतन्त्र र संसदीय व्यवस्थाको पहरेदार बनेको यहाँको परम्परागत सुरक्षा शक्तिलाई धुलो चटाएर नेपाली जनता र देशको रक्षा गर्न सक्षम अपराजित जनमुक्ति सेनाको निर्माण भएको थियो। जसले भारतीय साम्राज्यवादका विरुद्ध सुरुङ युद्धको घोषणा पनि गरेको थियो। नेपाली जनताको आफ्नै जनसत्ता स्थापना भएको थियो। जनताले न्याय पाएका थिए। विकास निर्माण भएको थियो। जनवादी विद्यालयहरू खुलेका थिए। जनस्वास्थ्यालयहरू सञ्चालित भएका थिए। पुँजीवादी अर्थनीतिबाट अलग जनवादी अर्थनीति लागू भएका थिए। साम्यवादको प्रारूपका रूपमा जनकम्युनहरू सञ्चालित भएका थिए।

जनताको परम्परागत संस्कृतिलाई समृद्ध गरी नयाँ जनसंस्कृतिको विकास गरिएको थियो। त्याग, बलिदान र समर्पणलाई जीवन व्वहारमा लागू गरिएको थियो। कुरूपतालाई सुन्दरताले जितेको थियो। सहिद हुन, जनताका दुस्मनका विरुद्ध जेहाद छेड्नका लागि तँछाडमछाड हुने गर्दथ्यो। विश्व जित्ने अभिलाषा तीव्र रहेको थियो। मार्क्सवादमा आधारित सर्वहारा वर्गको गुमाउनका लागि केही छैन जित्नका लागि सारा संसार छ भन्ने आदर्शबाट पार्टी, नेता, कार्यकर्ताहरू प्रशिक्षित थिए।

जनयुद्धले नेपाली सिमाना नाघेर अन्तर्राष्ट्रियकरण हुन पुगेको थियो। भारत, अमेरिका, पेरू, फिलिपिन्सजस्ता देशहरूमा यसको प्रचारप्रसार गरिएको थियो। लि अनेस्टो, आन्द्रेईहरू जनयुद्धको प्रत्यक्ष अनुभव र अनुभूति गर्न समुद्रपारबाट आउने गर्दथे। बुर्जुवा सञ्चारमाध्यमहरूले नै देशको ८० प्रतिशत भूभागमा जनसत्ताको अभ्यास भएका समाचारहरू प्रसारण गर्ने गर्दथे।

पछिल्लो १३ वर्षमा जनयुद्ध छैन। जनसत्ता विघटन भयो। जनसेनालाई जनयुद्धका महानायक र केही नायकहरूले रुवाउँदै घर र अरबको खाडीमा पठाए। कतिलाई आत्महत्या गर्न बाध्य पारिदिएका थिए। जनयुद्धलाई आफ्नो जीवन र श्वासप्रश्वास सम्झिएका नेता, कार्यकर्ता र जनताले गरेको त्याग, बलिदान र समर्पणलाई केही मान्छेहरूले पुरानै सत्तामा पुगेर मोजमस्ती गर्ने, प्रतिष्ठा बढाउने, सन्तान दरसन्तानलाई पुग्ने अकुत सम्पत्ति जम्मा गर्ने काममा भ्रष्टीकरण गरिदिएका छन्। अहिले उनीहरूका लागि सहिद, बेपत्ता योद्धाहरू खेतीको विषय बनेका छन्। घाइते योद्धाहरू घाँडो हुन पुगेका छन्। जनता विशुद्ध आवधिक भोट बैङ्कमा परिणत भएका छन्।

यी मान्छेहरूले नेपाली जनता र नेपाली जनयुद्धप्रति गद्दारी मात्र गरेका छैनन्, सबैखाले क्रान्ति र आन्दोलनहरू वैदशिक हस्तक्षेप वा प्रभावबाट बाहिर रहन नसक्ने भएकाले अब क्रान्ति गर्नु भनेको मूर्खता मात्र हो भन्ने भ्रम पार्ने कोसिस गरिराखेका छन्। उनीहरूको यो कुकार्यले यहाँका देशीविदेशी प्रतिक्रियावादीको सेवा गर्न पुगेको छ भने जनतामा भ्रम पार्ने दुस्साहस गरिराखेको छ।

जनयुद्धको नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को मूल नेतृत्वमा आएको विचलनसँगै पार्टी पनि सिङ्गो रहन सकेन। त्यो मूल पार्टी अहिले चार विभिन्न विचारधारासहितको सङ्गठनमा विभक्त हुन पुगेको छ। प्रचण्ड नेतृत्वको माओवादी केन्द्र प्रचण्डले नै दस्ताबेज र लेखहरूमा प्रतिक्रियावादी टिकान गरेको एमालेमा विलय भएर सरकारी नेकपा बन्न पुगेको छ। बाबुराम भट्टराईले मार्क्सवाद नै परित्याग गरी नयाँ शक्तिनामक बुर्जुवा पार्टी बनाएका छन्। मोहन वैद्य 'किरण' हरूले क्रान्तिकारी माओवादी बनाएका छन्। मार्क्सवादको सही र गहिरो अध्ययन गरी नेपाली क्रान्तिको नयाँ कार्यदिशा एकीकृत जनक्रान्तिको आविष्कार गरी विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी पुनर्गठन गरी क्रान्तिलाई नयाँ ढङ्गले अगाडि बढाइरहेको छ।

जनयुद्ध महान् थियो, युगान्तकारी थियो, विश्व सर्वहारा वर्गको आशाभरोसा र आधारइलाका बनेको थियो। हजारौँ सहिदहरू र बेपत्ता योद्धाहरूको रगतले सिञ्चित भएर हराभरा भएको थियो। नेता/कार्यकर्ता र जनताको अथक परिश्रमले झाङ्गिएको थियो। फुलेको थियो, फलेको थियो।

नेपालमा अहिले पनि जनयुद्धको आवश्यकता छ भन्ने कुरा जनताले अनुभूति र अभिव्यक्त गरिराखेका छन्। जनयुद्धको पदचाप पछ्याउन आतुर देखिन्छन्। मूल रूपमा केपी–प्रचण्डको स्वघोषित कम्युनिस्ट सरकारका क्रियाकलापले वाक्कदिक्क भएका जनताले अर्को नयाँ र फरक रूपमा जनयुद्धको आह्वान गरिराखेका छन्। त्यसैले नेपालमा अर्को एउटा युगान्तकारी क्रान्ति सर्वहारा वर्गको विचार, राजनीति र नेतृत्वमा चाहिएको छ। जनयुद्ध दिवस मनाइरहँदा नयाँ क्रान्तिलाई अँगाल्न जरुरी छ। नयाँ क्रान्तिको उद्घोष गर्न जरुरी छ। जनता र राष्ट्रलाई सबैखाले शोषण, दमन र उत्पीडनबाट मुक्त गर्न जरुरी छ।



## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**


# जनयुद्ध विसर्जनको अन्तर्कथा

**(सन्दर्भ : २४ औँ जनयुद्ध दिवस)**



गुणराज लोहनी

**जनयुद्धको सैद्धान्तिक पक्ष**

२०४८ साल मङ्सिरमा भएको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र) को एकता महाधिवेशनले नेपाली क्रान्तिको कार्यदिशाका रूपमा 'गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धको कार्यदिशा अपनाउनु अनिवार्य'[१] पारित गरेको थियो। २०५२ साल असारमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को केन्द्रीय समितिको बैठकमा उक्त पार्टीका तत्कालीन महामन्त्री प्रचण्डले 'जनयुद्धको पहिलो योजना' नामको प्रस्ताव पेस गरेका थिए। उक्त प्रस्ताव पारित भएको थियो। उक्त प्रस्तावमा 'जनयुद्धको ऐतिहासिक पहलका लागि हाम्रा सैद्धान्तिक प्रतबिद्धताहरू'[२] पनि समावेश गरिएको थियो। सातवटा प्रतिबद्धता पारित गरिएका प्रस्तावहरू सबैले सशस्त्र सङ्घर्षलाई प्रमुखता दिइएको छ। त्यहाँ बुँदा ३ मा अझ अघि भनिएको छ, 'हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहाराको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै सुनौलो भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ। एकपटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारावर्ग एवम् आमजनताप्रति अपराध हुने कुरामा हामी दृढ छौँ। यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइनेछैन। यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्नपुँजीवादी, सङ्कीर्ण, राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त रहनेछ।'[३]

यसरी स्पष्ट कार्यदिशा, सैद्धान्तिक स्पष्टता र प्रतिबद्धताको आवश्यकता किन पर्‍यो भन्नेबारेमा त्यस समयमा भन्ने गरिन्थ्यो- यसअघि पनि नेपालमा धेरैपटक हतियार उठाइएको थियो। राणा, पञ्चायतविरोधी आन्दोलनमा नेपाली काङ्ग्रेसले हतियार उठाएको थियो। २०२८ सालमा तत्कालीन मालेका सीपी मैनाली, राधाकृष्ण मैनाली, मोहनचन्द्र अधिकारी, खड्गप्रसाद ओलीहरूले नयाँ जनवादी क्रान्तिका लागि भनेर झापा विद्रोहका नाममा हतियार उठाएका थिए। यी हतियारबद्ध सङ्घर्षहरूले कुनै आकार लिनु त कता हो कता, कुनै जनताका पक्षमा राजनीतिक परिवर्तन गर्न सकेनन्। ती सबै आत्मसमर्पण र सम्झौताहरूमा टुङ्गिएका थिए। यी परिघटनाहरूबाट जनतामा काङ्ग्रेस र कम्युनिस्टप्रतिको विश्वास टुटेको थियो। त्यसैले सशस्त्र क्रान्ति गर्नुभन्दा पहिला नै सैद्धान्तिक प्रतिबद्धता र सशस्त्र सङ्घर्षप्रतिको स्पष्ट धारणाको आवश्यकता परेको थियो। त्यसैको सेरोफेरोमा ७ बुँदे सैद्धान्तिक प्रतिबद्धता जारी गरिएको थियो।

**जनयुद्धको विकास, विस्तार र प्रभाव**

यिनै सैद्धान्तिक प्रतिबद्धता र कार्यदिशाका आधारमा २०५२ साल फागुन १ गते 'नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ !' भन्ने नाराका साथ सुरु गरिएको थियो। अन्तर्राष्ट्रिय रूपमा अमेरिकी साम्राज्यवादले विश्वमाथि एकलौटी जस्तो दोहन गरिराखेको थियो। उसले हैकम जमाएको थियो। दक्षिणएसियामा तत्कालीन भारतीय विस्तारवादको हैकम थियो। विश्वमा संशोधनवादी धार समातिसकेका भए पनि सोभियत सङ्घलगायत समाजवादी भनिएका देशहरू ढलेका थिए। यी परिघटनाहरूलाई उत्तरआधुनिकतावादीहरूले इतिहासको अन्त्यको घोषणा गरिराखेका थिए।

नेपालमा भर्खरै संसदीय व्यवस्थाको पुनर्स्थापना भएकाले उक्त व्यवस्थाप्रति जनतामा त्यत्ति धेरै मोहभङ्ग भएको थिएन। अझ नेपालमा त संसदीय चुनावबाट तत्कालीन माओवादीले प्रतिक्रियावादी घोषणा गरेको भए पनि कम्युनिस्टका नाममा तत्कालीन एमाले ठूलो दल बन्न पुगेको थियो।

यति धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिकूलता हुँदाहुँदै पनि जनयुद्धले छोटै समयमा दिन दुई गुना, रात चार गुना विकास गर्न पुगेको थियो। केही समयमा नै ग्रामीण क्षेत्रबाट सामन्त, जालीफटाहाहरू लखेटिएका थिए। यति मात्र नभएर सामन्ती राजतन्त्रात्मक संसदीय व्यवस्थाका रक्षक सेना, पुलिसहरूले देशको ठूलो भूभागमा हार मानेर छाडेका थिए। हजारौँ सेना र पुसिलहरूले जागिर छाडेर कोही विदेश पुगेका थिए। कैयौँ हतियारसहित जनयुद्धमा सामेल भएका थिए। सेना र पुलिस उच्च ओहोदाका अधिकृतहरूको मनोविज्ञान कस्तो रहेको थियो भन्ने कुरा त जनयुद्धकालमा सेना, पुलिस, हातहतियार र गोलीगट्ठा पुर्‍याउन हेलिकोप्टरको उडान भर्ने रामेश्वर थापाले आफ्नो पुस्तक 'बारुदमाथि उड्दा' मा गरेको व्याख्याले पुष्टि गरेको गरेको छ।

देशको ८० प्रतिशत भूभागमा जनसत्ताको स्थापना भएर जनताले अभ्यासको अनुभूति गरिरहेका थिए। हजारौँको सङ्ख्यामा अत्याधुनिक हतियारले युक्त अपराजित जनमुक्ति सेना थियो। जनताले सरल, सर्वसुलभ न्याय घरमा नै पाएका थिए। जाँडरक्सी पूर्ण नियन्त्रित थियो। छुवाछूत, लैङ्गिक विभेदको लगभग अन्त्य नै भएको थियो। आधारइलाकाहरूमा जनशिक्षाको अभ्यास भएको थियो। पुरानो सत्ता साँगुरिँदै मात्र गएको थिएन, पछिल्लो क्रममा संसदीय पार्टीका नेताहरूको जीवनरक्षक पनि जनयुद्ध बन्न पुगेको थियो। जनयुद्धले नेपालको भौगोलिक सीमा पार गरेर अन्तर्राष्ट्रियकरण भैराखेर विश्वभरि सर्वहारा तथा मुक्तिकामी वर्गको आशा, भरोसा बनिरहेको थियो। त्यसैले अन्तर्राष्ट्रिय स्तरमा जनयुद्धलाई 'एउटा राम्रो विश्व जन्मको क्रममा'[४] भन्न थालिएको थियो। जनयुद्धले सरगमाथाको उचाइ चुम्दै थियो। विश्वले नेपाललाई जनयुद्धको देश भनेर चिन्दै गइराखेको थियो। केन्द्रीय सत्ता कब्जाको सन्निकट पुगेको थियो।

**कहिले, किन र कसरी आयो विचलन**

देशीविदेशी प्रतिक्रियावादीहरूका संयुक्त र एकोहोरा प्रहारहरूलाई छिचोल्दै अघि बढेको जनयुद्धलाई गोलीले हराउन सकेको थिएन तर कागजमा लेखिएका शान्तिवार्ता र सम्झौताहरूले जनयुद्धको अन्त्य गर्नुका साथै महानायकहरू हेर्दाहेर्दै खलनायक बन्न पुगे। शान्तिप्रक्रिया भनिएका यी १२ वर्षमा महान् जनयुद्ध 'द्वन्द्वकाल' मा परिणत भएको छ। जनयुद्धका महान् सहिद, बेपत्ता योद्धा र घाइते योद्धाहरू 'द्वन्द्वकालमा मारिएका, बेपत्ता पारिएका र घाइते भएका' मा सीमित हुन पुगेका छन्। हिजोका महानायकहरू पद, पैसा, प्रतिष्ठा र परिवारको उन्नतिमा लागिपरेका छन्। आफैँले लेखेको ७ बुँदे सैद्धान्तिक प्रतिबद्धता उनीहरूको मानसपटलबाट हराएको एक दशक भैसक्यो।

जनयुद्धका मुख्य योजनाकार र पहलकर्ताहरू आज एकाएक किन यति धेरै विचलित हुन पुगे भन्ने प्रश्न सबैतिर छ। तर उनीहरूमा आएको वैचारिक विचलन, राजनीतिक रूपमा आत्मसमर्पण र सांस्कृतिक रूपमा उपभोक्ता र उपयोगितावाद एकाएक देखापरेको होइन। जनयुद्धका मुख्य योजनाकार प्रचण्डमा आत्मसमर्पणवाद र विचलनवाद देखापर्‍यो भने बाबुराममा विचलनवाद नै मुख्य रह्यो। उनीहरूमा आएका यी गैरक्रान्तिकारी हर्कतहरू दस वर्षभित्र नदेखिएर एकाएक जनयुद्धको अन्त्यमा मात्र देखिएको भन्ने होइन। सर्वसाधारणहरूले नै थाहा पाउने गरी सतहमा उजागर भएको जनयुद्धको अन्त्यतिर हो भन्न सकिन्छ।

जनयुद्ध सुरु भएको एक वर्ष नपुग्दै ९ महिनामा नै अर्थात् २०५३ कात्तिक ९ गते केन्द्रीय कार्यालयले निर्देशनपत्र जारी गरेको थियो। केन्द्रीय कार्यालय भन्नाले महामन्त्री प्रचण्ड भन्ने बुझिन्थ्यो र उक्त निर्देशनपत्रको अन्त्यमा प्रचण्डको नाम र हस्ताक्षर पनि रहेको छ। त्यो निर्देशनपत्रमा 'नेतृत्वप्रतिको उसको मूल्याङ्कनका आधारमा सम्बन्धित पार्टी कमिटीको समग्र प्रधान काममा नेतृत्वको सक्रियता र सहभागिता होइन, अमूक स्थान, अमूक घटनामा उपस्थिति, अनुपस्थिति बन्न पुग्दछ। परिणाम एकातिर पार्टी र क्रान्तिको समग्र आवश्यकताअनुसार नेतृत्वको क्षमताको विकास अवरुद्ध हुन्छ भने अर्कोतिर प्रारम्भमै नेतृत्व सजिलै दुस्मनको कब्जामा पर्ने खतरा उपस्थित हुन्छ।'[५]

प्रचण्डले यो विशेष परिपत्र पठाउनुभन्दा केही महिनाअघि त्यही भदौमा देव गुरुङ गोरखाबाट आफ्नै लापरबाहीका कारण गिरफ्तार भएका थिए। त्यो बेलासम्म प्रचण्ड नेपालमा नै बस्दै आएका थिए। देव गुरुङको गिरफ्तारीले आफ्नो पनि नेपालमा उनको सुरक्षा नहुने देखेपछि प्रचण्ड नेतृत्वको सुरक्षाको कुरालाई मुख्य बनाएर परिपत्र जारी गरी भारत हानिएका थिए। भारतमा सुरक्षित बस्ने व्यवस्थाको सुनिश्चितता गरेका थिए। वास्तवमा यहीँबाट प्रचण्डमा विचलित हुने आधार तयार भएका थिए। आधारहरू केके थिए भने पहिलो कुरा उनी प्रत्यक्ष युद्धमैदानबाट टाढा रहे। दोस्रो कुरा दिनदिनका समस्या, अन्तर्विरोधबाट वञ्चित हुन पुगे। तेस्रो कुरा जोखिमसँग खेल्नबाट वञ्चित हुन पुगे। चौथो कुरा युद्ध क्षेत्रको वास्तविक घटना-परिघटनाका जीवन्त तथ्यहरू पाउन सकेनन् जसले गर्दा प्रचण्डमा आत्मसुरक्षावाद हाबी हुँदै गयो।

२०५५ साल भदौमा पार्टीको चौथो विस्तारित बैठक हुन गयो। उक्त विस्तारित बैठकले युवाहरूलाई केन्द्रीय समितिमा ल्याएको थियो। आधारइलाका निर्माणको निर्णय गरेको थियो। प्रचण्डले नेतृत्वको स्थापनाको कुरा गर्दै आफ्नो फोटो सार्वजनिक गर्ने, आफ्ना भनाइहरूलाई नेता/कार्यकर्ताहरूले लेख लेख्दा वा बोल्दा प्रचण्डका भनाइहरूलाई उद्धृत गर्नुपर्ने अनिवार्य नै बनाएका थिए। यसले प्रचण्डमा चरम व्यक्तिवाद पार्टीभित्र हाबी हुन थालेको थियो। उनीमा वैचारिक, राजनीतिक विकासभन्दा पनि व्यक्तिगत महत्वाकाङ्क्षा चरम बन्दै गएको देखाउँछ। प्रचण्डमा मार्क्सवादी विचारमा विचलनका सङ्केतहरू देखिन थालेका थिए। तर पनि चौथो विस्तारित बैठकपछि नै जनयुद्धको तीव्र विकास भएको थियो। यसको कारण पार्टीमा भर्ती भएका नयाँ युवा लडाकुको सङ्ख्या बढ्नु, युवाहरू नेतृत्वमा पुग्नु र उनीहरूले युद्धक्षेत्रको नेतृत्व गर्नु रहनुका साथै संसदीय पार्टीमा चरम सङ्कट देखापर्नु थियो। तर चौथो विस्तारित बैठकका निर्णयहरूलाई लिएर बाबुराम र प्रचण्डका बीचमा खुलेरै अन्तर्विरोध सुरु भएको थियो। किरणलाई पनि मूल रूपमा व्यक्ति स्थापनाको निर्णय मन नपरेको बुझिन्छ।

त्यसको २ वर्षपछि दोस्रो राष्ट्रिय सम्मेलन भएको थियो। २०५७ साल माघ २६ गतेदेखि फागुन १ गतेसम्म चलेको उक्त राष्ट्रिय सम्मेलनमा बाबुरामको सहयोगमा प्रचण्डले प्रस्तुत गरेको 'महान् अग्रगामी छलाङ : इतिहासको अपरिहार्य आवश्यकता' विषयक प्रतिवेदन पारित गरिएको थियो। यो सम्मेलन र त्यहाँ पारित प्रतिवेदनले नै तत्कालीन माओवादीमा वैचारिक विचलनको स्पष्ट र योजनाबद्ध शृङ्खलाका रूपमा बुझ्न सकिन्छ। उक्त सम्मेलनले प्रचण्डलाई सर्वाधिक शक्तिशाली अध्यक्ष बनायो। उनका नाममा मार्गनिर्देशक सिद्धान्त नै मार्क्सवाद–लेनिनवाद–माओवाद र प्रचण्डपथ घोषित गरिएको थियो। यही सम्मेलनदेखि प्रचण्ड र बाबुराम नजिक हुन पुगेका थिए। बाबुरामको भनाइमा सम्मेलनले कार्यनीतिक मुख्य नाराहरूमा 'सर्वपक्षीय सम्मेलनद्वारा अन्तरिम सरकार गठन गर। अन्तरिम सरकारको नेतृत्वमा जनसंविधानको निर्माणको ग्यारेन्टी गर।'[६]

यसले जनयुद्धलाई नयाँ जनवादी क्रान्ति पूरा गर्ने र समाजवादसम्म जाने बाटो अवरुद्ध पारिदिएको थियो। साथै कार्यदिशाका रूपमा 'दीर्घकालीन जनयुद्ध र सशस्त्र विद्रोहलाई समायोजन (फ्युजन) गर्ने' भनियो। नेपाली जनयुद्ध अघि बढ्दै गर्दा त्यसले नयाँ कार्यदिशा विकासको माग त गरिराखेको थियो तर यो फ्युजनको कार्यदिशा सारसङ्ग्रहका रूपमा आयो र यसले संविधानसभालाई कार्यनीतिक प्रश्न नभएर रणनीतिक बनायो जसले गर्दा जनयुद्धको वैचारिक पक्षमा समस्या आयो। त्यसले सङ्घर्षमा त निकै उचाइ हासिल गर्‍यो। तर साङ्गठानिक, सांस्कृतिक र आर्थिक रूपमा निकै समस्याहरू देखा पर्नथाले। यो नै प्रचण्ड र बाबुरामको योजनाबद्ध विचलन थियो। उनीहरू भारतमा त्यहाँको राज्यसत्ताको संरक्षणमा बस्न पनि थाले। यसको प्रमाण मार्च २००० मा तत्कालीन अमेरिकी राष्ट्रपति भारत भ्रमणमा गरेको बेलामा भारतीय प्रशासनले प्रचण्ड र बाबुरामलाई दिल्लीको असी किलोमिटरवरपर नरहन खबर पठाएको थियो। स्वयम् प्रचण्डले उक्त कुराको खुलासा गरेका थिए। त्यस्तैगरी दोस्रो राष्ट्रिय सम्मेलन भएको स्थानमा भारतीय पुलिस पुग्दा प्रचण्डले अनपेक्षित रूपमा माथि भनिएको थियो त पुलिस कसरी आइपुग्यो भन्न भ्याएका थिए।

२०६० साल वैशाखमा रोल्पाको गैरीगाउँमा बसेको केन्द्रीय समितिको बैठकमा प्रचण्डले 'इतिहासका अनुभव र २१ औँ शताब्दीमा जनवादको विकास बारे' नामक दस्ताबेज प्रस्तुत गरेका थिए। उक्त दस्ताबेजले दोस्रो राष्ट्रिय सम्मेलनमा वैचारिक र कार्यदिशामा भएको विचलनलाई राजनीतिक, साङ्गठानिक र सङ्घर्षमा विधिवत् प्रतिबिम्बित गरिएको थियो। यसले सर्वहारावर्गीय अधिनायकत्वलाई छाडेको थियो। जनमुक्ति सेनाको विघटनका लागि मार्गप्रशस्त गरेको थियो। पार्टीलाई बहुलवादी बनाउन सैद्धान्तिक आधार तयार पारिदिएको थियो। यसमा प्रचण्ड र बाबुराम त एकातिर थिए नै, बाबुरामले आफूले उक्त दस्ताबेज तयार पारेको दाबी नै गर्ने गरेका छन्। तर किरणहरूले पनि त्यसको प्रतिवाद गर्न सकेका थिएनन्।

यी शृङ्खलाबद्ध विचलनको उत्कर्ष रूप २०६२ असोज १८–२२ गतेसम्म रुकुमको चुनबाङमा भएको केन्द्रीय समितिको बैठक रह्यो। यो बैठकको पूर्ण तयारी भारतमा भएको थियो। भारतीय शासकहरूसँगको सम्पर्क र सहकार्य, नेपालका भारतपरस्त राजनीतिक पार्टीसँगको सहकार्यले चुनबाङ जन्माएको थियो। प्रचण्डले उक्त दस्ताबेजमा भारतीय विस्तारवादको नेपालमा रहेको बढी खतराभन्दा पनि अमेरिकी साम्राज्यवादको डर बढिरहेको भनेका छन्। दस्ताबेजमा भनिएको छ, 'साम्राज्यवादी नयाँ विश्वव्यवस्थाले धर्तीमा विशाल बहुसङ्ख्यक जनतालाई एउटै हाँडीमा राखेर भुट्ने प्रक्रियालाई तीव्रता दिइरहेको तथ्य मात्रै स्पष्ट हुन्छ।'[७]

उनको यो कथनले भारतीय विस्तारवादविरुद्धको सङ्घर्षको औचित्य नरहेको पुष्टि गर्न खोजेको देखिन्छ। खारा कारबाहीपछि बाबुराम र प्रचण्डले भारतीय बुद्धिजीवीहरूसँग तीव्र भेटघाट गरेको कुरा स्वयम् उनीहरूले भन्ने गर्दथे। त्यही समयमा भारतको व्यवस्थापन र प्रायोजनमा नेपालका संसदीय पार्टीहरूसँग उनीहरूले वार्ता गरेको र १२ बुँदे समझदारी तयार पारिएको थियो भन्न सकिन्छ। किनभने उनीहरू रुकुमको चुनबाङको भेरीडाँडामा भएको बैठकमा पेस गरिएको दस्ताबेजमा 'निश्चय नै त्यसप्रकारको गणतन्त्रलाई प्रतिक्रियावादी गणतन्त्र र तिनका पार्टीहरूले बुर्जुवा संसदीय गणतन्त्रमा बदल्न बल गर्नेछन् भने सर्वहारा वर्गको हाम्रो पार्टीले त्यसलाई नयाँ जनवादी गणतन्त्रमा बदल्न प्रयत्न गर्नेछ।'[८] हो, यही वाक्यांशले जनयुद्धको कार्यदिशालाई पूर्ण परित्याग गरी पुनः संसदीय व्यवस्थामा फर्किने निर्णय गरेको थियो जसको परिणाम जनयुद्ध विसर्जित हुन पुगेको थियो।

यसरी २०५३ सालको प्रचण्डको कार्यालयको निर्देशनपत्रबाट नेतृत्वको सुरक्षाको कुराबाट सुरु भएको प्रचण्डको वैचारिक विचलन र बाबुरामले विचलित हुन तयार पारेको वातावरणका कारण विजयको सँघारमा पुगेको जनयुद्धको अन्त्य हुन पुगेको थियो। अहिले फेरि त्यही जनयुद्धको स्पिरिट पछ्याएर नेपालमा पुनः नयाँ क्रान्तिले आकार लिएको छ, नयाँ कार्यदिशा एकीकृत जनक्रान्तिको आविष्कार र विकास गरेर। यो परिघटना नेपालका लागि मात्र नयाँ नभएर विश्व कम्युनिस्ट आन्दोलनको लागि नै सिक्नयोग्य छ।

सन्दर्भसामग्री


१-राजनीतिक प्रतिवेदन, २०४८ मङ्सिरमा सम्पन्न एकता/एकता राष्ट्रिय महाधिवेशनमा पार्टी महामन्त्री क. प्रचण्डद्वारा प्रस्तुत भै पारित प्रतिवेदन

२–जनयुद्धको पहिलो योजना

३–ऐ ऐ

४–अ वर्ल्ड टु विन अङ्क २९, २००२

५–विशेष परिपत्र, २०५३ कात्तिक ९

६–दोस्रो राष्ट्रिय सम्मेलनको दस्ताबेज

७–राजनीतिक एवम् सङ्गठनात्मक प्रस्ताव, चुनबाङ बैठक–२०६२

८–ऐ ऐ

# हामी सफल हुन्छौं, सहिदको सपना साकार पार्छौं

***प्रश्न : जनयुद्ध सुरु भएको २४ वर्ष लाग्दैछ । जनयुद्ध सुरु गर्दैगर्दा यहाँहरूले लिएका प्रतिबद्धताका बारेमा केही बताइदिनुहुन्छ कि ?***

उत्तर : यो एकदम महत्वपूर्ण विषय हो । आज हामी जस्तो परिस्थितिमा उभिएका छौँ यहाँबाट विगत १० वर्षको जनयुद्धलाई समीक्षा गर्दा र यसका केही विषयहरू हामी सबैले देख्ने, अनुभव गर्ने र बुझ्ने गरी अगाडि छन् । पहिलो कुरा महान् जनयुद्ध राजनीतिको एउटा क्रमभङ्ग थियो । नयाँ सुरुआत थियो । एउटा थालनी थियो । त्यसको सार भनेको नेपालमा कायम रहेको सामन्ती सत्ता नोकरशाही तथा दलाल पुँजीवादी सत्तालाई आमूल परिवर्तन र नेपाली जनताको सत्ता नौलो जनवाद हुँदै वैज्ञानिक समाजवादतिर देशलाई लैजाने एउटा सुरुआत थियो । दोस्रो कुरा एउटा एकदम स्मरणीय अन्तर्राष्ट्रिय घटना के छ भने सोभियत सङ्घले धक्का खाएको समय थियो । पेरूको जनयुद्धमा कमरेड गोन्जालोको गिरफ्तारीपछि एउटा सङ्कट पैदा भएको थियो र विश्वभरि समाजवादी आन्दोलनमा एउटा अलि उतारको समय सुरु देखिन्थ्यो । अलि अँध्यारो छाएको जस्तो, वादल लागेको जस्तो देखिन्थ्यो । त्यही समयमा नेपालका श्रमिक जनताहरूको विद्रोहको प्रतिनिधित्व गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले जनविद्रोह सुरु गर्‍यो । त्यसले एउटा सफलता प्राप्त गर्दै जाँदाखेरि नेपालमा त जनताले जित्छन् भन्ने साबित गर्‍यो । त्यति मात्रै होइन, सही विचार, सही कार्यदिशा, सही योजना र नेतृत्व रहँदाखेरि जुनसुकै परिस्थितिमा पनि सामन्तवाद पुँजीवादलाई पल्टाउन सक्ने जनताको सामर्थ्य छ भन्ने साबित गरेको छ । तेस्रो कुरा दस वर्षमा आइपुग्दाखेरि नेपालको इतिहासमा अभूतपूर्व परिणामहरू प्राप्त भए । जनताले पहिलोपटक आफ्नो सत्ता बनाए । सत्ता सामान्य औपचारिक मात्र होइन, व्यावहारिक र कामकाजी सत्ता बनाए । उनीहरूले सत्ताभित्र आफ्नो न्याय बनाए, न्यायप्रणाली खडा गरे । उनीहरूले सुरक्षाका लागि एउटा विशाल जनमुक्ति सेना निर्माण गरे । मिलिसिया निर्माण गरे । त्यसपछि गएर प्रशासन खडा गरे । विभिन्न खालका राज्य र अङ्गहरू निर्माण गरे, प्रशासनिक निकायहरू निर्माण गरे, वित्तिय संस्थाहरू निर्माण गरे, उद्योगहरू निर्माण गरे । शिक्षा र स्वास्थ्यका क्षेत्रमा नयाँ सुरुआतहरू गरे । यस्ता खालका अभूतपूर्व परिणामहरू दस वर्षमा प्राप्त भए र ती परिणामहरूले के साबित गर्‍यो भने जनता नै इतिहासको निर्माता हो र कम्युनिस्ट पार्टीले सही नेतृत्व दिन सक्दाखेरी जनताले रातारात एउटा कायापलट, एउटा ठूलो परिवर्तनलाई हेरफेर गर्न सक्छन् भन्ने प्रमाणित गर्‍यो । यसरी हामी हेर्न सक्छौं ।

दस वर्षपछि नेपालमा शान्तिप्रक्रिया अगाडि आयो । वार्ताप्रक्रिया अगाडि आयो । त्यो नेपाली राजनीतिको अर्को एउटा अँध्यारो कालखण्ड हो र त्यसमा जनयुद्धको गौरवपूर्ण नेतृत्व गरेको नेतृत्व नै उल्टो दिशातिर फर्कौं या जोसँग लडाइँ सुरु गरिएको थियो त्यो र जसलाई पराजित गर्दै अगाडि बढिएको थियो । त्यसकै सामु त्यही वर्ग, त्यही सत्ता अथवा दलाल पुँजीवादी वर्गको अगाडि आत्मसमर्पण गर्दै फेरि पुँजीवादतिर फर्के र नेपाली जनताले रगतको मूल्यद्वारा स्थापित गरेका उपलब्धिहरू जनताको हातबाट उल्टाइदिए । सत्ताहरू गुमे । सेना गुमे । अदालतहरू गुमे । प्रशासन गुमे । फेरि जनताचाहिँ दलाल पुँजीपति वर्गकै उत्पीडनभित्र बन्द हुनुपर्ने स्थिति आयो । यसरी एउटा कालो खण्ड अगाडि आयो । त्यसलाई त्यो कसरी जान्छ भन्ने ठूलो बहस नेपाली जनतामा थियो । सायद पुँजीवादीहरूलाई, साम्राज्यवादीहरूलाई, उत्तरसाम्राज्यवादीहरूलाई र यहाँका सामन्तवादीहरूलाई अब नेपालको क्रान्ति सिद्धियो भन्ने परेको थियो । पार्टीभित्र एउटा ठूलो बहस थियो र धेरै मान्छेहरूलाई के थियो भने क्रान्ति यहाँसम्म भयो । अब सिद्धियो भन्ने परिरहेको थियो । तर श्रमिक जनताको प्रतिनिधित्व गरेको हाम्रो टिम, हाम्रो पङ्क्तिले एउटा आत्मसमर्पणवादका विरुद्धमा, विसर्जनवादका विरुद्धमा र संशोधनवादको विरुद्धमा पुनः एउटा क्रान्तिको झन्डा खडा गर्‍यौं । त्यो झन्डा सामान्य नभएर विश्वभरिका श्रमिक जनताका बारेमा देख्ने खालको झन्डा खडा गरेर आज हामी यहाँ आइपुगेका छौं । फेरी एउटा नयाँ उज्यालो अभ्यास सुरु भएको छ । हामी यहाँ आइपुगेका छौं र अहिले फेरी दलाल पुँजीपति वर्ग र नेपाली जनताको बीचमा नयाँ सङ्घर्षका किरणहरू अथवा सङ्घर्षका प्रक्रियाहरू अगाडि आएका छन् । यो त हामी सबैले देखेका छौं ।

***प्रश्न : मूलत: त्यो बेला जनयुद्धको मुख्य नेतृत्व गरेका भनेर चिनिने प्रचण्ड, बाबुराम र बादलहरू हुन् । जनयुद्धको नेतृत्व गरेका उनीहरूमा एकाएक त्यत्रो विचलन आयो । बाबुरामले मार्क्सवाद नै छोड्नुभयो । प्रचण्डजी पनि हिजो आफूले प्रतिक्रियावाद उन्मुख भनेको एमालेसँग पार्टी एकता गरेर अध्यक्ष भएर बस्नुभएको छ । एकाएक किन यस्तो भएको होला ?***

उत्तर : उन्मुख होइन, एमाले त प्रतिक्रियावादी भनेर घोषणा गरेको शक्ति भयो । त्यो मात्र होइन, उहाँहरू त काङ्ग्रेससँग चुनावी तालमेलमा जानुभयो । काङ्ग्रेससँग नि सरकारमा पुग्नुभयो । त्यसपछि अन्तर्राष्ट्रिय क्षेत्रमा जसलाई उहाँहरूले दुस्मन भन्नुहुन्थ्यो नेपाली जनताको सम्पूर्ण रूपमा उनीहरूको चाकरी र आत्मसमर्पणमा जानुभयो । यसको पछाडि हामी के देख्छौं भने यसलाई पनि कनै व्यक्तिविशेषको एउटा नियतिमा नभएर एउटा ऐतिहासिक घटनाक्रमसँग हेर्नुपर्छ । अथवा नेपाली समाजको अर्थसम्बन्ध र राजनीतिक सम्बन्धकै बीचबाट हामीले हेर्नुपर्छ । त्यसमा हाम्रो निष्कर्ष के छ भने प्रचण्डजी जतिवेला युवा अवस्थामा हुनुहुन्थ्यो र नेपाली समाजमा अन्तरविरोध एकदमै धेरै पाकेका थिए, त्यतिबेला उहाँले एउटा सम्भावना देख्नुभयो । क्रान्तिको सम्भावना, विद्रोहको सम्भावना देख्नुभयो र गर्नुभयो त्यो सकारात्मक पक्ष छ । तर हाम्रो समाज एउटा ठूलो सङ्क्रमणमा छ । पुँजीवादमा पनि युगै पुगे छैन । सामन्तवादबाट अलिकति अगाडि बढेको स्थिति, त्यतिबेला त अझ अर्धसामन्ती अवस्थामा थियो । त्यस्तो सङ्क्रमणकालीन राजनीतिक अर्थसम्बन्ध रहेको देशमा अथवा अर्धसामन्ती अवस्था रहेको देशमा नेताहरूका दृष्टिकोणहरू, सोचाइहरू र विचारहरू पनि सङ्क्रमणमै रहेका रहेछन् भन्ने पनि अहिले प्रमाणित भयो । त्यहाँ सर्वहारावर्गीय दृष्टिकोणको दुहाइ दिए पनि वा सर्वहारावर्गीय विचारको वकालत गरे पनि कम्युनिस्ट क्रान्तिकारीको एउटा प्रतिनिधित्व हुँ भनेर दाबी गरे पनि त्यहाँ सम्पूर्ण रूपले कम्युनिस्टका रूपमा रूपान्तरण भइसकेको स्थिति थिएन भन्ने यसले प्रमाणित गर्छ । उहाँभित्र एउटा द्वैत थियो । एउटा कम्युनिस्ट दृष्टिकोण पनि थियो । उहाँहरूभित्र एउटा निम्नपुँजीवादी अवसरवाद पनि थियो । निम्नपुँजीवादी अवसरवादको एउटा विशेषता के हुन्छ भने परि स्थितिलाई चिर्न सकेन भने उल्टो धारातिर फर्केर विसर्जनतिर पुग्छ । त्यो प्रवृत्तिलाई हामीले विश्लेषण गरेर हेर्‍यौं भने प्रचण्डजी-बाबुरामजीहरूमा विचारमा पनि, सोचाइमा पनि र जीवनमा पनि सर्वहारा वर्गीय दृष्टिकोणको समग्र निर्माण भएको थिएन भन्ने कुरा साबित हुन्छ । जसले गर्दाखेरि जनयुद्धको अवधि जहाँ तपाईं जनताको बीचमा बस्नुभयो । धेरथोर जनताले लडे, कार्यकर्ताले लडे, बलिदान गरे । ठूलो त्याग भयो । त्यसको बीचमा रहँदाखेरि त मोटामोटी उहाँहरू सर्वहारा वर्गको कित्ताभित्र रहनुभयो । कम्युनिस्टभित्र रहनुभयो । जब उहाँ विभिन्नखालका विजातीय वर्गहरूसँग अथवा दलाल वर्गहरूसँग, पुँजीपति वर्गहरूसँग, अन्तर्राष्ट्रिय क्षेत्रका एकदम खप्पिस खेलाडी साम्राज्यवादी वर्गसँग उहाँहरू जोडिनुभयो । घुलमिल हुन जानुभयो । त्यतिबेला उहाँहरूभित्र बाँकी रहेको जो पश्चगामी प्रवृत्ति, निम्नपुँजीवादी प्रवृत्ति त्यसले उहाँहरूलाई खेद्‍यो अथवा खायो । उहाँहरू फर्किनुभयो । अन्ततः उहाँहरू सर्वहारा कित्ताबाट आफूलाई अर्को दिशामा बदल्नुभयो । उहाँहरू एउटा संसदीय राजनीतिमै फर्किनुभयो । अहिले उहाँहरू हाम्रो विश्लेषणमा के छ भने दलाल पुँजीपति वर्गको प्रतिनिधिका रूपमा बसिरहनुभएको छ उहाँहरू । त्यहाँ पुग्नुभयो । यसरी हेर्नुपर्छ घटनाक्रमहरूलाई ।

अब अर्को यसलाई कसरी पनि हेर्नुपर्छ भने हामीले जनयुद्धमा जुन सैन्य रणनीति र कार्यनीतिहरूको विकास गर्दै आयौं त्यसमा उहाँहरूले जित्न सकिन्छ भन्ने पर्दै गएको भएचाहिँ उहाँहरू सायद सर्वहारा वर्गको कित्तामा अगाडि जाने सम्भावना पनि हुन्थ्यो तर खारा घटनाको पराजय, केही उहाँहरूको निजी जीवनमा भएका सुरक्षाका घटनाहरू, असुरक्षाका घटनाहरू, यस्ता घेराबन्दीबाट उहाँहरू कहाँ पुग्नुभयो भने लडेर सकिँदैन वा उहाँहरू आफैँले बलिदान गर्ने तहमा आफूलाई तयार गर्नुभएको थिएन । अरू कार्यकर्ता, जनताको बलिदानको तहमा विजयसम्म त उहाँहरूले भावनात्मक कुरा गरेर आउनुभयो तर जब आफैँले शरीरको चुनौती मोल्नुपर्ने वा भौतिक ढङ्गले बलिदान गर्नुपर्नेजस्तो परिस्थिति खडा भयो । त्यसपछि उहाँहरू एउटा आत्मसमर्पणतिर फर्किनुभयो । उहाँहरूले निष्कर्ष के निकाल्नुभयो भने लडेर जित्न सकिन्न । जित्न सकिन्न भन्नाको मतलब उहाँहरूलाई छिटोछिटो सत्ताको स्वाद चाहिएको थियो । सत्ताको रस चाहिएको थियो । त्यो रसबाट वञ्चित भइन्छ भन्ने कुरा गरेपछि उहाँहरू फर्किनुभयो । यी दुईटा कारणले हामी हेर्छौं : एउटा अर्थराजनीतिक सम्बन्धबाट, अर्को सैनिक दृष्टिकोणबाट ।

***प्रश्न : अब अहिलेको राजनीतिका बारेमा कुरा गरौं । अहिले केपी ओली नेतृत्वको सरकार बनेको एक वर्ष हुँदैछ । यसलाई कसरी हेरिराख्नुभएको छ ?***

उत्तर : यसका दुईटा पाटा छन् । ऐतिहासिक शृङ्खलाबाट हेर्‍यौं भने यो सामन्ती, नोकरशाही, दलाल पुँजीपति वर्गको सत्ताकै निरन्तरता हो । त्यसकारण यो सत्ताभित्र जनताले निरन्तर सङ्कट भोग्नुपर्ने, समस्या झेल्नुपर्ने, उत्पीडन खेप्नुपर्ने, अत्याचार भोग्नुपर्ने र विदेशी हस्तक्षेप खेप्नुपर्ने हुन्छ । यो एउटा पाटो हो । ऐतिहासिक दृष्टिले हेर्ने हो भने नेपालमा सत्ता परिवर्तन भएको छैन । दलाल पुँजीपति वर्गकै सत्ता भएको स्थितिमा जनताले त्यहाँभित्रबाट नयाँ जीवन पाउने कुरा सम्भव हुँदैन । अब दोस्रो कुरा, फेरि यहाँ त केपीजी-प्रचण्डजीले कम्युनिस्टका नाममा सरकारमा गएर समाजवाद ल्याउँछु भन्नेजस्तो गर्नुभएको छ । हामी कम्युनिस्ट नै हौं । अब सरकारमा जान्छौं, बहुमत दिनुस् । त्यसपछि गएर जनताको सुख र समृद्धि ल्याउँछौं भनेर नारै दिनुभयो सुखी नेपाली समृद्ध नेपालको । यो कुरा नितान्त छलकपटपूर्ण र फट्याइँ थियो । त्यो 'पोलिटिकल ट्र्याक्टिस' को हिसाबले, राजनीतिक कार्यनीतिका हिसाबले जनतामा दिने नारा, लोकप्रियताका निम्ति र एकछिन आँखा छल्नका लागि त त्यो भन्ने नारा भयो । ठिकै हो तर वास्तविक र व्यावहारिक जीवनमा चाहिँ त्यो परिणत हुने नारा होइन । उहाँहरूले त्यो सक्ने पनि होइन । किनकि केपीजी र प्रचण्डजी दुवैजना क्रान्तिको बाटोबाट विचलित भएको, भागेको, पछाडि हटेको पात्र हो । केपीजी झापा विद्रोहको बन्दुक फालेर आत्मसमर्पण गर्न जानुभयो । प्रचण्डजी त झन् अब महान् जनयुद्धका सम्पूर्ण उपलब्धिहरूलाई खरानी पारेर त्यहाँ पुग्नुभयो । जहाँबाट सुखी नेपाली समृद्ध नेपाल बन्ने हो त्यही बाटो छोडेपछि उहाँले यतापटिबाट संसदीय व्यवस्था र दलाल पुँजीवादी सत्ताको सरकारमा पुगेर सुखी नेपाली समृद्ध नेपाल भनेर भन्ने जो कुरा गर्न खोज्नुभयो त्यो एकदम भ्रामक र गलत कुरा छ । हुने कुरा छैन । त्यो गलत कुरा हो । एउटा भ्रामक कुरा हो । असत्य कुरा हो । झूठो कुरा हो त्यो । त्यसैले उहाँ फेल खानुभयो । यो ११-१२ महिनामा के देखियो भने उहाँहरू पूरै असफल हुनुभयो । फेल खाने भन्नाले जनताको आँखामा फेल खानुभयो । हाम्रो त निष्कर्ष नै यही थियो त । हामी त पहिल्यै प्रचण्डसँग विद्रोह गरेर आयौं । आउनुको कारण के छ भने यो व्यवस्था, यो प्रणाली, यो बहुदलीय संसदीय व्यवस्था, पुँजीवादबाट यो परिवर्तन सम्भवै छैन । जनतालाई सुख दिने वा नयाँ भविष्य दिने यव नेपाललाई स्वाधीन बनाउने भन्ने सम्भव छैन भनेर त हामीले पहिल्यै भनिसकेका थियौं । उनीहरूको पाटोमा हेर्दा त्यतिबेला सहकार्य गरेका नेताहरू सम्पूर्ण सुखसुविधा त्यागेर एउटा क्रान्तिको बाटोमा अगाडि हिँड्यौं । त्यही भनेर फर्‍यौं । हाम्रो निष्कर्ष के थियो भने हामीले जे भन्यौं, त्यही कुरा साबित भयो । जनताले बुझ्छन् यो कुरा । यो हुने कुरा पनि थिएन भन्ने नै साबित हुन्छ ।

***प्रश्न : जनताले पाउनुपर्ने पाएनन् सत्ताका कारणले । राजनीतिक रूपमा पनि दिनप्रतिदिन विभिन्न परिघटनाहरू भएका छन् । अन्तर र्ष्ट्रिय परिवेश र नेपाललाई हेर्ने दृष्टिकोण पनि दिनदिनैजसो फेरिइरहेको छ । यसलाई कसरी हेर्नुभएको छ ।***

उत्तर : यो एकदम ठीक भन्नुभयो । यो कुरा हो । अब यसमा पनि म दुईटा कुरा देख्छु । एउटाचाहिँ नेपालको आन्तरिक राजनीतिक उतारचढावहरू अथवा घटनाक्रमहरू एउटा नेपालको भूराजनीतिक अवस्थाको कारणले अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरिरहेका उतारचढावहरू यी दुईटा पाटोहरू छन् । यसमा नेपालको आन्तरिक राजनीतिक घटाक्रमहरू हेर्नुभयो भने यो दलाल पुँजीवाद भनेको आफैँमा एउटा सङ्कटग्रस्त राज्यप्रणाली हो । नेपालमा थप के छ भने त्यसको कट्टर प्रतिनिधिहरू सरकारभन्दा बाहिर छन् । जे भने पनि वामपन्थी र कम्युनिस्ट नाम गरेका त्यहाँ पुगेका छन् । त्यो पनि एकदमै कट्टर दलाल पुँजीपति वर्गलाई मन परेको छैन, पच्दैन । अनि सँगसँगै फेरि साम्राज्यवादीहरू उत्तरसाम्राज्यवादीहरूलाई पनि त्यो मन पर्दैन । त्यसो भएपछि यो त सङ्कटग्रष्ट हुनु नै थियो । सङ्कट त यो दलाल पुँजीपति वर्गको चरित्र नै हो । यो त जहिले पनि भइरहेको हुन्छ । तेले सङ्कटलाई टार्नकोलागि अनेकौं खेलहरू खेल्छ । चुनावका नाटकहरू रच्छ, एउटा पार्टीले जितेको अर्को पार्टीले हारेको नाटकहरू मञ्चन गरिन्छन् । अर्को नयाँ पार्टीहरू बनाइन्छन्, नाराहरू उठाइन्छन्, धर्महरूको कार्ड फालिन्छ यी विविध कुराहरू हुन्छन् । ती भनेको सङ्कटलाई जनताको आँखाबाट छल्नका लागि गरिएका नाटकीय खेलहरू मात्रै हुन् । अहिले जो चलिरहेको छ, यसमा त सङ्कट छ । सङ्कटपछि के होला त ? भन्ने कुराचाहिँ सबभन्दा महत्वपूर्ण कुरा हो । यसमा तीनवटा सम्भावना छन् : एउटा अहिले केपीजी-प्रचण्डजीहरू र नेपाली जनताहरूबीच सङ्घर्ष हुने र त्यो सङ्घर्षमा कि त केपीजी-प्रचण्डजीहरूले एउटा सामाजिक फासिवाद लाद्ने वा उहाँहरूलाई जनताहरूले ध्वंस गर्ने । उनीहरूलाई जनताले ध्वंस गर्ने अनि वैज्ञानिक समाजवादमा देश जाने एउटा यो हो । अर्को सम्भावना के छ भने यी नामधारी कम्युनिस्टहरू अथवा हामीले भनेको सामाजिक दलाल पुँजीपतिहरूको केपीजी प्रचण्डजीहरूको पराजय भयो भने अर्को आउने के हो भने कुनै न कुनै रूपले यहाँचाहिँ एउटा पुँजीवादी फासिवाद वा दलाल पुँजीवादी फासिवाद आउने सम्भावना छ । त्यसको खतरा पनि यहाँ छ । हैन सङ्कटलाई कसले हल गर्ने भन्ने कुरा यहाँ छ । अब तेस्रो कुरा के छ भने यो सङ्कटलाई सर्वहारा वर्गले, कम्युनिस्ट पार्टीको नेतृत्वले जनतासँग मिलेर परास्त गर्ने र नेपाललाई वैज्ञानिक समाजवादमा लाने । यी तीनवटा सम्भावना हुन् नेपालमा अहिले देखिने । यी तीनमध्येमा सबै कुराहरू अगाडि छन् तर सबै मतलब नेपाली जनताको परिवर्तनकारी प्रवृत्ति छ । आफ्नो जीवनमा चाहिँ नयाँ रूपान्तरण खोज्ने चाहना । त्यसपछि लगातार ऐतिहासिक रूपमा नेपाली जनताले साथ दिँदै आएका प्रवृतिहरू अनि अहिले नेपालमा भइरहेका घटनाक्रमहरू सबैलाई जोडेर हेर्दा काङ्ग्रेस, केपी र प्रचण्डको उत्तम विकल्प होइन । प्रचण्डजी र केपीजीहरू त असफल हुने कुरा नै भइहाल्यो । हुँदै जाने कुरा हो तर यसको उत्तम विकल्प र समाधान नेपाली काङ्ग्रेस पनि होइन किनकि इतिहासमा सबभन्दा धेरै नेपालको राष्ट्रियतामाथि सौदाबाजी गर्ने राष्ट्रघात गर्ने पार्टी भनेको त काङ्ग्रेस पार्टी नै हो फेरी । भ्रष्टचार निम्त्याउने, उदारीकरण निम्त्याउने र निजीकरण



निम्त्याउँने पनि काङ्ग्रेस नै हो । त्यसकारण काङ्ग्रेस त असफल पार्टी नै हो । त्यसकारण केपी र प्रचण्डको विकल्प काङ्ग्रेस होइन, नेपाली जनताले सायद यो कुरा बुझेका छन् र बुझ्नुपर्छ । त्यसपछि आउँछ सानातिना झिनामसिना पार्टीहरूको कुरा । कसैकसैले राजतन्त्रको कुरा गर्छन् तर ती पनि के हुन् भने अहिले नेपाली जनताको आकाङ्क्षा र इच्छाभित्र पर्ने विकल्पहरू होइनन् । कम्युनिस्ट पार्टीको नेतृत्वमा जनता, देशभक्त, सच्चा लोकतन्त्रवादीहरू र बुद्धिजीवीहरू, यी शक्तिहरू मिलेर नेपाली समाजलाई एकचोटि संसदीय व्यवस्था, पुरानो सत्ताको संरचनाबाटै परिवर्तन गरेर वैज्ञानिक समाजवादमा लग्ने जो धारा छ यो नै एउटा उत्तम र सम्भावित उज्ज्वल भविष्य बोकेको धारा हो । हामी त्यो देख्छौं । नेपालको यो हो र यसैमा छ । अब अर्को जो अन्तर्राष्ट्रिय परिस्थिति भन्नुभयो, अन्तर्राष्ट्रिय त अब यसै पनि अहिले विश्व पुँजीवादी व्यवस्थाका रूपमा आउन खोज्दैछ । हामी सबैले देखेकै कुरा भइहाल्यो । एउटा भूमण्डलीकृत अवस्थामा आउँदैछ । त्यसैले पनि सबै देशहरूमा हस्तक्षेप त चलिराखेकै छ । तर नेपाल जस्तो खालको भूअवस्थितिमा छ । उता चीन छ । जेसुकै भए पनि चीनमा कम्युनिस्ट सरकार छ । समाजवाद भन्ने चलिरहेकै छ । त्यसलाई अमेरिकाले रुचाउने कुरा भएन । अब तिब्बती दलाई लामाहरू निर्वासित छन् । उनीहरूको चलखेल प्रसस्तै भइराखेकै छ । चीनलाई घेर्ने रणनीतिमा अमेरिकाले हेरिराखेकै भइहाल्यो । यहाँ एसियामा अउँदा भारत र चीन दुवै शक्तिका रूपमा उदय भइराखेका देशहरू हुन् । तिनको बीचको अन्तरविरोध पनि छ । यी विभिन्न कारणले गर्दाखेरि नेपालको राजनीतिमा र नेपालको सत्तामा अन्तर्राष्ट्रिय चासो, उपस्थिति, अतिक्रमण र हस्तक्षेप हुने कुरा चलिराखेकै कुरा छ । अहिले यो बढेको छ ।

***प्रश्न : विश्वको कुनै पनि देश सङ्कटबाट बाहिर छैनन् । स्वयम् अमेरिकामा पनि सबैभन्दा ठूलो सङ्कट छ । सङ्कट हुनेबित्तिक्कै त क्रान्ति हुँदोरहेनछ । यता नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्ति गर्ने र समाजवाद ल्याउने भनेको छ । यसका आधारहरू केके छन् ?***

उत्तर : हामीले यसलाई विभिन्न कोणबाट हेर्न सकिन्छ । पहिलो आधार भनेको नेपाली जनताले एउटा स्वतन्त्र, मुक्त, अधिकारसम्पन्न र स्वाधीन जीवन खोज्दै आइराखेका छन् । काङ्ग्रेसले राणाका विरुद्ध झन्डा उठायो । जनताले राणालाई फाल्न काङ्ग्रेसलाई साथ दिए । त्यसपछि पञ्चायतका विरुद्ध काङ्ग्रेस र कम्युनिस्टलाई जनताले साथ दिए । एउटा समय थियो राणाका विरुद्ध जनताले राजालाई पनि साथ दिए । फेरि समय आयो काङ्ग्रेसको सट्टामा एमालेलाई पनि साथ थिए । एमाले र काङ्ग्रेसको सट्टामा माओवादीलाई पनि साथ थिए । यी सबै घटनाक्रमले के साबित गरेको छ भने जनताले एउटा स्थिर र नयाँ जीवन खोजिरहेका छन् । तर गएगुज्रेको, उत्पीडनमा परेको, दमनमा परेको, हस्तक्षेपमा परेको जीवन होइन, मुक्त, स्वतन्त्र, स्वाधीन जीवन खोजिराखेका छन् । त्यसक्रममा उनीहरूले विभिन्न विकल्पहरूलाई साथ दिँदै छान्दै यहाँसम्म आइपुगेका छन् । तर यो भएको छैन । नभएको कुरालाई पार्टीहरूले विभिन्न ढङ्गले अपव्याख्याहरू गरे । कसैले हाम्रो पार्टी सरकारमा नगएर हो भने । कसैले काङ्ग्रेसले, कसैले एमालेले यी विभिन्न तर्कहरू गरे तर हामीले अघि पनि व्याख्या गर्‍यौं । यसको सार कुरा भनेको राज्यसत्तामा अहिलेसम्म कुनै परिवर्तन हुन सकेन । नहुनुको कारणले यहीं अवरुद्ध भइरहेको छ । त्यसकारण पहिलो आधार के हो भने यो सत्तालाई नै परिवर्तन गर्नुपर्छ है भन्दा नेपाली जनता तयार हुने एउटा परिस्थिति छ । पहिलो आधार यो हो । किनभने उनीहरू नयाँ जीवन चाहन्छन् । दोस्रो आधार के हो भने जनताले चाहेर मात्रै त हुँदैन, त्यसलाई नेतृत्व दिने दृष्टिकोण चाहिन्छ । संस्था चाहिन्छ र पार्टी चाहिन्छ । त्यस हिसाबले नेपालमा यसको पनि अहिले अभाव छैन । पहिले एकचोटि एकदम प्रचण्ड-बाबुरामहरू संसदीय व्यवस्थामा फर्किसकेपछि त सबै मान्छेलाई एउटा बडो ठूलो भ्रमजस्तो पनि भयो । अथवा एकदमै अविश्वास, आशङ्का र निराशाजस्तो पनि छाउन खोज्यो । तर तपाईंहामीले जुन सङ्घर्ष गर्‍यौं । नेपाल कम्युनिस्ट पार्टीले जसरी सङ्घर्ष छेर्‍यो । चाहे पार्टीभित्र प्रचण्ड-बाबुरामहरूको विचलनका विरुद्ध होस्, चाहे बाहिर काङ्ग्रेस र अरू शक्तिहरूले माओवादी आन्दोलनलाई सिध्याउनका लागि खेलेको खेलका विरुद्ध हामीले विद्रोह गर्‍यौं । विद्रोह गर्दा यो पार्टी बन्ला र ? भन्ने पनि मान्छेहरूलाई प्रश्न थियो । कैयौंले आरोप पनि लगाए । केही मान्छेहरूको इच्छाले गर्दा, महत्वाकाङ्क्षाले गर्दा, पद नपाएर, सुविधा नपाएर भन्नेजस्ता तर्क, एकदमै पूर्वाग्रहपूर्ण, सङ्कीर्ण, दुराशयपूर्ण खालका तर्क पनि आए तर त्यो कुरा थिएन । हामीले नितान्त नेपाली जनताकै हितका निम्ति यी सबै कदमहरू चालेका थियौं । पार्टीबाट विद्रोह गर्ने पनि, बाहिर सत्तासँग विद्रोह गर्ने पनि हामीले जनताकै हित र देशकै हितका लागि गरेका थियौं । त्यो कुरा अब साबित भएको छ । अब पछिल्लो समय हेर्नुभयो भने हामीले चुनाव खारेज गर्दाखेरि पनि भयङ्कर ठूलो लडाइँ पर्‍यो । दमन पनि भयो । नेपाली जनताले अलिकति हेरे । पछिल्लो समयमा एघारबाह्र महिनाको केपी-प्रचण्डहरूको यो असफलतापछि जनतालाई के कुरा विश्वास भएको छ भने एकचोटि सत्ता परिवर्तन गर्ने नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गर्छ भने हेर्नुपर्छ, साथ दिनुपर्छ । त्यो कम्तीमा एउटा आशा गर्ने ठाउँ कम्युनिस्ट पार्टीले बनाएको छ । त्यसकारण नेतृत्व गर्ने पार्टी पनि यहाँ छ । यो दोस्रो आधार हो ।

तेस्रो, हामीले के भनेका छौं भने एउटा विचारको कुरा गरेका छौं । विचारमा विगतमा जनयुद्धसम्म जो व्याख्याहरू चले, कसले समाजलाई बदल्ने हो त भने लेनिनको समयसम्म मजदुरहरूले परिवर्तनको नेतृत्व गर्नुपर्छ भन्ने थियो । नेपालमा जनयुद्ध लड्दाखेरि किसानलाई आधार बनाएर परिवर्तन गर्नुपर्छ भन्ने थियो । तर हामीले सबै अध्ययन गरिसकेपछि के देख्यौं भने ती दुईटै कुरा आजको नेपालको सन्दर्भमा ठ्याक्कै मेल खाँदैनन् । श्रमिक वर्ग जसलाई हामीले सबभन्दा बढी ध्यान दिन्छौं, मजदुर-किसानहरू जो हामीलाई बढी उनकै मुक्तिका लागि अथवा अधिकारका लागि भन्नुस् वा त्यही शक्तिमा भर परेर जो परिवर्तनको कुरा गर्छौं पछिल्लो २१ औं शताब्दीमा आइपुग्दाखेरि हाम्रो तर्क के छ भने श्रमिक वर्गको विस्तार भएको छ । अब मजदुर र किसानमा मात्रै श्रमिक वर्ग छैन, श्रमिक वर्गको दायराको परिधि फराकिलो भएर कहाँ पुगेको छ भने शिक्षित श्रमिक वर्ग जसलाई हामीले नयाँ श्रमिक वर्ग पनि भनेका छौं, त्यहाँसम्म पुगेको छ । अब निरक्षर मान्छेहरू छैनन् । एकदम कम हुँदै गइरहेको छ । युनिभर्सिटी र कलेजको आधारबाट उत्पादन भएको ठूलो जनशक्ति बेरोजगार छ । त्यो रोजगारीमै गए पनि मजदुरकै रूपमा छ । मार्क्सले भनेजस्तो डाक्टर, इन्जिनियर, वकिल र वैज्ञानिकहरूलाई पनि पुँजीवादले त मजदुर बनायो । अहिलेको मार्क्सको भन्दा २ सय वर्षयता आउँदा अहिले त सबै क्षेत्रमा प्रतिष्ठित क्षेत्रलाई पनि एउटा नितान्त मजदुरका रूपमा चाहिँ उत्पीडन गर्ने वर्गका रूपमा प्रयोग गरिराखेका छन् भने हाम्रो भनाइ के छ भने अबको क्रान्तिमा कलेज र युनिभर्सिटी धारबाट विकास भएको श्रमिक शक्तिहरू शिक्षित श्रमिक शक्तिलाई पनि जोड्नुपर्छ । जो जोडिन्छ, जसलाई जोड्न सम्भव छ । त्यसैले हामीले भन्यौं यो नयाँ श्रमशक्ति यसो हेर्दा मध्यम वर्गजस्तो पनि देखिन्छ । योसहितलाई जोडियो भने नेपालको क्रान्ति नयाँ उचाइमा

*बाँकी पृष्ठ ४ मा*

## हामी सफल ...

उठ्छ । नयाँ तरिकाले हुन्छ । मजदुरबाट मात्र गर्ने पुरानो तरिका, किसानबाट मात्रै गर्ने जनयुद्धको तरिकाले अहिले पूर्णता हुँदैन । त्यसका निम्ति हामीले के भन्यौँ भने किसान, मजदुर र शिक्षित श्रमिक वर्ग यहाँसम्म जोडियो र यसमा अरू बुद्धिजीवी, देशभक्त, लोकतन्त्रवादीहरूलाई जोडियो भने देशलाई परिवर्तन गर्न सकिन्छ । उनीहरू आउँछन् भन्ने हाम्रो तेस्रो आधार यो हो । चौथो आधार के हो भने क्रान्तिलाई चाहिने सम्पूर्ण शक्ति हुन्छन् नि त्यसको निर्माण गर्ने कुरा हो । पार्टी मात्रै वा तर्क मात्रै वा विचारको कुरा मात्रै गरेर भएन । भौतिक रूपले एउटा सुदृढ र सक्षम शक्ति निर्माण गर्न सकिन्छ कि सकिन्न । गर्न सकियो कि सकिएन भन्दाखेरि कम्युनिस्ट पार्टीले आधार भूत रूपले त्यो तयारी गरेको छ । त्यतातिर नेतृत्व गर्दैछ । त्यसकारण हामी हाम्रो देशलाई परिवर्तन गर्न सक्छौँ । एकीकृत जनक्रान्ति यो शताब्दीको एउटा नयाँ विचारका रूपमा विकास हुनसक्छ किनकि यसले एउटा नयाँ ब्याख्यासहित उएटाचाहिँ समाजवादमा लान खोजेको छ । समाजवाद पहिले मजदुरको मात्रै, किसानको मात्रै तेसो होइन, समाजवाद भनेको त चेतना र श्रमको अभिब्यक्ति हो । चेतना र श्रम मिलेर प्राप्त हुने एउटा व्यवस्था हो । सभ्य समाज हो नि त । त्यसकारण एउटा श्रमबाट मात्रै व्याख्या गर्नु हुँदैन । चेतनाबाट मात्रै होइन, चेतना र श्रमलाई एक ठाउँमा ल्याउँदा वास्तविक एउटा वैज्ञानिक समाजवाद बन्छ भन्ने भएपछि एउटा यो बन्न सक्छ, यसले ल्याउँछ भन्ने हाम्रो विश्वास हो ।

**▸▸ *प्रश्न : पूर्वजनमुक्ति सेना र बहिर्गमित जनमुक्ति सेनालाई माया गरेजस्तै गरेर साम्राज्यवादीहरूले केही कार्डहरू फोलेको विरुद्धमा एकजना जिम्मेवार कमरेडको वक्तव्यमा जनमुक्ति सेना लड्न आउँदैछ है भन्ने आएको थियो । पार्टीले जनमुक्ति सेना नै बनाइसकेको हो कि ? ठाउँठाउँमा विभिन्न घटनाहरू भइरहेका छन् । खासमा के हो ?***

उत्तर : हैन, यो विषय एकदम संवेदनशील विषय पनि हो, महत्वपूर्ण विषय पनि हो र क्रान्तिका लागि अनिवार्य विषय पनि भयो । हामीले एकदमै भयङ्कर शक्ति सुदृढ गरिसक्यौँ, भइसक्यो भन्नेतिर त म नजाऊँ तर के कुरा साँचो हो भने अहिले पछिल्लो समयमा जुन घटनाहरू देखिएका छन् यसलाई हामीले चिर्नैपर्ने छ । एउटा जनमुक्ति सेनालाई पूर्वसँग जोडेर, इतिहासको विषय बनाएर अनि अब क्रान्तिमा आक्रमण गर्नका लागि त्यसलाई प्रयोग गर्ने, क्रान्तिलाई आक्रमण गर्न जो खेल चलिरहेको छ अहिले त्यसलाई हामीले चिर्न जरुरी छ । जनमुक्ति सेना पूर्व होइन, पूर्व त कसले बनाइदियो भने यूएनले बनाइदियो । पूर्व त भारतले बनाइदियो । पूर्व त काङ्ग्रेस र एमालेले बनाइदिए । पूर्व त प्रचण्ड र बाबुरामले बनाए । हाम्रो त लगातार के छ भने जनमुक्ति सेना पूर्व हुने सेना होइन । जनमुक्ति सेना भविष्य बोकेको, भविष्यको जिम्मा लिने सेना हो । त्यसलाई पूर्व भनेर हाल्न खोजेको थियो । त्यतिबेलै हामीले विरोध गर्‍यौँ । त्यतिबेलाको परिस्थितिमा ठूलो बहस पनि चलेको थियो । मैले भनेको पनि थिएँ- सत्ता साझेदारी हुनुपर्‍यो नि त । सेना पनि दुईटा हुन्छ । दुईटै नाम राख्नु पर्‍यो नि । एउटा नेपाली सेना हुन्छ, अर्को जनमुक्ति सेना हुन्छ । के बिग्रिन्छ ? किन हुन सक्दैन त्यो ? सत्तासाझेदारी भनेको त त्यो हो नि । वार्ता भनेको त त्यो हुनुपर्थ्यो नि । एउटा सेनालाई लिएर अर्कोलाई सम्पूर्ण रूपमा समाप्त पारिदिने कुरा, सिध्याइदिने कुरा हुन सक्दैनथ्यो नि । त्यतिबेलै समायोजनका नाममा जनमुक्ति सेनालाई जसरी विसर्जन गरिँदै थियो त्यसै दिन हामीले विरोध गरेका थियौँ । पूर्व हामीले स्वीकार गरेको होइन । पूर्व भन्ने शब्द जो बनाउन खोजेका थिए, त्यो भएन । अहिले पनि जोडतोडले ल्याउन खोजिएको छ । अहिले फेरि मनोवैज्ञानिक रूपमा हमला गर्न खोजिँदैछ भने जनमुक्ति सेना थियो, कुनैबेला त्यो सकियो, त्यो मात्रै होइन । पूर्व जनमुक्ति सेनाको ब्याज खानुपर्छ, खुवाउनुपर्छ भन्ने एउटा फेरि पुँजीवादी साम्राज्यवादीहरूको खेल छ यहाँ । त्यो होइन । नेपालमा त क्रान्ति नै सम्पन्न भएको छैन भने जनमुक्ति सेना पूर्व भनेर, सुविधा खाएर बस्ने कुरा हुन सक्दैन । यहाँ त जनमुक्ति सेना बनाउनु पर्नेछ, लड्नुपर्नेछ, ल्याउनुपर्नेछ नि । त्यसकारण वर्तमान जनमुक्ति सेना बनाउने कुराको महत्व छ भन्ने कुरा हामीले चिर्न खोजेको कुरा यो हो । अब जहाँसम्म बनेको छ कि छैन भन्ने कुरा हो, यो विभिन्न ढङ्गले बाहिर गइसकेको हुनाले ढाँट्नुपर्ने जरुरी छैन । हामी त्यतिबेलै पनि प्रचण्ड-बाबुरामसँग विद्रोह गरेर शिविरबाट जनमुक्ति सेनालाई बाहिर आउनलाई अपिल गर्‍यो । आउनु पनि भो । आएपछि हामीले भन्यौँ- गठन गरौँ । हामीले विभिन्न सुरक्षाका जनस्वयम्सेवक गठन गर्ने कुरा पनि भयो । हामीले एकीकृत जनक्रान्तिमा जनमुक्ति सेना अपरिहार्य हो भन्यौँ । एकीकृत जनक्रान्ति अहिले आफ्नै विशेषतामा अगाडि बढिरहेछ । त्यसभित्र जनमुक्ति सेनाको एउटा अवधारणा र संरचना हामीले बनाएका छौँ, लिएर गएका छौँ र एकदम सुदृढीकरणतिर जाँदैछ । यतिचाहिँ हामीले जनतालाई भन्नुपर्छ किनकि बाहिर भ्रमहरू चलिरहेका छन् । यसलाई चिर्नुपर्नेछ । यस हिसाबले जनमुक्ति सेना, जनताको सेना, क्रान्तिको सेना, समाजवाद ल्याउने सेना बनेको छ । सुदृढीकरणतिर जाँदैछ ।

जो साथीहरू अहिले एनजीओ/आईएनजीओमार्फत हिजो जनमुक्ति सेनालाई विघटन गराउन भूमिका निर्वाह गरेका तत्वहरूले अहिले फेरि माया गरेजसरी जनमुक्ति सेनालाई पूर्व जनमुक्ति सेना भने, त्यसो होइन । तपाईंहरू सबै अब नयाँ क्रान्तिमा भाग लिन आउनुस् । पूर्व भएर, पीडित भएर बस्नु परेन नि त । प्रचण्डले पो मान्छेहरूलाई रुवाउँदै फर्कायो त । कम्युनिस्ट पार्टीले नयाँ जनमुक्ति सेना निर्माण गर्दैछ । यहाँ आएर भाग लिनुपर्‍यो । अब क्रान्तिमा सहभागी बन्न आउनुपर्‍यो । अनि केको पीडा ? क्रान्ति त एउटा निरन्तर जीवनको प्रक्रिया हो नि ! जीवन रहुन्जेलसम्म, समाज रहुन्जेलसम्म, साम्यवाद नआउन्जेलसम्म पुँजीवादका विरुद्ध कम्युनिस्टहरूले क्रान्ति छेडिरहनुपर्‍यो नि । त्यसकारण हामी हिजो थियौँ । दुःख गर्‍यौँ । त्यहाँ हामीलाई अलिकति पैसा देऊ । हामीलाई अलिकति सुविधा देऊ भनेर भिक माग्न, रुनकराउन जरुरत नै छैन । पूरा गौरवका साथ इतिहासमा गरेका योगदानमा गर्व गर्दै नयाँ एउटा इतिहासको निर्माणमा जिम्मेवारीबोधका साथ जुटौँ । यो हाम्रो कुरा हो ।

**▸▸ *प्रश्न : अहिले केही मिडियामा नेपाल कम्युनिस्ट पार्टीभित्र दुई लाइन सङ्घर्ष छ भन्ने आएको छ । एउटाको नेतृत्व प्रकाण्डले गर्नुभएको छ र अर्काको महासचिव आफैँले गर्नुभएको छ भन्नेछ । यथार्थ के हो ?***

उत्तर : यो बडो हाँसोलाग्दो कुरा छ । हास्यास्पद पनि छ । पहिले पनि यस्तो चर्चा हुन्थ्यो है बाबुराम र प्रचण्डको दुई लाइन सङ्घर्ष चल्दाखेरि । यो केही नभएर धुवाँ उड्दैन, आगो नबल्दा धुवाँ उड्दैन भनी बाबुरामले आफ्नै शब्दमा भनेका थिए । अहिले विज्ञानले त पानीमा पनि आगो पार्न थाले भनेर हाँसोमा धुवाँ उडाउन भनेर जस्तो कुरा गर्थे हैन ? त्यो उनको कुरा भो । तर एउटा के हुँदोरहेछ भने एउटा वैज्ञानिक दृष्टिकोण, क्रान्तिकारीहरू विचारलाई, मार्क्सवादी, लेनिनवादी, माओवादी विचारलाई विभिन्न ढङ्गबाट घेराबन्दी हुँदोरैछ । त्यो म आफैँले प्रत्यक्ष महसुस गरेको छु । प्रचण्डजी-बाबुरामजीहरू लड्दाखेरि कसरी घेराबन्दी हुन्छ मान्छेलाई ? निजीभन्दा निजी जीवनदेखि लिएर त्यस्तै परिवार, त्यसपछि समाज, त्यसपछि संस्था, पार्टी अनि विचार चारैतिरबाट कसरी घेराबन्दी हुन्छ र नेताहरूलाई छियाछिया पारेर सिध्याउनका निम्ति खेलहरू खेलिन्छन् भन्ने कुरा प्रत्यक्ष मैले अनुभूति गरेको छु । त्यो लडाइँ त हामीले जित्यौँ । जति घेरा हाले पनि हामीले त्यो घेरा तोड्यौँ र तिनको घेराबाट बाहिर आएर हामीले एउटा विचारको निर्माण गर्‍यौँ । पार्टी निर्माण गर्‍यौँ । त्यसपछि आन्दोलनको निर्माण हामीले गरेका छौँ । यहाँ आइपुगेपछि मान्छेलाई के छ भने विचारमा त घेर्न सकिएन भने विचार त गइराखेकै छ । एकीकृत जनक्रान्तिलाई पनि गिजोल्नका लागि थुप्रै कोसिस भयो । त्यो पनि स्थापित भएर गइसक्यो । कम्युनिस्ट पार्टी हुँदैन, बन्दैन भन्ने थियो । त्यो पनि पार भएर गइसक्यो हैन ? एकीकृत जनक्रान्ति पनि सफल हुँदैन भन्ने थियो । त्यो पनि एक हिसाबले लागू हुँदै गइराखेकै छ । वैज्ञानिक समाजवाद लागू हुँदैन भन्ने थियो, त्यो पनि अहिले ठूलो परीक्षणमा अगाडि बढिरहेको छ अथवा सफल हुँदै गएको छ । यो सबै देखेपछि अब कहाँनिर आक्रमण गर्ने त ? विचारमा, राजनीतिमा गर्न नसक्ने जस्तो चिरा नदेखेपछि अब उनीहरू कहाँ आएका छन् भने फेरि नेता-नेताको कुरा गर्ने । हैन, सङ्गठनको कुरा गर्ने । पार्टीमा घेराबन्दी गर्ने । पार्टीमा तानतुन पार्न खोज्ने । यस्तो कुरा आउँछ । यी त खेलहरूअन्तर्गत चलिरहेका कुरा हुन् । यसमा कुनै सत्यता पनि छैन र हुने कुरा पनि भएन । त्यो हुँदा पनि हुँदैन । मेरो एकदम विश्वास के छ भने त्यो हुँदा पनि हुँदैन र हुने कुरा पनि छैन । हामी त क्रान्ति सम्पन्न गर्ने ठूलो अठोट लिएर हिँडेका छौँ । हामीले यस्ता ठूला हन्डर र ठक्करबाट आफूलाई त्योभित्र पसाएर-पचाएर निस्केका छौँ । ठूला हन्डर ठक्करका बीचबाट गुजारेर निस्केका छौँ । त्यो कुनै सम्भावना छैन । अरूले चाहने कुरा त कुनै सम्भवै छैन । हैन, पार्टीभित्र पनि त्यो सम्भवै छैन । हुँदैन । किनकि हामीले के देखेका छौँ भने हामीले दार्शनिक रूपमा हेर्न खोजेका छौँ नि । विचार एक भयो, दृष्टिकोण एक भयो, क्रान्तिलाई केन्द्रबिन्दुमा राखिन्छ भने त्यसपछि हुने अन्तरविरोधहरू तुच्छ स्वार्थका लागि हुन जान्छन् । त्यसलाई हामी कुनै पनि ठाउँ दिँदैनौँ भनेका छौँ नि । पार्टीमा त्यो हुँदैन । त्यसो हुँदाखेरि एकथरी मान्छेले के भन्छन् भने निषेधवादी हैन, अद्वन्द्ववादी त्यो कुरा होइन ।

हामी एउटा ठूलो परीक्षण गरेर साम्राज्यवादलाई चुनौती दिँदैछौँ । हामीले यहाँ दलाल पुँजीवादलाई चुनौती दिँदैछौँ । त्यसका लागि त यस्तो दृढ इच्छाशक्ति, यस्तो चट्टानी एकता, यस्तो टिमबद्ध परिचालन, यस्तो आक्रमण चाहिन्छ जसले त्यसको सम्पूर्ण छेकबार भत्काइदिन सक्नुपर्छ । हामी त्यस्तो पार्टी र आन्दोलन बनाउँदैछौ भने जुन खालका प्रचारहरू आएका छन् त्यसमा कुनै सत्यता छैन ।

**▸▸ *प्रश्न : पार्टी एकताको कुरा चलिरहेको थियो बीचमा । अहिले खासै त्यसको चर्चा आइराखेको छैन । पार्टी एकता अथवा संयुक्त मोर्चा निर्माण हुने सम्भावना के छ ?***

उत्तर : हामीले लगातार के भनेका छौँ भने क्रान्ति गर्नका लागि एउटा दृष्टिकोण त चाहियो नि । एउटा दृष्टिकोण, विचार, कार्यदिशा, त्यसपछि पार्टी चाहियो । यो आधारभूत कुरा भइहाल्यो । तर त्यति मात्रै भएर पुगिहाल्छ भन्ने कुरा होइन । विभिन्न सामाजिक सम्बन्धहरू, वर्गहरू, समुदायहरू त्यसभित्रका प्रवृत्तिहरू हुन्छन् । अहिले एउटै पार्टीले सबैको प्रतिनिधित्व गरिहाल्छ भन्ने हुँदैन । विभिन्नखालका प्रतिनिधिहरू, संस्थाहरू, व्यक्तित्वहरू, पार्टीहरू हुन्छन् । त्यसलाई हामीले स्वीकार गर्नैपर्छ । त्यसका लागि हामीले के भनेका छौँ भने नम्बर एक विचार मिल्ने, दृष्टिकोण मिल्ने, कार्यदिशा मिल्ने, कार्यक्रमहरू मिल्नेहरू एक भएर जानुपर्छ । एकताबद्ध हुनुपर्छ भन्ने हाम्रो छ र हामी लगातार गर्दै आएका छौँ । यो तपाईंहामी सबैलाई थाहा छँदैछ । त्यो सफलता पनि हामीले हासिल गर्दै आएका छौँ । अहिले भर्खरै पनि विभिन्न व्यक्तित्वहरू पार्टीमा आबद्ध हुने प्रक्रिया चलिराखेकै छ । कैयौँ पूर्वसभासद्हरू आइसक्नुभएको छ । अरू साथीहरूसँग पनि छलफल चलिराखेकै छ । त्यसपछि हिजो सँगै सहकार्य गरेका वरिष्ठ नेताहरूसँग पनि हाम्रो छलफल चलिराखेकै छ । माओवादी आन्दोलनका नेताहरूसँग । भर्खर मात्रै दीर्घजीहरू पनि आउनुभयो, नरबहादुर कार्कीहरू पनि आउनुभयो । विभिन्न ढङ्गले आइराख्नुभएकै छ साथीहरू, कमरेडहरू । यो चलिराखेको छ ।

अर्को संस्थागत ढङ्गले सम्भव भए एकता नै गरौँ भन्ने पहलअन्तर्गत हामीले किरणजीसँग, त्यसपछि गोपाल खम्बुजीसँग, ऋषि कट्टेलजीसँग कुराकानी गरिराखेकै छौ । सम्भव भएसम्म त्यो मिलाऊँ भन्नेमै हामी छौँ । छलफल सकारात्मक ढङ्गले भइराखेका पनि छन् । त्यो चलिराखेको छ । अब अर्को कुरा के छ भने भए एकता नै, नभए केही पनि होइन भन्ने हुँदैन । भए त एकता राम्रै कुरा भइहाल्यो । पार्टी नै एकताबद्ध भएर जाऊँ भन्ने कुरा नै भयो । त्यसमा तत्काल पुग्न सकिँदैन भने कम्तीमा वर्गसङ्घर्ष, राजनीतिक सङ्घर्ष र अहिले भइराखेका दैनिक जनजीवनका सङ्घर्षहरूसँग एकताबद्ध भएर सँगै जाऊँ भन्ने हाम्रो छ । त्यसमा संयुक्त मोर्चा बनाऊँ भन्ने हाम्रो कुरा छ ।

तेस्रो के छ भने अहिले संयुक्त मोर्चा बनाएर लैजाँदाखेरि अलिकति समय लाग्ने भयो भने कार्यगत एकता नियमित गरौँ भन्ने छ । कार्यगत एकतामा राम्रै सफलताहरू भइराखेकै छ । लगातार हामी सँगसँगै छौँ । तीनचारवटा पार्टीहरूसँग राम्रै भइराखेको छ । यसलाई हामीले धेरै नै महत्वका साथ हेरेका छौँ र जिम्मेवारीपूर्ण ढङ्गले ग्रहण गरेका छौँ । आत्मसाथ गरेका छौँ । हामीले कहीँ पनि न्यूनीकरण गर्नु हुँदैन भन्नेछ । खासगरी हामीमाथि दमन भयो । हामीमाथि भएको दमनका विरुद्ध क्रान्तिकारी माओवादी, माओवादी केन्द्र (गोपाल खम्बुजीहरूको), कट्टेलजीहरूले जुन खालको सङ्घर्षमा साथ दिनुभयो अथवा कम्तीमा मोर्चामा, यो दलाल पुँजीवादका विरुद्ध लड्नको निम्ति उहाँहरूले जुन खालको साथ दिनुभयो, त्यसलाई हामीले भुलेका छैनौँ । त्यो महत्वपूर्ण सहयोग हो । त्यो कार्यगत एकताको स्पिरिटमा छ । सम्भव भयो भने हामी त्यसलाई संयुक्त मोर्चामा उठाऊँ भन्नेमा छौँ । अझ त्यसलाई मेहनत गरेर एकतासम्म पुर्‍याऊँ भन्नेमा हाम्रो छलफल चलिरहेको छ ।

**▸▸ *नेपालमा भारतको हस्तक्षेप असाध्यै बढिरहेको छ । पार्टीले लगातार हस्तक्षेपका विरुद्ध आन्दोलन गरिरहेको छ । अरुण ३, अपर कर्णाली, कोसी उच्च बाँधका कुरा पनि आइरहेका छन् । भारतीय हस्तक्षेपका विरुद्ध कसरी लड्ने ?***

देशको अगाडि एउटा गम्भीर चुनौती र सङ्कट पैदा भएको छ । सायद यो कुरा सबै नेपालीले पहिलेको भन्दा जीवन्त र ताजा रूपले अनुभूति गरेका होलान् भन्ने लाग्छ किनकि केपी र प्रचण्डजीहरूले भन्नुभएको थियो नि हामी सरकारमा गएपछि यो हल हुन्छ भनेर, तर झन् राष्ट्रघात थपिन थाल्यो । यसबाट के अनुभूति भएको छजस्तो लाग्छ भने सामान्य एउटा सरकारमा प्रतिनिधित्व हेरफेर भएर मात्र हेरफेर हुने विषय होइनरहेछ भन्ने सबैलाई लागेको होला भन्ने लाग्छ । यसमा हाम्रो भनाइ के छ भने यो अझै बढ्नेवाला छ । सरकारमा जति सङ्कट पैदा हुन्छ, सत्तामा जति सङ्कट पैदा हुन्छ, देशभित्रका शासकहरूले र विभिन्न प्रतिक्रियावादी वर्गले समाधान गर्न सक्दैनन् । त्यसका विभिन्न आयामहरू थपिँदै जाने हुन्छ । कहिले त्यो आर्थिक रूपमा देखापर्छ । कहिले त्यो भूगोलमा देखापर्छ । कहिले राजनीतिमा देखापर्छ । तर जबजब सङ्कट चर्किँदै र गहिरिँदै जान्छ, त्यो चौतर्फी रूपले बढेर आउँछ । अतिक्रमणको कुनै क्षेत्र बाँकी छैन । चाहे राजनीतिमा हेर्नुस्, दलाल खडा गरेर सत्ता चलाइएको छ । सबै पार्टीमा चलाउने उनीहरू नै छन् । केपीलाई उचाल्ने पनि उनीहरू नै छन् । प्रचण्डलाई उचाल्ने पनि उनीहरू नै छन् । शेरबहादुरलाई उचाल्ने पनि उनीहरू नै छन् । रामचन्द्रलाई उचाल्ने पनि उनीहरू नै छन् । पार्टीका अरू झिनामसिना त कुरै छोडिदिनुहोस् । यो खालको राजनीतिमा पनि उनीहरूले हस्तक्षेप गरिरहेका छन् । उता अर्थतन्त्रमा हेर्नुहोस् । अर्थतन्त्रमा हिजोआजको रिपोर्ट हेर्दा व्यापारघाटा हेर्दा अर्बबाट खर्बतिर जाँदैछ । नेपालले आयात गर्ने वस्तु यति धेरै वृद्धि भएर गएको छ कि हामीसँग कुनै सीमा छैन । नेपालका उद्योग-कलकारखाना सबैतिर एउटा नियन्त्रण गर्दै गएको स्थिति छ । सानासाना कुरामा पनि वित्तीय संस्थामा त्यस्तै छ । कृषि क्षेत्रमा त्यस्तै छ । मतलब हस्तक्षेप त्यहाँ पनि छ । भूगोलमा कालापानी, सुस्तादेखि लिएर सबै कुरा कायमै छन् । अहिले नदीनाला, कर्णाली, कोसीमाथि हिमालसम्म अतिक्रमण र हस्तक्षेप बढ्दैछ । संस्कृतिमा त्यस्तै छ । सबै क्षेत्रमा, प्रशासन क्षेत्रमा पनि आइसके । सुरक्षा क्षेत्रमा पनि विभिन्न ढङ्गले चलखेल गरिरहेको स्थिति छ । यो बढ्दै गएको छ । हामीले के भनेका छौँ भने यसलाई अनुभूत गरेर मात्र हुँदैन, यसलाई सङ्गठित प्रकारले समाधान गर्ने गरी सोच्नुपर्छ । त्यो भनेको वैज्ञानिक समाजवाद हो । त्यसैले हरेक देशभक्तले सोच्नुहोस् । नेपाली सेनाले पनि इतिहासदेखि आजसम्मको एउटा संश्लेषण गरेर राष्ट्रियताका बारेमा सोच्नुपर्‍यो । प्रहरीले पनि सोच्नुपर्‍यो । कर्मचारी उद्योगी-व्यवसायी सबैले सोच्नुपर्‍यो रातारात आएका दलालहरूले नेपालका राष्ट्रिय पुँजीपति वर्गका व्यक्तिहरूलाई पूरै सिध्याउने खेल भैरहेको छ । टाटपल्टाइँदै छ । सडकमा लर्गिँदैछ । यो सबै जो स्थिति छ यसका लागि हामी एकताबद्ध बनौँ । लोकतन्त्रवादीहरू पनि आउनुहोस् । सबै आउनुहोस् । सबै मिलेर देशलाई परिवर्तन गर्नेतिर स्वाधीन बनाउनेतिर र विदेशीहरूको हस्तक्षेपबाट मुक्त गर्नेतिर जाऊँ । राम्रो पनि भएको छ । हामीलाई सबैले सहयोग पनि गरिरहनुभएको छ । बुटवल जितगढीकै कुरा गर्नुहोस् न । जितगढी भनेको नेपालीको अङ्ग्रेजविरुद्धको आन्दोलनसँग जोडिएको एउटा किल्ला, एउटा प्रतीक हो । त्यसलाई भारतले आफ्नो पेन्सन क्याम्प बनाएर आफ्नो सेना ल्याएर राख्न खोज्दैछ । नेपालको प्रशासन र नेताहरू लाचार भएर त्यसलाई बेचेर खाँदैछन् । यी सबै क्षेत्रमा हामीले प्रतिरोध गरिरहेका छौँ । यसमा सबै सचेत बनौँ भन्ने पहिलो कुरा हो । दोस्रो कुरा के छ भने भारतलाई पनि भन्ने कुरा के भने यो कुनै दुस्मनको कुरा होइन । भारतीय जनतासँग त सुमधुर सम्बन्ध छँदैछ नि तर गलत नीतिको विरोध गरेको पो हो त । त्यहाँका श्रमजीवी जनता, मेहनतकस जनता, सर्वहारा वर्गसँग, उत्पीडित जनतासँग, आम भारतीय जनतासँग त हाम्रो हार्दिक सम्बन्ध नै छ नि । हामीले त दिल्लीको प्रशासन, दिल्लीको शासक, सत्तासीन वर्गले गरेको गलत कामको विरोध गरेको हो । भारतबाट पनि यो आवाज उठोस् भन्ने हाम्रो कुरा छ । तेस्रो कुरा के छ भने भारतका लगानीकर्ताहरूले, संस्थाहरूले बुझिराखून्, अपर कर्णाली पनि हामी लागू हुन दिँदैनौँ । अरुण ३ पनि गर्न दिँदैनौँ । जितगढी पनि गर्न दिँदैनौँ । यस्तो कोसी बाँधजस्ता छन् नि जो जनतालाई सीधै क्षति पुर्‍याउने, घाटा लाग्ने नेपालको अर्थतन्त्र डामाडोल बनाउने, स्रोतसाधन अस्तव्यस्त बनाउने र कब्जा गर्ने काम हामी हुन दिँदैनौ । त्यो कुरा हामीले जीएमआरलाई भनेका छौँ । सतलजलाई पनि भन्ने हो । त्यो हामीले अरूलाई पनि भन्ने हो । अरू जोजो छन्, त्यसो नगर्नुहोस् भन्ने हो । नेपालमा बिजुली निकालेर भारतमा लाने कुरा कसले मान्छ ? २-४ जनाले कमिसन खाएर, २-४ जना नेताहरू चुप लागेर हुन्छ ? एनसेलको हेर्नुहोस् त, हामीले कुरा उठाउँदा ४३ अर्बको कुरा थियो । दुई महिनाअघि ६० अर्बको कुरा थियो । अहिले ७२ अर्बको कुरा आएको छ । कुनचाहिँ पार्टीको नेता बोल्यो ? यो सबमा भ्रष्टाचार भएको छ भन्ने कुरा थाहा हुँदैन ? अहिले वाइडबडीको कुरा गर्नुस् । वाइडबडी पनि एउटा राष्ट्रघात हो नि त । जनताले उठाएको करको पैसा लगेर किनेको वाइडबडीको जहाजमा ६-६ अर्ब रूपैयाँ घोटाला हुने । यसमा किन प्रचण्ड बोल्दैनन् ? किन केपी बोल्दैनन् ? किन शेरबहादुर बोल्दैनन् ? औपचारिकताका निम्ति यसोउसो भनेर हुन्छ ? यसले के देखाउँछ भने भ्रष्टाचारीहरूले, विदेशी दलालहरूले हाम्रो देशलाई गाँजेर लुट्ने ? चुस्ने ? जे भा'छ यी सबै राष्ट्रियतासँग सम्बन्धित कुरा हुन् । हामी त्यसलाई सफल हुन दिँदैनौँ । सबै मिलेर गरौँ भन्ने हाम्रो भनाइ हो ।

**▸▸ *प्रश्न : केही समयअगाडि सरकारले वार्ताका लागि भनेर एउटा टोली पनि बनाएको सुनियो । नेपाल कम्युनिस्ट पार्टीका जिम्मेवार नेताहरू गिरफ्तार भएपछि वार्ताका कुरा गरियो । अहिले सरकारले के आरोप लगाएको छ भने आफ्ना नेता-कार्यकर्ता छुटाइहाले । वार्तामा पनि आएनन् । यो विषय के हो ?***

यो रमाइलोजस्तो पनि र बडो गम्भीर विषय पनि हो । वार्ताका बारेमा म आफैँलाई हेर्नुस् वार्ताको तीतोमीठो सबै अनुभव भोगियो । २०६४ सालदेखि २०६९ सालसम्म वार्ताले नै यस्तो बनायो । प्रचण्डहरूलाई त्यहाँ पुर्‍यायो । हामीलाई यहाँ पुर्‍यायो । बाबुरामलाई त्यहाँ पुर्‍यायो । अहिले हामी के देख्छौँ भने वार्ताका बारेमा नयाँ शिक्षा के प्राप्त भयो भने वार्ताका बारेमा अझ नजिकबाट बुझ्ने मौका प्राप्त भयो भन्ने लाग्छ किनकि वार्ता गर्ने कि नगर्ने, वार्ता आवश्यक हो कि होइन ? वार्तामा हामी भाग लिन्छौँ कि लिँदैनौँ, यी विषयहरू आफ्नो ठाउँमा छँदैछन् । तर कुरा के भने सरकारले बिनाकारण हाम्रा साथीहरू समात्यो । अदालतसम्मको लडाइँले छोड्यो । छोड्दाखेरि वार्ता गर्ने मनसाय थियो भने उनीहरूले नै जानून् । वार्ताटोली बनायो तर कोसँग के विषयमा वार्ता गर्ने भन्ने विषयमा बाहिर आधिकारिक ढङ्गले बोल्दा पनि बोलेनन् । छिटफुट बोलिएका कुरा भए त्यो मात्र होइन । वार्ताका विषयमा हाम्रो पार्टीसँग आधिकारिक तरिकाले, जिम्मेवारीपूर्ण तरिकाले कुरा गर्दा पनि गरेनन् । व्यक्तिगत रूपले सोमप्रसादजी राम्रै मान्छे हो । कम्युनिस्ट भनेर आएको हुनाले पनि । बोलीको हिसाबले भनि शिष्ट नै होला । त्यो ठीक छ तर सोमप्रसादजीले कुनै क्लबमा गएर भाषण गरेको भरमा हामी वार्तामा दौडेर जाने कुरा त आएन नि ! ऋषि धमलाको क्लबमा हामी सोमप्रसादजीलाई भेट्न जाने कुरा त आएन नि ? यो कस्तो भयो भन्नुहुन्छ भने भित्र दबाबमा परेर वार्ताको विषय अघि सारेजस्तो तर मनसायचाहिँ वार्ताभन्दा दमन नै गर्नु ठीक हो भन्या'जस्तो देखियो । बाहिर भन्दाखेरि वार्ता भन्ने तर आफ्नो असफलतालाई ढाकछोप गर्नका लागि देशलाई द्वन्द्वतिर फसाउने खेल पो हो कि ! यहाँ गम्भीर कुरा छ नि केपी-प्रचण्डले बाहिर भन्दा हामी शान्तिका पक्षपाती हौँ भन्ने तर कुनै पहल नगर्नुको पछाडि के देखिन्छ त भन्दा पानी धमिलो बनाएर माछा मार्ने भन्याजस्तो कतै वार्ताको हल्ला गरेर सरकारको असफलता छ नि, त्यो असफलतालाई छोप्नका लागि देशलाई युद्धतिर धकेलिदिने त होइन ? द्वन्द्व र अशान्तितिर धकेलिदिएपछि आफ्नो सबै फच्चे हुन्थ्यो भन्ने कुरा त होइन ? भन्ने कुरा पनि यहाँ उठ्छ । यस्तो हो, हामी वार्तामा एकदमै लालायित, पूरै कुदिहाल्ने भन्नेमा पनि छौनौँ । हामी वार्ताबाट त्रसित पनि छैनौँ । वार्ता राजनीतिक आन्दोलनको एउटा आयाम हो । आउँछ, सामना गर्ने कुरा पनि आउँछ । आउँदैन, क्रान्तिमा अगाडि बढ्ने कुरा हुन्छ । यसलाई हामीले यसरी नै बुझ्नुपर्ने हुन्छ ।

कमरेड महासचिव, फागुन १ गते २४ औँ जनयुद्ध दिवस आउँदैछ । सहिद सप्ताह आउँदैछ । पार्टीले सहिद सप्ताह पनि मनाउने र जनयुद्ध दिवस पनि मनाउने निर्णय गरेको छ । पछिल्लो क्रममा सरकारले भर्खरै सेना र पुलिसलाई सहिद घोषणा गरेको छ । यो परिवेशमा सहिद परिवार, बेपत्ता योद्धा परिवार र घाइते योद्धाहरूप्रति भन्ने कुरा के छ ?

जनयुद्ध दिवससँग जोडिएको हाम्रो भावपूर्ण र संवेदनापूर्ण उत्सव छ । भावनात्मक खालको उत्सव छ यो । हामी सहिद सप्ताह भनेर एक साता मनाउँछौँ । दिलबहादुर रम्तेल सहिद भएको मिति फागुन १४ बाट झापा विद्रोहका सहिदहरू सुखानीमा कृष्ण कुइँकेलहरू सहिद भएको दिनलाई हामी मनाउँछौँ । हाम्रो कुरा के छ भने सहिदहरूको आदर्श एउटा सपना देख्दै बलिदान गरे । झापा विद्रोहका सहिदहरूले नौलो जनवादको सपना देखेर सहिद भए । जनयुद्धका नेता-कार्यकर्ता, सेना र जनताले नौलो जनवाद, वैज्ञानिक समाजवाद र आदर्शको सपना देख्दै सहिद भए । हामी बाँच्नेहरूले सँगै सहिद हुने साथीहरूसँग उभिएर गरेको प्रतिबद्धता, साथी सहिद हुँदा गरेको प्रतिबद्धता के हो भने जो ढले पनि, जसले बलिदान गरे पनि, जो यो आन्दोलनमा भौतिक रूपले छुटे पनि बाँच्नेले सपना पूरा गर्दछौँ । पूरा नभएसम्म हामी दृढतापूर्वक अघि बढ्नेछौँ । हाम्रो लक्ष्यसम्म पुगिछोड्नेछौँ भन्ने हाम्रो प्रतिबद्धता हो । हामीले रगतले लतपतिएका सहिदका शरीरहरू अँगालो हालेर, सहिद परिवारलाई भेट्न जाँदा पनि हामीले त्यही भनेका हौँ । तपाईंको परिवारको सदस्य गुमे पनि हामी पनि परिवारकै सदस्य हौँ । तपाईंका छोरा गुमे पनि हामी तपाईंकै छोरा हौँ । तपाईंका बहिनी र छोरीहरू गुमे पनि हामी तपाईंहरूकै बहिनी र छोरी नै हौँ । हामीले कसैले बाबाआमा कसैले छोराछोरी, कसैले श्रीमान्श्रीमती जे गुमाए पनि तपाईंहरूका परिवारका सदस्यहरू गुमाए पनि हामी पनि परिवारकै सदस्य हौँ । एउटा विशाल समाजवादी परिवार, कम्युनिस्ट परिवार हौँ । हामी आन्दोलन सफल बनाउँछौँ र त्यो आन्दोलन पूरा नभएसम्म लडिरहनेछौँ भन्ने हाम्रो प्रतिबद्धता हो । रगतले लतपतिएका साथीहरूलाई अँगालो मारेर सहिद परिवारलाई भेट्न जाँदा पनि हामीले त्यही कुरा भनेका हौँ । तपाईंको परिवारको सदस्य गुमे पनि हामी परिवारकै सदस्य हौँ । हामी तपाइहरूसँगै छौँ । हाम्रो उद्देश्य पूरा नभएसम्म हामी सहिदको सपनामा कुठाराघात हुन दिन्नौँ । हामी सहिद परिवारहरू, बेपत्ता परिवारहरूले के कुरा स्मरण गर्नुपर्छ भने केही मान्छेले सहिदलाई सत्तामा पुग्ने भऱ्याङ बनाए । उनीहरूले गरेका प्रतिबद्धता लत्याउँदा सहिद परिवारलाई ठूलो चोट पनि छ । बेपत्ता योद्धाहरूको परिवारलाई चोट छ । घाइतेहरूलाई पनि चोट छ । जनमुक्ति सेना, कार्यकर्ता सबैलाई चोट छ । तर फेरि पनि हामी त छौँ नि त । त्यसैले यो अवसरमा, रातो खबरसँग कुरा गर्ने विशेष अवसरमा म के अपिल गर्न चाहन्छु भने हामी त्यो प्रतिबद्धताबाट पछि हटेका छैनौँ । त्यो हाम्रो सङ्कल्पबाट पछि हटेका छैनौँ । हामीलाई जनयुद्धमा जस्तै र त्योभन्दा पनि कैयौँ अप्ठ्यारो छ । त्यो तपाईंहरूले देख्नुभएको छ । तर हामी त्यो अप्ठ्यारोसँग जुधेका छौँ । त्यो कठिनाइको सामना गर्न हामी तयार भएका छौँ । हामीलाई साथ दिनुहोस्, तपाईंको सपना, तपाईंका आफन्तजनहरूको सपना छातीमा सजाएर, आँखामा सजाएर लड्दैछौँ । त्यसैले निराश हुनुपर्ने कुनै जरुरी छैन । सपना हामी पूरा गर्दछौँ । यो कुनै व्यक्तिगत महत्वाकाङ्क्षाको कुरा होइन । समाजलाई बदल्ने, हाम्रो सभ्यता निर्माण गर्ने महाअभियान हो । यसमा हामी एकताबद्ध भएर जाऔँ । तपाईंको घरआँगनमा हामी आइरहेका छौँ । हामी एक ढिक्का भएर जाऔँ । हाम्रो विशेष आग्रह यो छ । यो पूरा गर्दछौँ । हाम्रो प्रतिबद्धता के छ भने अब कसैलाई सरापेर बस्ने समय गयो । अब एउटा ऐतिहासिक जिम्मेवारी, सहिदको सपना पूरा गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ । हामी सबैले हातेमालो गरौँ र अगाडि बढौँ । सहिद परिवारलाई सम्मान गर्दछौँ । यो अवसरमा बेपत्ता परिवारलाई स्मरण गर्दछौँ । सहिद परिवारप्रति समवेदना पनि छ । सबै एकजुट भएर जाऔँ भन्ने मेरो विशेष आग्रह पनि छ ।


**▸▸ *अन्त्यमा जनयुद्ध दिवसमा नेता-कार्यकर्तालाई केही भन्न चाहनुहुन्छ ?***

जनयुद्ध दिवस नेपाली जनताको मनमनमा भिजेको छ । सबैको जीवनमा बदलिसकेको पर्व नै हो यद्यपि पछिल्लो समयमा केही समस्याहरू आए । तर पनि जनयुद्धमा कुनै न कुनै रूपले संलग्न नहुने नेपाला मान्छे नै छैन । यद्यपि काङ्ग्रेस-एमालेभित्रको पनि ठूलो पङ्क्ति कुनै न कुनै रूपले जनयुद्धमा संलग्न छ । जनयुद्ध दिवसलाई एउटा उत्सवका रूपमा मनाउनुपर्छ । पहिलो कुरा यो हो । दोस्रो कुरा जनयुद्धको जगमा एकीकृत जनक्रान्तिको विकास हुँदै गएको छ । जनयुद्धलाई उत्सवका रूपमा मनाउँदै गर्दा एउटा नयाँ प्रतिबद्धता गर्न चाहन्छौँ- जनयुद्धको जुन अधुरो पाटो छ राज्यसत्तालाई आमूल परिवर्तन गरेर वैज्ञानिक समाजवाद निर्माण गर्ने जुन लक्ष्य छ, त्यो कार्यभारलाई पूरा गर्न हामी यो उत्सवमा एकीकृत जनक्रान्तिको कार्यभारलाई जोड्दै त्यही उचाइमा देश, परिवार, गाउँ, जिल्ला, क्षेत्र, देशभरि र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत यसलाई उत्सवका रूपमा मनाउनुपर्छ । यो गौरवको इतिहासलाई एकीकृत जनक्रान्तिको कार्यभारसँग जोड्नुपर्छ । एउटा नयाँ प्रतिबद्धतासँग जोड्नुपर्छ । गौरवको इतिहासलाई विजयको इतिहाससँग जोड्नुपर्दछ भन्ने अपिल छ ।

समय उपलब्ध गराइदिनुभयो, महासचिवज्यूलाई धन्यवाद छ ।

हार्दिक धन्यवाद । लामो समयपछि प्रत्यक्ष रूपमा जनतासँग साक्षात्कार गर्ने मौका रातो खबरले पैदा गरायो । त्यसका लागि रातो खबर परिवारलाई हार्दिक धन्यवाद ।

# फागुन एक, जनयुद्ध र मार्क्सवाद



उदयबहादुर चलाउने 'दीपक'

विज्ञानको इतिहासबाट के स्पष्ट छ भने जबजब कुनै धारणाहरूमाथि मानिसहरूको जड सिद्धान्तमा जस्तै अगाध विश्वास भयो तबतब यस्ता धारणाहरूको नकारात्मक प्रभावका कारण विज्ञानको प्रगतिमा सदा अवरोध नै पुगेको छ। त्यसकारण जुन सिद्धान्तहरूलाई हामी निर्विवाद मान्न लागेका छौँ, तिनीहरूको समयसमयमा अत्यन्तै सूक्ष्म आलोचना गरिरहनु नै उचित छ।

(लुई डी ब्रोग्ली, भौतिक विज्ञानमा क्रान्ति : क्वान्टम सिद्धान्त, अनुवाद : रमेश सुनुवार, पेज २३४)

## मार्क्सवादबारे

मार्क्सवाद समाज विज्ञानको एउटा सिद्धान्त हो। जबदेखि मार्क्सवादको प्रादुर्भाव भयो तबदेखि यसले आफूलाई समाज विज्ञानको एक सर्वोच्च क्रान्तिकारी सिद्धान्तका रूपमा स्थापित गर्दै आएको छ। इतिहासको चालक शक्तिका रूपमा श्रमिक जनतालाई खुट्याउनु र उभ्याउनुमा मार्क्सवादको सारतत्व अन्त्यर्निहित रहेको छ। इतिहासको स्वामित्व राजा-महाराजा र बडेबडे सैनिक कमान्डरहरूको हातबाट खोसेर जनतालाई सुम्पिदिनु मार्क्सवादको युगीन कार्य थियो। जब मार्क्सवादले इतिहासको नायकत्व श्रमिक वर्गको काँधमा सुम्पिदियो तब यसले आफ्नो वर्गपक्षधरतालाई खुलमखुला घोषणा गर्‍यो- 'मार्क्सवाद श्रमिक (मजदुर) वर्गको बौद्धिक हतियार हो।'

मार्क्सवादले पत्ता लगाएको सत्य के हो भने उत्पादन र वितरण प्रणालीको इतिहास नै मानवसमाजको समग्र इतिहास हो। युद्ध र क्रान्तिहरू यसका सहउत्पादन मात्र हुन्। गरिबी कुनै प्राकृतिक उपजको वस्तु होइन, न त पूर्वजन्म र पुनर्जन्मकै परिणाम हो। श्रमको शोषण नै गरिबीको एक मात्र कारण हो। अतः आफूमाथिको शोषण सदाका लागि अन्त्यय गर्न श्रमजीवी (मजदुर) वर्गले सर्वप्रथम राज्यसत्ता आफ्नो हातमा लिन सक्षम हुनु जरुरी छ। तर त्यो त्यति सजिलो भने छैन। सत्तासीन वर्ग शस्त्रसज्जित छ। उसको हातमा कानुनको लौरो छ। उसले आफूलाई विरोध गर्नेहरूमाथि जुनकुनै पनि बेला त्यो लौरोले सजिलै हिर्काउन सक्छ किनकि बन्दुकको बलमा उसले राजनीतिको प्राधिकार हत्याएको छ। त्यो प्राधिकार उसले आफ्नो शोषणको राज टिकाउने अस्त्रका रूपमा प्रयोग गरिरहेको छ। अतः उसलाई पराजित गर्न श्रमिक वर्गले आफूलाई सशस्त्र पार्न जरुरी छ। मजदुर वर्गले यो गर्नैपर्छ। उसले त्यसो किन पनि गर्नुपर्छ भने मजदुर वर्गले मानव जातिको अन्तिम युद्ध लड्नु छ। स्थायी शान्तिका लागि लड्नु छ। त्यसका लागि उसले राज्यसत्ताको अन्त्ययका लागि लड्नु पर्नेछ। वर्गको अन्त्ययका लागि लड्नु पर्नेछ। यसरी गरिबीको अन्त्ययका लागि शोषणको अन्त्यय, शोषणको अन्त्ययका लागि निजी पुँजीको अन्त्यय, निजी पुँजीको अन्त्ययका लागि वर्गको अन्त्यय, वर्गको अन्त्ययका लागि राज्यसत्तारूपी परजीवीतन्त्रको अन्त्ययको घोषणा मार्क्सवादी सिद्धान्तको केन्द्रीय अन्त्यर्वस्तु हो। अन्त्यतः वर्गको अन्त्ययका रूपमा स्वयम्कै अन्त्यय अर्थात् प्रतिस्थापनको महान् उद्घोष मार्क्सवादको अकाट्य सत्य हो। त्यो नै मार्क्सवादको अजेयता र सर्वोच्चताको कारक हो।

जानेमानेको भाषामा मार्क्सवादलाई साम्यवादको सिद्धान्त भनिन्छ। निजी पुँजी अन्त्यको यो महाअभियान एकै झड्कामा पूरा हुँदैन। त्यसका लागि समयको एउटा लामो अवधि चाहिन्छ। यसलाई मार्क्सवादका प्रस्तोता कार्ल मार्क्सको भाषामा सङ्क्रमणको अवधि भनिएको छ। यो अवधिलाई उनले साम्यवादको अधिकतम् कार्यक्रम र न्यूनतम् कार्यक्रमका रूपमा परिभाषित गरेका छन्। मजदुर वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीले पहिला न्यूनतम् साम्यवादका लागि लड्नुपर्छ। त्यो न्यूनतम् साम्यवाद भनेको समाजवादी सत्ता हो। जहाँ मजदुर वर्ग इतिहासको एउटा खण्डमा शासक वर्गका रूपमा रहनु अनिवार्य छ। मार्क्सवादको यो प्रक्षेपणलाई रुसको कम्युनिस्ट पार्टीले भ्लादिमिर लेनिनको नेतृत्वमा सन् १९१७ को अक्टोबरमा पूरा गर्‍यो। रुसमा मजदुर वर्गको पहिलो समाजवादी सत्ता स्थापना गरेर लेनिनले मार्क्सवादको सत्यलाई पुष्टि गरिदिए। यद्यपि त्यसअघि सन् १८७१ मा फ्रान्सको पेरिसमा त्यहाँका मजदुरहरूले आफ्नो सत्ता स्थापना गर्न सफल भएका थिए। तर त्यो ७२ दिन मात्र टिक्न सकेको थियो। यसैगरी सन् १९४९ मा चीनमा माओ त्सेतुङको नेतृत्वमा रहेको चिनियाँ कम्युनिस्ट पार्टीले करिब २२ वर्षको भीषण लडाइँपछि नयाँ जनवादी सत्ताको घोषणा गर्‍यो। त्यसलाई त झन् समाजवादको समेत पूर्वकार्यभारका रूपमा परिभाषित गरियो।

आजको मानव जाति एक्काईसौँ शताब्दीको दोस्रो दशक पूरा गर्दैछ। एकातिर समाजवादी सत्ता इतिहासका कथा बनिसकेका छन्। ती सबै सत्ताहरू पुँजीवादी सत्तामा बदलिएका छन्। भलै कतिपय देशहरूमा उनीहरूले आफूलाई समाजवादी भने पनि त्यो कम्युनिस्ट समाजवाद हो कि होइन भन्नेमा बहस छ। अर्कोतिर, विश्वमा आफूलाई कम्युनिस्ट अर्थात् वामपन्थी भन्ने जनमत विगतको भन्दा कैयौँ बढेका आँकडाहरू सार्वजनिक भइरहेका छन्। विज्ञान र प्रविधिको विकास चामत्कारिक स्तरमा भइरहेको छ। यसले एकातिर मानवीय आवश्यकताहरूलाई निकै सजिलो गरी परिपूर्ति गर्न सहयोग गरिरहेको छ भने अर्कोतिर प्रविधिको प्रयोगलाई अनियन्त्रित नगर्न वैज्ञानिकहरूले चेतावनी पनि गरिरहेका छन्। विश्वभरि गरिबीको दर केही प्रतिशत घटे पनि धनी र गरिबको अन्तर निकै बढेको छ। संसारका एक प्रतिशत धनीहरूको हातमा करिब पचास प्रतिशत सम्पत्तिको स्वामित्व केन्द्रित भएको छ जब कि ९९ प्रतिशत मानिसहरूको हातमा केवल पचास प्रतिशत सम्पत्ति रहेको अनुसन्धान रिपोर्टहरू सार्वजनिक भइरहेका छन्। यो अवस्थामा मानव जातिको अन्तिम गन्तव्य साम्यवादको भविष्यबारे प्रश्नहरू उठ्नु र साम्यवादको सिद्धान्त मार्क्सवाद (मार्क्सवाद-लेनिनवाद-माओवाद) का बारेमा बहस हुनु आवश्यक र अनिवार्य छ।

गति रूपान्तरण हो। गति अग्रगमन हो। हरेक वस्तुको अस्तित्व भनेकै गति हो। स्थिरता प्रगतिको सदा अवरोधक हो। मार्क्सवाद एक विज्ञान हुनुको नाताले यो सधैँ गतिवान् र विकासवान् छ। त्यसैले नै यसको विकास लेनिनवाद हुँदै माओवादसम्म आइपुगेको छ। आज यो मार्क्सवाद-लेनिनवाद-माओवाद (मालेमा) का रूपमा परिचित छ। संसारमा दुईवटा कुरालाई अपरिवर्तनीय मानिन्छ- पदार्थको गतिशीलता र मानव चिन्तनको विकास। यसका पछाडिको वस्तुगत कारण के हो भने भौतिक पदार्थका कण र प्रतिकणहरू निरन्तर सङ्घर्षशील छन् र ती एकअर्कामा निरन्तर परिवर्तन भइरहन्छन्। यो नियम ठूला र अझ विशाल पिण्डहरूमा समेत लागू हुन्छ। मानवचेतना पदार्थकै एक अति विकसित र सर्वोच्च रूप हो। अर्को अर्थमा भौतिक पदार्थको प्रतिबिम्ब नै मानवचेतना हो। जब वस्तु र समाजका क्रियाकलाप निरन्तर परिवर्तनशील भइरहन्छन् भने त्यसको प्रतिबिम्ब मानवचेतनामा पर्दछ र त्यतिबेला सिद्धान्तहरूको समेत निरन्तर विकास र परिवर्तन अर्थात् 'सूक्ष्म आलोचना' एक अनिवार्य सर्त बन्न जान्छ। आलोचना अर्को अर्थमा विकास हो। 'सूक्ष्म आलोचना' कै परिणाम मार्क्सवाद लेनिनवाद हुँदै माओवादमा विकसित भयो।

## जनयुद्धबारे

जनयुद्धको विशिष्ट परिभाषा चीनमा माओद्वारा संश्लेषित दीर्घकालीन जनयुद्ध हो। जसको सार- देशभित्रको वर्गीय उत्पीडन र देशबाहिरबाट हुने साम्राज्यवादी उत्पीडनका विरुद्ध कम्युनिस्ट पार्टीको नेतृत्वमा किसान-मजदुर, राष्ट्रिय पुँजीपति वर्ग र परिवर्तनका पक्षधरहरू सबैको सहभागितामा लडिने युद्ध हो। जनयुद्धको आमपरिभाषा भनेको उत्पीडित राष्ट्र र जनताको हरेक तप्काले आफ्नो अधिकार र स्वतन्त्रताका लागि लड्ने कुनै पनि युद्ध त्यो जनयुद्ध नै हो। जनयुद्धको अर्को परिभाषा विद्रोह पनि हो। सबै जनयुद्ध आफैँमा ती विद्रोह नै हुन्। ती कोही अल्पकालीन विद्रोह हुन् त कोही दीर्घकालीन विद्रोह हुन्। तर जनयुद्ध भन्नेबित्तिकै दीर्घकालीन जनयुद्धलाई मात्र बुझ्ने र विद्रोह भन्दाखेरि अल्पकालीन विद्रोहलाई मात्र बुझ्ने कम्युनिस्ट आन्दोलनको पछिल्लो 'स्कुलिङ' त्यति फराकिलो सोचाइ पक्कै होइन। जनयुद्धलाई दीर्घकालीन जनयुद्धमा मात्रै सीमित गर्नु, विद्रोहलाई अल्पकालीन विद्रोहमा मात्रै बुझ्नु र परिभाषित गर्नु जनयुद्ध र विद्रोहकै सङ्कुचन हो। अर्को अर्थमा यो मार्क्सवादकै सङ्कुचन हो।

हरेक 'विशिष्टलाई सामान्यसँग जोड्नु र सामान्यबाट विशिष्ट पैदा गर्नु' मार्क्सवादको विशेषता हो। दीर्घकालीन जनयुद्ध पक्कै पनि जनयुद्धको विशिष्टीकरण हो। अल्पकालीन विद्रोह त्यो पनि आफ्नो ठाउँमा विद्रोहको विशिष्टता हो। ती दुवै तरिकाले सर्वहारा क्रान्तिसम्बन्धी जुन समयको जबाफ दिन सफल भए त्यो कुनै चानचुने कुरा पक्कै थिएन। तर आजको आवश्यकतामा के हो भने दीर्घकालीन जनयुद्धलाई जनयुद्धको आमसिद्धान्तसँग जोड्नु र अल्पकालीन विद्रोहलाई विद्रोहको आमसिद्धान्तसँग जोड्नु। यो नै मार्क्सवादको रक्षा र विकाससम्बन्धी आजको आवश्यकता पनि हो।

पेरिसका कम्युनार्डोहरूले लडेको युद्ध होस् वा रुसमा लेनिनको नेतृत्वमा लडिएको युद्ध, कोरिया, भियतनाम, कम्बोडिया, क्युबा, पेरू, टर्की, भारतलगायत संसारभर कम्युनिस्ट पार्टीको नेतृत्वमा लडिएका र लड्दै गरेका सबै युद्ध जनयुद्ध नै हुन्। फरक यति मात्रै हो- ती कतिपय अल्पकालीन प्रकृतिका जनयुद्ध हुन् र कतिपय दीर्घकालीन प्रकृतिका जनयुद्ध हुन्। यसर्थ कम्युनिस्ट पार्टीको नेतृत्वमा सर्वहारा वर्ग र उत्पीडित समुदायले लड्ने सबै युद्ध जनयुद्ध नै हुन्। ती विद्रोह नै हुन्। जनयुद्ध र जनविद्रोहका बीच ठूलो पर्खाल खडा गर्नु आवश्यक छैन। त्यसका साथै दीर्घकालीन जनयुद्ध र अल्पकालीन सशस्त्र विद्रोहको औचित्यमाथि प्रश्न उठाउन खोज्नु पनि मूर्खता नै हुन्छ।

क्रान्तिकारी युद्धहरू दीर्घकालीन वा अल्पकालीन हुनुमा धेरै कुराले प्रभाव पारेको हुन्छ। त्यसमध्येको पहिलो कारक हो- युद्धमा सहभागी वर्गको चरित्र। मार्क्सवादले क्रान्तिकारी वर्गको कोटीमा मजदुर (सर्वहारा) लाई पहिलो र किसान (गरिब) लाई दोस्रो तहमा राखेको छ। यिनीहरूको चरित्रका बारेमा मार्क्सवादको निष्कर्ष रहेको छ- मजदुरवर्ग सापेक्षित केन्द्रित भएर रहने हुनाले यसलाई सङ्गठित र आन्दोलित गर्न तुलनात्मक रूपमा छिटो हुन्छ। साथै मजदुर वर्गको हातमा निजी सम्पत्तिको सानो अंश पनि नहुने हुनाले यो मानवसमाजको हालसम्मकै उच्च क्रान्तिकारी वर्ग हो। यसले सर्वहारा वर्गको आन्दोलनमा धोका दिने सम्भावना हुँदैन किनकि यो वर्गका लागि 'पाउनु सिङ्गो संसार छ भने गुमाउनु केवल हतकडीबाहेक अरू केही पनि छैन।' क्रान्तिकारी युद्धको दोस्रो महारथिका रूपमा गरिब किसान वर्ग रहेको छ। तर यो वर्ग आफ्नो जीवन निर्वाहको बाध्यताले गर्दा छितरिएर रहेको हुन्छ। यो वर्गलाई सङ्गठित र आन्दोलित गर्न केही समय लाग्छ। यसको साथमा जमिनको सानो टुक्रो पनि हुन्छ। यो वर्गको सधैँ के अभिलाषा रहन्छ भने कुनै दिन उसले जमिनको त्यो टुक्रोमा अरू केही अंश थपेर जीवनको ठूलो सपना पूरा गरोस्। यद्यपि त्यो कहिल्यै पूरा हुँदैन। बरु दिनदिनैको कष्टपूर्ण जीवनबाहेक उसका सामु अरूथोक केही पनि नहुने हुनाले यो वर्ग पनि आधारभूत रूपले क्रान्तिकारी नै हुन्छ।

क्रान्तिकारी युद्धको गति निर्धारण गर्ने दोस्रो तत्व हो- अन्तरविरोधहरूको अवस्था। अन्तरविरोध एक सार्वभौम नियम हो। सबै देश र समाजमा विभिन्नखाले अन्तरविरोधहरू विद्यमान नै हुन्छन् तर यसको विशिष्ट पाटो के हो भने भिन्न समय र भिन्न समाजको सापेक्षतामा ती अन्तरविरोधहरू असमान तहमा विकसित भएका हुन्छन्। एउटैखाले उत्पादन सम्बन्ध भएका देशहरूमा पनि आधारभूत अन्तरविरोध समान भए पनि विशिष्ट अन्तरविरोधहरू असमान हुन्छन्। उदाहरणका लागि रुसमा क्रान्ति विजयी हुँदा रुस स्वयम् एक साम्राज्यवादी राष्ट्रका रूपमा युद्धमा भाग लिइरहेको थियो भने चीनमा क्रान्ति विजयी हुँदा चीनले जापानी साम्राज्यवादका विरुद्ध राष्ट्रिय मुक्तिको युद्ध लड्नु परेको थियो। कोरिया र भियतनाम पनि औपनिवेशिक मुलुकहरू नै थिए तर जापान र जर्मनीजस्ता साम्राज्यवादका हस्तीहरूको पराजयसँगै एकैपटक त्यहाँ समाजवादी सत्ताको घोषणा गरियो। त्यसको मुख्य कारक रुसी लालसेना थियो।

हामीले माथि चर्चा गरेको अन्तरविरोधको अन्तर्राष्ट्रिय (बाह्य) पाटो हो। अब हामी राष्ट्रिय (आन्तरिक) अन्तरविरोधको पक्षबारे केही चर्चा गरौँ। आन्तरिक अन्तरविरोध हरेक क्रान्तिको आधारभूत पक्ष हो। यो भनेको प्रत्येक देशभित्रको वर्गअन्तरसम्बन्धको अवस्था हो। वर्गप्रतिपक्षताको अवस्था हो। त्यहाँ मजदुर वर्गीय आधारभूमि छ वा किसानवर्गीय ? त्यो ख्याल गर्नैपर्छ। मजदुरवर्गीय आधारभूमि भएको देश पनि एकैखाले छैनन्। ती देश कोही साम्राज्यवादी र कोही गैरसाम्राज्यवादी राष्ट्र हुनसक्छन्। ती किसानवर्गीय आधारभूमि भएका देश हुन् भने ती सामन्ती, अर्धसामन्ती राष्ट्र हुन् वा अर्धसामन्तीमध्ये पनि दलाल अर्धसामन्ती हुन् ? कतिपय राष्ट्रहरू विकसित वा अविकसित जे भए पनि ती औपनिवेशिक पनि हुन सक्छन्। अतः हरेक देशको आआफ्नै सापेक्षतामा क्रान्तिका रणनीति र कार्यनीतिहरूको निर्धारण हुन्छ।

अन्तरविरोधसम्बन्धी अर्को महत्वपूर्ण विषय हो- विशिष्ट अन्तरविरोधको पत्तो लगाउनु। उदाहरणका लागि विगत दसबर्से जनयुद्धमा राजशक्ति, संसद्वादी शक्ति र माओवादी शक्तिबीच तीव्र त्रिपक्षीय अन्तरविरोध थियो। विशिष्ट अन्तरविरोधको सञ्चालन अन्तर्गत जनयुद्धको अघिल्लो चरणमा माओवादीले राजशक्तिसँग निकटता कायम गरेको थियो। त्यो बेला माओवादी पार्टीलाई क्रान्ति सञ्चालन गर्न सजिलो भएको थियो।

क्रान्तिकारी युद्धहरू दीर्घकालीन वा अल्पकालीन हुनुको तेस्रो कारण हो- कम्युनिस्ट पार्टीको आत्मगत अवस्था। आत्मगत अवस्था बलियो छ भने युद्ध छिटो जितिन्छ। आत्मगत अवस्था कमजोर छ भने युद्ध अनिवार्य लम्बिन जान्छ। आत्मगत अवस्थाका दुईवटा तत्व रहेका छन्- पहिलो कम्युनिस्ट पार्टीको नेतृत्व क्षमता र दोस्रो हो क्रान्तिकारी वर्गहरूको अवस्थिति। क्रान्तिकारी वर्गहरूको अवस्थितिको कारण कम्युनिस्ट पार्टीहरूको सापेक्षित विकास एक बाध्यात्मक अनिवार्यता नै बन्न जान्छ। सामान्यतः किसान वर्गको बाहुल्य भएको देशमा कम्युनिस्ट पार्टीको विकास र आन्दोलनको सञ्चालन केही विकेन्द्रित र ढिला हुन्छ जब कि मजदुर बाहुल्य देशहरूमा त्यसको तुलनामा केन्द्रीकृत र छिटो हुन्छ। यही वस्तुगत कारणले नै हो विकसित देशहरूको क्रान्तिलाई अल्पकालीन विद्रोह (जनयुद्ध) र विकासोन्मुख देशहरूको क्रान्तिलाई दीर्घकालीन जनयुद्ध (विद्रोह) को कार्यदिशाअन्तर्गत विगत क्रान्तिको सञ्चालन गरियो। कम्युनिस्ट पार्टीको नेतृत्व क्षमतालाई अर्को अर्थमा क्रान्तिको पहलकदमीका रूपमा पनि व्याख्या गर्न सकिन्छ। यो भनेको सामाजिक अन्तरविरोधहरूलाई कुशलतापूर्वक क्रान्तिमा सङ्गठित गर्नु, स्पष्ट रणनीति र कार्यनीतिहरूको विकास गर्नु हो। यो नै कम्युनिस्ट पार्टीको नेतृत्व सामर्थ्य हो। सामान्य अर्थमा नेतृत्व भनेको कम्युनिस्ट पार्टी र त्यसको केन्द्रीय निकाय हो। तर विशेष रूपले भन्नुपर्दा नेतृत्व भनेको निश्चित नेता वा सर्वोच्च नेता हो। उदाहरणका लागि आमरूपमा रुसको क्रान्ति मजदुर वर्गको नेतृत्वमा भएको विद्रोह हो तर विशेष रूपले यो लेनिनको चातुर्दिक नेतृत्वको प्रतिफल पनि हो। त्यसैगरी चिनियाँ क्रान्ति चीनका किसान, मजदुर र देशभक्तहरूको विद्रोह हो तर विशेष रूपमा त्यो कमरेड माओ त्सेतुङको नेतृत्वकुशलताको प्रतिफल पनि हो। त्यसैले नै हो संसारका सबै देशमा श्रमजीवी वर्ग भए पनि क्रान्ति तब मात्र सम्भव हुन्छ जहाँ कम्युनिस्ट पार्टी हुन्छ र कम्युनिस्ट पार्टीको पनि सक्षम नेतृत्व हुन्छ। अन्यथा आजको विश्वमा क्रान्तिको वस्तुगत अनुकूलता थोरै वा धेरै सबै देशहरूमा विद्यमान नै छ। तर क्रान्तिकारी आन्दोलन केही देशहरूमा मात्र सम्भव भइरहेको छ।

उपर्युक्त तीनवटै कारक तत्वमध्ये महत्वपूर्ण कारक तत्व हो- कम्युनिस्ट पार्टीको आत्मगत अवस्था। पार्टीले राम्रो सङ्गठन (आवश्यकतामा जनमुक्ति सेना) निर्माण गरेको छ। पार्टीको कार्यदिशा (रणनीति र कार्यनीति) सुस्पष्ट छ। पार्टीप्रति व्यापक जनताको विश्वास छ। पार्टीको नेतृत्व स्थापित छ भने क्रान्ति हरकुनै देशमा अघि बढ्न सक्छ। त्यो केही पनि छैन भने विकसितभन्दा विकसित मुलुकमा सयौँ वर्ष पर्खेर पनि क्रान्ति सम्भव हुँदैन।

## फागुन एक

फागुन एक नेपालमा मार्क्सवादलाई क्रान्तिका रूपमा लागू गरेको दिन हो। तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्धको उद्घोष गरेको दिन भएकाले त्यो दिनलाई जनयुद्ध दिवसका रूपमा प्रत्येक वर्ष सम्झना गर्न थालियो। माओवादी जनयुद्ध आधारभूत रूपले दीर्घकालीन जनयुद्धको विशेषतामा आधारित थियो। जनयुद्धको उद्देश्य पूरा नहुँदै माओवादी आन्दोलनको तत्कालीन मुख्य नेतृत्वसहित एउटा हिस्सा पुरानो संसदीय व्यवस्थामै फिर्ता भयो। क्रान्तिप्रति इमानदार पङ्क्तिले क्रान्तिको निरन्तरतालाई आत्मसात गर्दै पुरानो सत्ताका विरुद्ध आफूलाई निरन्तर उभ्याइरह्यो। तर माओवादी आन्दोलन विभाजित भएपछि फागुन एकको औचित्यबारे केही स्वाभाविक बहसहरू सतहमा आए। विशेषतः पुँजीवादी वृत्तबाट माओवादी जनयुद्धको विद्रूपीकरण गरेर फागुन एकमाथि निषेधात्मक प्रहार सुरु गरियो। संसद्वादमा छिरेको माओवादी हिस्सा लाचार छाया भएर त्यसको वरिपरि घुम्न थाल्यो।

शान्तिप्रक्रियाका नाममा मुख्य नेतृत्वले संसद्वादसमक्ष आत्मसमर्पण गरेपछि त्यसका विरुद्ध विद्रोह गरेर माओवादी आन्दोलनको क्रान्तिकारी पङ्क्तिले नेपाल कम्युनिस्ट पार्टी गठन गर्‍यो। पार्टी पुनर्गठनको मुख्य लक्ष्य 'माओवादी मूल्यको रक्षा र माओवादी आन्दोलनको विकास गर्नु' रह्यो। त्यसका लागि नयाँ कार्यदिशाको संश्लेषण गरियो। नयाँ कार्यदिशालाई 'एकीकृत जनक्रान्ति' नामकरण गरियो।

संसद्वादको आहालमा थाप्लाका रौँसमेत डुबाइसकेको पङ्क्तिका लागि अब फागुन एकको कुनै औचित्य छैन तर माओवादी आन्दोलनको निरन्तरतालाई सगौरव स्वीकार गरेको पङ्क्तिका लागि आज पनि फागुन १ आस्थाको धरोहर हो। क्रान्तिको प्रतिबिम्ब हो। अतः एकीकृत जनक्रान्तिका रूपमा पुनर्गठित माओवादी मूल्य र फागुन १ को अन्तरसम्बन्धबारे चर्चा गर्नु यहाँ आवश्यक ठानिएको छ।

पहिलो, एकीकृत जनक्रान्ति विगत दसबर्से महान् जनयुद्धको निरन्तरतासहित नयाँ जनयुद्ध हो। हाम्रो पार्टी नेकपाले सहर्ष आत्मसात गरेको छ- एकीकृत जनक्रान्ति जनयुद्धको निरन्तरता हो। एकीकृत जनक्रान्ति किन जनयुद्धको निरन्तरता हो ? यसबारे थप चर्चा गरौँ। मार्क्सवादको विकासमा पछिल्लो उचाइ हो- माओवाद। जसरी विगत जनयुद्धमा माओवाद क्रान्तिको पथप्रदर्शक सिद्धान्त थियो, मार्क्सवाद-लेनिनवाद-माओवाद (मालेमा) का रूपमा त्यसलाई आत्मसात गरिएको थियो। आज पनि नेपाली क्रान्तिको मार्गदर्शन मालेमा नै हो। यसर्थ एकीकृत जनक्रान्ति जनयुद्धकै निरन्तरता हो। जनयुद्धको सिद्धान्त साम्राज्यवादका विरुद्धको फौजी सिद्धान्त हो। एकीकृत जनक्रान्तिले यो अर्थमा आफूलाई जनयुद्धकै सिद्धान्तका रूपमा स्वीकार गर्दछ। जनयुद्ध, जनताका लागि जनताद्वारा नै लडिने युद्धसिद्धान्त हो। एकीकृत जनक्रान्ति यो कुनै जनताभन्दा अलग लडिने क्रान्ति होइन। अतः यो जनताका लागि जनताद्वारा नै लडिने युद्धकै सिद्धान्त हो। जनयुद्ध उत्पीडित वर्ग (किसान, मजदुर) को अगुवाइमा लडिने वर्गसङ्घर्षको सिद्धान्त हो। यसको आधारभूत विशेषता प्रतिहिंसात्मक हुन्छ। एकीकृत जनक्रान्तिले हाम्रो देशमा आज पनि किसान र मजदुरकै अगुवाइमा प्रतिहिंसात्मक वर्गयुद्ध लड्ने कुरालाई सार्वजनिक उद्घोष गरिसकेको छ। यसर्थ एकीकृत जनक्रान्ति जनयुद्धको निरन्तरता हो।

हाम्रो पार्टीले यो पनि सगौरव घोषणा गरेको छ- एकीकृत जनक्रान्ति जनयुद्धको विकास हो। जनयुद्धलाई केवल दीर्घकालीन जनयुद्धका रूपमा व्यवहार गर्नु न सम्भव छ, न त आवश्यक नै। जनयुद्ध अर्को अर्थमा जनविद्रोह पनि हो। जनविद्रोहलाई जनयुद्धबाट अलग गर्नु वा विद्रोहबिनाको जनयुद्धको कल्पना गर्नु आजको दुनियाँमा असम्भव छ। अतः एकीकृत जनक्रान्ति विद्रोहसहितको जनयुद्ध हो। यसको वस्तुगत कारण के हो भने आजको दुनियाँ विश्वयुद्धसहित क्रान्तिको दुनियाँ होइन जो हिजो लेनिन र माओको पालामा थियो। साम्राज्यवादी युद्धका विरुद्ध उत्पीडित देशहरूले कम्युनिस्ट पार्टीको नेतृत्वमा दशकौँको राष्ट्रिय मुक्तियुद्ध लड्नुपर्ने वा आफ्नै देशको साम्राज्यवादी युद्धका विरुद्ध सर्वहारा वर्गले गृहयुद्ध लड्नुपर्ने परिस्थिति आजको विश्वमा छैन। आजको विश्वयुद्ध सैनिक युद्धका रूपमा भन्दा ज्यादा व्यापारिक युद्धका रूपमा लडिँदैछ। अर्कोतिर, भूमण्डलीकृत वित्तीय पुँजी र त्यसको चरम एकाधिकारले आजको दुनियाँमा पुँजीपति वर्गको राष्ट्रवादी चरित्रलाई कति कमजोर बनाइदिएको छ भने राष्ट्रिय पुँजीपति वर्गको स्वतन्त्र अस्तित्व समाप्त हुँदै गएको छ। जब कि राष्ट्रिय पुजीपति वर्गको सहायता हिजो तेस्रो विश्वका मुलुकहरूमा सर्वहारा क्रान्तिका लागि प्रेरक थियो। आजको विश्वसमाजमा सामन्त र पुँजीपति वर्गबाट च्यूत भएको केही तप्का, विज्ञान र प्रविधिको सहायता लिएर आफ्नै ज्ञान र सीपले पुँजीको केही हिस्सा आर्जन गर्न सफल तप्का मध्यम वर्गका रूपमा देखा पर्दैछ। श्रमसहितको पुँजी लगानी यो वर्गको मुख्य विशेषता हो। जीवनका अनगिन्ती अभिलाषा बोकेको यो वर्ग जब वित्तीय पुँजीको एकाधिकारी पञ्जाबाट घायल हुन पुग्छ तब एकाधिकारका विरुद्ध प्रतिरोध युद्ध लड्न बाध्य हुन्छ। यसले आफ्नो त्यो बाध्यतालाई सामाजिक बाध्यताका रूपमा स्वीकार गर्न विवश हुन्छ। अतः यो वर्गलाई क्रान्तिको सहयोगी वर्गका रूपमा परिभाषित गर्नु एकीकृत जनक्रान्तिको विशेषता हो।

उपर्युक्त वस्तुस्थितिको कारण 'विकासोन्मुख (अर्धसामन्ती) देशहरूमा कम्युनिस्ट पार्टीको नेतृत्वमा पुँजीवादी क्रान्ति (नौलो जनवादी) गरेर मात्र समाजवादमा जानुपर्ने अवस्था अन्त्य भएको तथा 'समाजवादी सत्तामा राजकीय पुँजीसँग निजी पुँजीको प्रतिस्पर्धालाई एउटा निश्चित अवधिसम्म राज्यले योजनाबद्ध तथा मैत्रीपूर्ण सञ्चालन गर्नुपर्ने' एकीकृत जनक्रान्तिको निष्कर्ष रहेको छ। यसर्थ एकीकृत जनक्रान्ति जनयुद्धको विकास हो। नयाँ जनयुद्ध हो। विद्रोहात्मक जनयुद्ध हो।

फागुन १ को औचित्य जनयुद्धको मूल्यसँग जोडिएको छ। जनयुद्धको मूल्य माओवादसँग जोडिएको छ। माओवाद अर्थात् मालेमाको मूल्य सर्वहारा आन्दोलनको रक्षा र विकाससँग जोडिएको छ। एकीकृत जनक्रान्ति सर्वहारावर्गीय आन्दोलनको नवीन प्रयोग हो। प्रयोग आफैँमा चुनौती पनि हो। तर यसले मालेमाको आधारभूत मार्गनिर्देशनलाई इमानदारीका साथ आत्मसात गरेको छ। अतः फागुन १ को सम्झना गरौँ, त्यसप्रति उच्च सम्मान प्रकट गरौँ। त्यसको रक्षा र विकासका लागि फराकिलो सोचाइका साथ सङ्कल्पबद्ध होऔँ। २४ औँ जनयुद्ध दिवस जिन्दावाद!


## हार्दिक श्रद्धाञ्जली

जन्म : २००३ | निधन : २०७५ माघ २७



हाम्रो पार्टीका रामेछाप जिल्ला सेक्रेटरी क. कुलदीप थापामगर तथा उद्धव थापामगर, रामहरि थापामगर, विष्णु नगरकोटी र लीला थापामगरकी ममतामयी आमा **बिबलक्ष्मी थापामगर**को ७२ वर्षको उमेरमा निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौँ।

**क. विजय, इन्चार्ज, नेपाल कम्युनिस्ट पार्टी, पूर्वी ताम्सालिङ ब्युरो**



## हार्दिक श्रद्धाञ्जली तथा समवेदना !

जन्म : २००३ | निधन : २०७५ माघ २७



नेपाल कम्युनिस्ट पार्टीका रामेछाप जिल्ला सेक्रेटरी क. कुलदीप थापामगर (अभिलाष) की ममतामयी आमा **बिबलक्ष्मी थापामगर**को ७२ वर्षको उमेरमा निधन भएकोमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौँ।

**विवेक लामा**, जनसरकार प्रमुख

**जमिन**, **इन्चार्ज**, नेकपा रामेछाप, तथा जिल्ला समिति रामेछाप

# झापामा महिला र दलित सङ्गठनको सम्मेलन

**सुमन श्रेष्ठ :**

झापामा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) र दलित मुक्ति मोर्चाको जिल्ला सम्मेलन सम्पन्न भएको छ। शनिबार झापाको सुरुङ्गामा सम्पन्न जिल्ला सम्मेलनले रोशनी लिम्बूको अध्यक्षतामा १७ सदस्यीय महिला सङ्गठनको जिल्ला कार्यसमिति निर्वाचित गरेको छ। त्यस्तै दलित मुक्ति मोर्चाको सम्मेलनले प्रवीण दर्नालको अध्यक्षतामा १७ सदस्यीय दलित मोर्चा सङ्गठन गरेको छ। सम्मेलनमा प्रमुख अतिथिका रूपमा अनेमसङ्घकी केन्द्रीय सचिवालय सदस्य मनु अछामी उपस्थित थिइन्। त्यस्तै पार्टीका तर्फबाट झापाका जिल्ला सेक्रेटरी सुमनसिंह पौडेल उपस्थित थिए। सम्मेलनमा नेत्री अछामीले लैङ्गिक हिंसाविरुद्ध सङ्गठनले सङ्घर्ष गर्नुपर्ने बताउँदै दलाल पुँजीवादी राज्यसत्ता अन्त्य गरेर निर्माण गरिने वैज्ञानिक समाजवादले मात्र महिलाका सम्पूर्ण समस्या हल गर्ने भएकाले एकीकृत जनक्रान्तिको अभियानमा जुट्न सबैलाई अपिल गरिन्।

त्यस्तै नेकपा झापाका सचिव सुमनसिंह पौडेलले आफ्नो पार्टीले अघि सारेको एकीकृत जनक्रान्तिले नेपालमा आमउत्पीडित जातिजनजातिका समस्याहरूको समाधान गर्ने बताए। उनले अब महिलाहरू चुलोचौकोबाट माथि उठेर महिला मुक्तिको बाटो वैज्ञानिक समाजवादका निम्ति एकजुट हुनुपर्ने बताए। सम्मेलनमा अनेमसङ्घ क्रान्तिकारीकी मेची ब्युरो संयोजक सीता बास्कोटा र दलित मुक्ति मोर्चाका ब्युरो संयोजक मङ्गेश लकान्द्रीले बोलेका थिए। नवनिर्वाचित समितिका अध्यक्षहरूले सङ्गठनलाई जनताका बीचमा लिएर जाने बताए।

# क्रान्तिकारीको सम्मेलन, एनसेलविरुद्ध आन्दोलन

**पर्सा** : अखिल (क्रान्तिकारी) पर्साको छैटौँ जिल्ला सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले राधेश्याम शाहको नेतृत्वमा १३ सदस्यीय जिल्ला कार्यसमिति निर्माण गरेको छ। सङ्गठनका केन्द्रीय महासचिव प्रकाश शाहीको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनको अध्यक्षता राधेश्याम शाहले गरेका थिए।

सम्मेलनमा नेकपा मकवानपुर जिल्ला इन्चार्ज ज्वाला, रौतहट जिल्ला इन्चार्ज शङ्कर अधिकारी, पर्सा जिल्ला सेक्रेटरी बुच्ची, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा नारायणी क्षेत्रीय समन्वय समिति संयोजक मदन केसी, क्रान्तिकारी पत्रकार सङ्गठनका केन्द्रीय सदस्य सुदर्शनराज पाण्डे, मधेसी मुक्ति मोर्चाका केन्द्रीय सदस्य पारस ठाकुरलगायत नेता उपस्थित थिए। सम्मेलनसँगै विद्यार्थीले एनसेलको ७२ अर्ब करछलीविरुद्ध प्रदर्शन कार्यक्रम पनि सम्पन्न गरेका छन्। प्रदर्शनपछि आयोजित कोणसभालाई सङ्गठनका महासचिव प्रकाश शाही र युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य दिनेश शाहले सम्बोधन गरेका थिए भने सञ्चालन मदन केसीले गरेका थिए।

# हाम्रो लडाइँ सुरक्षाफौजसँग होइन, दलालहरूसँग हुन्छ : पुन

नेपाल कम्युनिस्ट पार्टीको मेची ब्युरोमा सञ्चालित सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानको २५ औँ दिन शुक्रबार इलाम र पाँचथरको सिमाना चिसापानी पञ्चमीबजारमा सामना सांस्कृतिक परिवारको बेजोड प्रस्तुतिसहित जनसभा सम्पन्न भएको छ। जनसभालाई पार्टीका पोलिटब्युरो सदस्य ओमप्रकाश पुनले सम्बोधन गरे। सम्बोधनका क्रममा नेता पुनले आफ्नो पार्टीका नेता-कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरेर राज्यले आफुहरूलाई उत्तेजित पार्न खोजेको बताए। पुनले आफ्ना दुईजना कलाकार कुमार धामी र लक्ष्मण तामाङलाई अपहरण शैलीमा गिरफ्तार गरेर सार्वजनिक मुद्दा लगाएको भन्दै बिनासर्त रिहाइको माग गरे।

नेता पुनले तत्कालीन शाहीसेना र अन्तर्राष्ट्रिय समुदायको अध्ययन र निष्कर्षअनुसार नेपालमा जनयुद्ध हुनुमा काङ्ग्रेस सरकार र उसले परिचालन गरेको नेपाल पुलिसको व्यवहार मुख्य कारण भएको स्मरण गराउँदै अहिले पनि केपी ओलीको सामाजिक फासिवादी सरकार र उसको निर्देशनमा अन्धाधुन्द परिचालन हुने पुलिस एकीकृत जनक्रान्तिको अप्रत्यक्ष सहयोगी र कारक शक्ति बन्न जाने बताए।

उनले भने, 'शान्तिपूर्ण कार्यक्रममा जनतालाई गीत-सङ्गीतद्वारा चेतना जगाउँदै हिँडेका कलाकारलाई गिरफ्तार गरेर पाँचथरका सीडीओ, डीएसपी र रविबजारका इलाका प्रहरी कार्यालयका इन्सपेक्टर तेजनारायण यादवले नेकपाको क्रान्तिकारी यात्रालाई अप्रत्यक्ष सहयोग गरेका छन्। सोच्न त उनीहरूले केपी ओलीको ताबेदारी गरेर आफ्नो फुली बढाउन खोजेका होलान् तर जनता र क्रान्तिकारी आन्दोलनका दृष्टिमा उनीहरू निकै गिरेका छन् र भविष्यमा जनअदालतको कठघरामा उभिने उद्योग गरेका छन्। यसका लागि उनीहरूलाई धन्यवाद छ।'

नेता पुनले सङ्गठन निर्माण र सुदृढ गर्ने अभियानमा लागेका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूबाट प्रहरी प्रशासन आतङ्कित हुन जरुरी नभएको बताए। उनले भने, 'हाम्रो लडाइँ अब प्रहरी, सेना र प्रशासनसँग संस्थागत लडाइँ हुँदैन। राजनीतिक दलसँग पनि संस्थागत लडाइँ हुँदैन। दलाल र भ्रष्ट जनविरोधीसँग हाम्रो लडाइँ हुन्छ। जसले देश, जनता र क्रान्तिकारी आन्दोलनका विरुद्धको हर्कत गर्छ त्यही नै सङ्घर्षको निशानामा पर्छ। दलाल पुँजीवादी व्यवस्थाको असफलतालाई विषयान्तर गर्न केपी ओली नेतृत्वको सरकारले हाम्रो पार्टीलाई जबर्जस्ती युद्धमा धकेल्ने कोसिस गर्दैछ। हाम्रो शान्तिपूर्ण न्यायको आवाजलाई जबर्जस्ती दबाउन खोजेमा जनताको बीचबाट त्यसको सशक्त प्रतिकार गर्ने तयार छौँ।' उनले गिरफ्तार कलाकार र अन्य जिल्लामा गिरफ्तार कार्यकर्तालाई तत्काल रिहा नगरे चरणबद्ध आन्दोलनको घोषणा गर्ने बताए।

सामना परिवारका आरोह नेपालीको सञ्चालनमा सम्पन्न कार्यक्रममा ब्युरो सदस्यहरू तारा थापा, सरल माझी, विज्ञान, निश्चल, यामलगायत अभियानटोलीका सदस्य, स्थानीय जनता, शिक्षक बुद्धिजीवी, विद्यार्थी, पत्रकार र सुरक्षाकर्मीको उपस्थिति रहेको थियो।

# भुवानी पौडलको श्रद्धाञ्जलीसभा

**चितवन** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेलका बुबा भुवानीप्रसाद पौडेलको श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ। भुवानीप्रसाद पौडेलको परिवारजनले चितवनको भरतपुरमा आयोजना गरेको उक्त समारोहमा नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' प्रमुख अतिथि थिए।

श्रद्धाञ्जली कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य तथा मध्य केन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' ले समाज रूपान्तरणको बाटोमा जीवनपर्यन्त सङ्घर्ष गर्ने भुवानीप्रसाद पौडेलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना दिए। नेता सुदर्शनले समाजमा धर्मसंस्कृतिमा आमूल परिवर्तन आवश्यक भएको भन्दै नेपालका कम्युनिस्टहरू नै सांस्कृतिक प्रतिक्रान्तिमा संलग्न भएको बताए। सन्देश पौडेलको परिवारले नयाँ संस्कृतिको सुरुआत गरेको भन्दै पौडेल परिवारले गरेको नयाँ सुरुआतको प्रशंसा गरे। उनले त्यसलाई समाजले अनुसरण गर्नुपर्ने पनि बताए। उनले आफ्नो पार्टी कुनै पनि हालतमा प्रचण्ड-बाबुरामको जस्तो विचलित नहुने र वैज्ञानिक समाजवाद स्थापना गर्ने अभियानमा लड्ने बताए।

श्रद्धाञ्जली कार्यक्रममा नेकपाका पोलिटब्युरो सदस्य अनिल विरहीले परम्परागत संस्कार नगर्दा यो समाजमा र टोलछिमेकमा कतै भूकम्प उत्पन्न हुनसक्ने भए पनि समाज बदल्ने अभियान सुरु गर्ने सन्देश पौडेलको परिवारलाई समवेदना व्यक्त गर्दै संस्कार बदल्ने अभियान सुरु गर्ने परिवारको प्रशंसा गरे। पुरानो सामाजिक परम्परा बदल्न आफैँले सुरु गर्नुपर्ने भन्दै नयाँ समाज रूपान्तरणका लागि कसले के भन्छ भन्ने कुराभन्दा पनि पहिले आफैँबाट सुरु गुर्नपर्ने उनले बताए। समाज परिवर्तन गर्ने अभियानमा पौडेल परिवारले चालेको कदमको उनले प्रशंसा गरे। कम्युनिस्टहरू मन्दिरमा गएर टाउको ठोक्नु र भैँसीपूजा गर्न पुग्नु गलत भएको भन्दै जनतालाई धार्मिक स्वतन्त्रता दिनुपर्ने र कार्यकर्ताहरूचाहिँ भौतिकवादी हुनुपर्ने कुरामा जोड दिए। कार्यक्रममा वामपन्थी बुद्धिजीवी शिक्षक प्रेम रिमालले सामाजिक र राजनीतिक परिवर्तनका लागि चितवनका सामाजिक अभियन्ता भुवानी पौडेलले जीवनमा निकै ठूलो कार्य गरेको बताए। उनले सामाजिक रूपान्तरण पहिले आफैँबाट सुरु गर्नुपर्ने बताए। उनले नेपालका क्रान्तिकारीहरू सामाजिक रूपान्तरणको अभियानबाट विचलित भएको बताए।

सांस्कृतिक रूपान्तरण मृत्यु संस्कारविषयक अन्तर्क्रियासहितको श्रद्धाञ्जली कार्यक्रममा नेकपाका चितवन जिल्ला सेक्रेटरी ध्रुवले नेकपाको केन्द्रीय समिति, मध्यकेन्द्रीय कमान्ड, पूर्वी कमान्ड र जिल्ला समिति चितवनको समवेदनापत्र वाचन गरेका थिए। यस्तै मृतक भुवानीप्रसादका कान्छा छोरा टुकनारायण पौडेलले भुवानीप्रसादले सामाजिक र राजनीतिक क्षेत्रमा गरेका योगदानका बारेमा समेटेर तयार पारिएको सङ्क्षिप्त जीवनी वाचन गरेका थिए। कार्यक्रममा नेकपाका पोलिटब्युरो सदस्य अनिल विरही, नेकपाका केन्द्रीय सदस्य एवम् भुवानीप्रसाद पौडेलका छोरा सन्देश पौडल, नेकपाका केन्द्रीय सदस्यहरू असल क्षेत्री, निर्मल राई, नेकपाका ब्युरो सदस्यहरू प्रकाशराज, लालबहादुर तामाङ, चितवन जिल्ला सेक्रेटरी ध्रुव, बुद्धिजीवी प्रेम रिमाललगायतको उपस्थिति थियो। श्रद्धाञ्जली कार्यक्रमको अध्यक्षता भुवानीप्रसादकी जीवनसँगिनी शिवकुमारी पौडेलले गरेकी थिइन्।

कार्यक्रममा प्रमुख अतिथि सुदर्शन, अतिथि अनिल विरहीलगायत नेताहरूले सेतो कपडा लगाउने पुरानो रूढिवादी सामाजिक परम्परा त्याग्दै भुवानीप्रसाद पौडेलकी जीवनसँगिनी शिवकुमारी पौडेललाई रातो कपडा प्रदान गरेका थिए।

# नेता–कार्यकर्ताको सैद्धान्तिक स्तर विकास गर्न पार्टी स्कुल सञ्चालन

एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्यसहित आफ्ना राजनीतिक कार्यक्रम अघि बढाइरहेको नेकपाले आफ्नो पार्टीका नेता-कार्यकर्ताको सैद्धान्तिक स्तर विकास गर्नका लागि पश्चिम केन्द्रीय कमान्डमा अभियानकै रूपमा पार्टी स्कुल सञ्चालन गरिरहेको छ जसअनुसार माघ १५ गतेदेखि १७ गतेसम्म कैलालीमा सञ्चालन भएको स्कुलिङमा ७० जना पार्टीका नेता-कार्यकर्ता सहभागी भएका छन्। यस्तै अछाममा माघ १९ देखि २१ सम्म ९० जना प्रशिक्षार्थीको सहभागितामा स्कुलिङ सञ्चालन भएको छ। यस्तै डँडेल्धुराको जोगबुढामा ८२ जना प्रशिक्षार्थीको सहभागितामा माघ २४ देखि २१ सम्म सञ्चालन भएको छ। उक्त पार्टी स्कुलिङमा स्कुलिङ विभागका सदस्य तथा पार्टीका पोलिटब्युरो सदस्य रणवीरले दर्शन, अर्का पोलिटब्युरो सदस्य गम्भीर र स्कुलिङ विभागका सदस्य गतिले वैज्ञानिक समाजवाद र केन्द्रीय सदस्य भेषराज भुसालले राजनीतिक अर्थशास्त्रसम्बन्धी विषय पढाइरहेका छन्।

कम्युनिस्ट कार्यकर्ताको राजनीतिक सैद्धान्तिक क्षमता विकास र विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त पार्टी स्कुल भेरी, कर्णालीलगायत अन्य ठाउँहरूमा पनि सञ्चालन हुने जानकारी स्कुलिङ विभागका सदस्य गतिले दिएका छन्। कम्युनिस्ट पार्टीका कार्यकर्तामा आधारभूत रूपमा सैद्धान्तिक ज्ञान हुन आवश्यक भएको भन्दै स्कुलिङ विभागका सदस्य गतिले आफूहरूले सञ्चालन गरेको स्कुलले नेता-कार्यकर्ताको स्तर विकास हुने बताए। यसअघि नेकपाका स्थायी समिति सदस्य तथा पश्चिम कमान्ड इन्चार्ज धर्मेन्द्र बास्तोला 'कञ्चन' ले पश्चिमकमान्डमा पार्टी स्कुलिङ सुरु गर्दा पार्टीको विचारलाई नेपाली क्रान्तिले माग गरेअनुसार अहिलेको समाजलाई क्रान्तिकारी रूपान्तरण गर्नका लागि देश र जनताले माग गरेअनुसार बुझाइको स्तर माथि उठाउन पार्टी स्कुलिङ सञ्चालन गरिएको बताएका थिए। स्कुलिङसम्बन्धी पुरानो विचारलाई बदल्न र खारेज गर्न नयाँ पार्टी स्कुल चलाउन आवश्यक परेको भन्दै नेता कञ्चनले आफ्नो पार्टीले सञ्चालन गरेको पार्टी स्कुलिङले पार्टीका नेता-कार्यकर्तामा भएको पुरानो सोचाइ बदल्नु रहेको बताएका छन्। नेता कञ्चनले दर्शनलाई पुस्तकालयबाट झिकेर जनताका हातमा लैजाऊ भन्ने माओको भनाइझैँ कम्युनिस्ट विचार र दर्शनलाई एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' लाई स्थापित गर्न स्कुलिङले महत्वपूर्ण भूमिका निर्वाह गर्नुमा जोड दिएका थिए।

## कविता

### बिदाइको हात हल्लाएको क्षण

सीता विक 'सम्झना'

सम्झिरहेछु ती दिनहरू  
बमबारुदका गर्जनहरूमा  
यात्रा गरेका प्रिय यात्रीहरू  
समयका वेगहरूसँग  
बेपरबाह मुक्तियुद्धमा कुदिरहने  
अथक योद्धाहरू  
सम्झिरहेछु ती सहिदहरूले  
अन्तिमसम्म क्रान्ति, परिवर्तन जिन्दावाद  
भन्दै  
बिदाइको हात हल्लाएको क्षण  
सम्झिरहेछु घाइते योद्धाहरूले  
पीडाको चित्कारसँगै  
विजयको शुभकामना दिएको समय  
साँच्चै कति बलवान् थियो त्यो समय  
कति ऊर्जाशील थियो त्यो पल  
कति सुन्दर थियो त्यो परिवेश  
कति शक्तिशाली थियो  
त्यो अभियान  
हो हामी सिर्जना गरिहेका छौँ फेरि  
जनक्रान्तिको  
त्यस्तै शक्तिशाली अर्को महाअभियान !

### बेनी आक्रमण

बीपी विद्रोही

कमरेड !  
सम्झना छ २०६० चैत सात गते ?  
भैँसीझैँ तातोपानीमा आहाल बस्दा  
कताकता रगतको गन्ध आयो कि आएन  
कम्पनी कमान्डर सहिद क. शिशिरको रगत  
त्यही मिसिएको थियो नि ?

तपाईंले बिर्सिए पनि...  
मलाई सम्झना छ कमरेड त्यो समय  
रुकुमको लुकुम गाउँबाट रोल्पा हुँदै  
ढोरपाटनदेखि दरबाङ ओर्लिएको त्यो रात  
मङ्गलसेन स्मृति ब्रिगेड  
घोराही सतबरिया स्मृति ब्रिगेड  
वासु स्मृति ब्रिगेड र  
लिस्नेगाम स्मृति ब्रिगेडहरू  
धौलागिरि हिमाल हल्लाउँदै  
बेनीबजार छिरेको।

तपाईं जुन हेलिकोप्टर लिएर नुहाउन जानुभो  
हो ! सेनाको त्यही हेलिकोप्टर थियो  
कमरेड बहुवीरको टाउकोमा  
अन्धाधुन्द बम बर्साउने  
नपत्याए सोध्नुस् त !  
त्यो रात ब्यारेक छोडेर भागेका  
कालीप्रसाद गणका कर्णेल  
राजु नेपालीलाई ?

बेनीबजारमा गएर गर्नुभो  
पाँच मिनेट मौनधारण ?  
अनि बाल्नुभयो एउटा दियो ?  
कमरेड छाम्नुस् त एकपटक  
अझै मेटिएको छैन...  
अलैँचीका पातहरूमा लतपतिएको रगत।  
हेर्नुहोस् त कालीप्रसाद गणको वरिपरि  
भेटिनेछन् अझै...  
सुनौला सपनाका कङ्कालहरू।

## रगतले लेखिएको ...

जनताको सपना देखेका थिए। मानिसहरूद्वारा मानिसहरूको शोषणको अन्त्य भएको एउटा स्वच्छ हावा बहने गाउँ वा सहर होस्। गाउँ र सहरका मानिसहरूको श्रम सबैको कर्तव्य बनोस् र श्रमले मुक्ति पाओस्। यसले गर्दा गाउँ र सहरको, शारीरिक श्रम र मानसिक श्रमका बीचको भेदभाव हट्दै जाओस्। गाउँ वा सहरको मास्तिर लटरम्म स्याउ, नास्पाती, किवी र अङ्गुरहरू फलून् अनि गाउँ वा सहरको तलतिर फाँटहरूमा झपक्क धान, गहुँ र तोरीका बालाहरू झुलून्। सहर र गाउँभन्दा केही किलोमिटर पर नदीको किनारमा वा जङ्गलको छेउमा वैज्ञानिक ढङ्गले कारखानाहरू चलून्, बच्चाबच्चीहरूका लागि हरेक घरमा दुग्धशालामा जोडिएका पाइपबाट आवश्यक दूध आओस्। सहर र गाउँका बीचमा निकुञ्ज होऊन्। सुन्दर काठमाडौँ र पोखरा उपत्यकालाई कुरूप बनाउने भूमाफियामाथि अपराधी घोषणा गरेर जनअदालतमा बुझाइयोस्। काठमाडौँको बीच भागमा समग्र देशको जनप्रशासनिक निकाय होस्। त्यसको बाहिर हरित पेटी र त्यसका बीचबीचबाट विभिन्न प्रशासनिक निकायमा छिर्ने बाटाहरू, त्यसबाहिर निश्चित दूरीमा राखिएका घरहरूमा बजार। यो चक्रपछि फेरि चक्रपथ होस् र हरित चक्र र फेरि बजार। बीचबीचमा मानव जातिको सुविधाका लागि निकुञ्ज। यसरी नै तराईको उर्वर भूमि भूमाफियाको हातमा नजाओस्। त्यहाँ बजार र उत्पादन क्षेत्र छुट्ट्याइयोस्। देशका हरेक सहर र गाउँ धुवाँ-धुलोरहित होऊन्। कतै कोही रुने र कोही हाँस्ने स्थिति नबनोस्। कसैले मस्तीसँग लुटेर खाने र कोही रगत-पसिना बगाउँदा पनि कुपोषणले मर्ने स्थिति नबनोस्। हरेक मानिसले आफ्नो योग्यताअनुसार काम गरोस् र आवश्यकताअनुसार लैजाओस्। गाँस, बास, कपासको मात्र होइन, शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको समस्या कुनै टाउकोदुःखाइको विषय नहोस्। गाउँ-सहरको मास्तिर फल्ने स्याउजस्तै गाला भएका मानिस होऊन् र गाउँ र सहरको तल फाँटमा झुलेका अन्नबालीजस्तै खुसी जनगण होऊन्।

यही सपना बोकेर उनीहरूले दस वर्षको गौरवमय हतिहासका हरेक मोर्चामा बलिदान गरेका थिए। उनीहरूले त्यो बलिदान जुन सत्ताका विरुद्ध विद्रोह गर्दा गरेका थिए त्यसैमा आँखा चिम्लेर हाम्फाल्नका लागि होइन। एउटा भौतिकवादी कम्युनिस्ट क्रिस्चियन भएर डलर पाउने रूढिवादी आदर्शवादको चाकर बन्नका लागि होइन। उनीहरू द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विजयका लागि र अधिभूतवादी आदर्शवादको पराजयका लागि लडेका थिए। ती सहिद योद्धाहरूले दह्रोसँग समातेका बन्दुकहरूमा गोलीको म्यागेजिन मात्र थिएन, दिमागमा मार्क्सवाद-लेनिनवाद-माओवादको म्यागेजिन पनि जोडिएको थियो। त्यसकारण जनयुद्धमा बन्दुकको मोहरीबाट विध्वंशक गोली मात्र निस्केका थिएनन्, बरु सिर्जनाका फूलहरू फुलेका थिए। कविता, गीत र उपन्यासहरू लेखिएका थिए। नयाँ विद्यालयहरू खुलेका थिए। होलेरीदेखि थबाङसम्म सहिद मार्ग खनिएको थियो। रोल्पाको घोर्नेटीमा जननमुना अस्पताल बनेको थियो। त्यो यात्रा जारी छ। एकीकृत जनक्रान्तिका बन्दुकहरूले खुलालु-मालकोट- रूपसाको बाटो बनाउँदैछन्। थबाङमा भव्य इमारत खडा भएको छ। च्यात्रामा स्कुल बन्दैछ। सर्लाहीको हजारियामा सल्लाहकार सचिव चित्रबहादुर आलेको घर। जनयुद्धमा जसरी नयाँ विचारधारा, नयाँ सस्कृति, नयाँ चालचलन र रीतिरिबाजको विकास हुँदै थियो त्यसरी नै हामी त्यसको विकास गर्दैछौँ। हाम्रा बन्दुकहरूले समाजवाद ल्याउने मात्र होइन, समाजवाद टिकाउने विचारधारा विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्।

खबरदार, धोकेबाज प्रचण्डहरू फेरि 'ठूलो माओवादी आन्दोलन हुनसक्छ' भनेर हाम्रा बन्दुकहरूलाई नगदीकरण गर्ने षड्यन्त्र नगर। तिम्रा सबै कर्तुतहरू हामीलाई राम्रोसँग थाहा छ। जनयुद्धको ब्याज खाँदै एकीकृत जनक्रान्तिको नगदीकरण गरी तिमी केपी ओलीलाई तर्साएर भारतको आडमा प्रधानमन्त्री बन्ने दुस्साहस नगर। भेनेजुएलाका मडुरोलाई समर्थन गरेर भारतको आड लिने र चिनियाँ विश्वास जित्ने कल्पना नगर। भारतका मोदी र चीनका सी चिन फिङ तिमीभन्दा धेरै बाठा छन्।

**आदरणीय सहिद तथा बेपत्ता योद्धा परिवारजन र घाइते–अपाङ्ग योद्धाहरू,**

जनयुद्धले हामीलाई बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनैपर्छ भन्ने माओको भनाइलाई पुष्टि गरेको छ। उत्पीडित जनसमुदायको कुनै पनि सदस्यले बन्दुक चलाउने कला नसिकीकन र बन्दुक उठाउने साहस नगरीकन मुक्ति प्राप्त गर्न चाहन्छ भने त्यो दास हुन लायक हुन्छ। संसदीय चुनावबाट न कुनै उत्पीडित वर्गको सदस्य मुक्त हुनसक्छ, न त उत्पीडित वर्गको सत्ता प्राप्त हुन्छ। बरु पार्टीले बन्दुक चलाउनुपर्छ र बन्दुकले पार्टी चलाउन हुँदैन भन्ने कुरामा हामी स्पष्ट हुनुपर्छ। क्रान्तिकारी भनेको त्यो हो जसले बन्दुक लिएर समाज रूपान्तरण गर्दछ। बन्दुक लिएर जसले उत्पीडित वर्गको शोषण, दमन र अत्याचार गर्दछ त्यो शोषक वर्ग हो। यही कुरा आज केपी ओली र पीके दाहालले गरिरहेका छन्। उनीहरूले बन्दुक लिएर तस्करी, भ्रष्टाचार र बलात्कार गरिरहेका छन्। त्यसकारण बन्दुक उठाउँदैमा कोही पनि क्रान्तिकारी हुँदैन। वर्गदृष्टिकोणसहितको बन्दुक मात्र सार्थक हुन्छ।

हामी हाम्रा कमरेडहरूलाई दस वर्षको गौरवमय इतिहासमा देशका गाउँ-बस्ती र कुनाकन्दरामा दफनाएर आएका छौँ। त्रिवेणी, बेथान, घोराही, अछाम, सल्लेरी, स्याङ्जा, सतीपोले, गाम, चित्रेभन्ज्याङ, बेनीबजार जुम्ला, सन्धिखर्क, ठाकुरद्वारा आदि ब्यारेकहरूमाथि हमला गर्दा विजय र पराजय दुवैका लागि वीरहरूलाई छोडेर आएका छौँ। हामीले मालेमावादको मार्गनिर्देशनमा सहिदहरूको रगतले सिँचिएको एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादको विकास गरेका छौँ। यसलाई लागू गर्नु नै सहिदहरूको सपना साकार पार्नु हो। हामी जनयुद्धको २४ औँ वार्षिकोत्वका अवसरमा सहिदको सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।

# प्रहरीले नारा मेटेपछि नेकपाले दियो चेतावनी

**शिव डुम्रे / बुटवल**

नेपाल कम्युनिस्ट पार्टीले देशभर जनयुद्धको २४ औँ वार्षिकोत्सव मनाउने तयारी गरिरहेको छ। लुम्बिनी ब्युरोअन्तर्गत पर्ने कपिलवस्तु जिल्लामा लगाइएका आधा दर्जनभन्दा धेरै जनयुद्ध दिवससम्बन्धित नारा अङ्कित ब्यानर र सडकछेउमा लेखिएका दुई दर्जन नारा प्रहरीले मेटिदिएको छ। 'जनयुद्ध दिवस सफल पारौँ, वैज्ञानिक समाजवाद जिन्दावाद एकीकृत जनक्रान्ति जिन्दावाद' लगायत नारा र ब्यानर मेटाइएको नेकपाले जनाएको छ।

संविधानप्रदत्त अधिकारमा सङ्घसङ्गठनका नारा लेख्न पाइने भए पनि नेपाल कम्युनिस्ट पार्टीले लेखेको नारा तथा ब्यानरहरू यसरी फालिएको हो। कपिलवस्तु र दाङको सिमानामा पर्ने धानखोलामा लेखिएका सबैजसो नारा पोतेर मेटाइएको छ भने मुख्य सहर र चोकहरूमा लगाइएका ब्यानर रातारात हटाइएको छ।

यसैक्रममा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तुले विज्ञप्ति जारी गर्दै 'संविधानले लागू गरेको मौलिक हक कुल्चिँदै राजनीतिक नारा हटाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको' जनाएको छ। नेकपाले बन्दुकको भाषा प्रयोग नगर्नसमेत चेतावनी दिएको छ। जिल्ला इन्चार्ज सङ्गमद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'जनतालाई सुसूचित गराउने राजनीतिक नारा हटाउनु द्वन्द्वको आगमन हो।'

## पश्चिम ताम्सालिङ ...

सञ्चालन गरेको अभियानले जनतामा नयाँ उत्साह पैदा गरेको बताए। अर्का केन्द्रीय सदस्य प्रवीणले शान्तिपूर्ण कार्यक्रममा सरकारले हस्तक्षेप गरिरहेको भन्दै देशका विभिन्न ठाउँमा आफ्नो पार्टीका नेता-कार्यकर्तामाथि गरिएको हस्तक्षेप निन्दनीय भएको बताए। नेकपा रसुवाका इन्चार्ज रजमान तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन धादिङ सेक्रटरी बुद्ध गुरुङले गरेका थिए भने नुवाकोट सेक्रेटरी बिन्तोसले स्वागत भाषण गरेका थिए।

यसैबीच पश्चिमताम्सालिङ ब्युरोअन्तर्गत चितवन जिल्लाको प्रशिक्षण कार्यक्रम पनि सम्पन्न भएको छ। बुधबार सम्पन्न कार्यक्रम चितवन जिल्ला सेक्रेटरी ध्रुवको अध्यक्षतामा सम्पन्न भएको थियो।

# जनप्रगतिशील मोर्चा कतारले मनायो २४ औँ जनयुद्ध दिवस

**कतार** : नेपाली मजदुरहरूको प्रतिनिधित्व गर्दै आएको नेपाली जनप्रगतिशील मोर्चा कतारले मजदुर मुक्ति तथा उत्पीडित वर्गका मागहरूलाई आफ्नो प्रमुख एजेन्डा बनाएर जनयुद्ध दिवसको २४ औँ वर्षगाँठ सम्पन्न गरेको छ।

मोर्चाका महासचिव जयकिशोर पोद्दारद्वारा सञ्चालित कार्यक्रमको अध्यक्षता मोर्चाका अध्यक्ष शिशिर भण्डारीले गरेका थिए। कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका मध्यपूर्व सेक्रेटरी तथा कतार मोर्चा सल्लाहकार प्रमुख रमेश गिरीको उपस्थिति थियो।

कार्यक्रममा सल्लाहकारहरू रेशम पौडेल, श्रीकृष्ण भट्टराई, राजेन्द्र लिम्बू, टीका नेपालीलगायतको उपस्थिति थियो। १० बर्से जनयुद्धमा सहादत प्राप्त गर्ने महान् सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै सुरु भएको कार्यक्रममा जनयुद्धमा दाजु गुमाएका गोमा मगर र बुबा गुमाएका बिर्ख शाहीलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो।

कार्यक्रममा महिला प्रमुख जमुना श्रेष्ठले आधा आकाश ढाकेका महिलाहरू मुक्तिका निमित्त सशक्त भएर क्रान्तिमा लामबद्ध हुनुको विकल्प नहरेको बताइन्। उनले जो जहाँ रहे पनि देश, जनता र महिला मुक्तिको सङ्घर्षमा एक भएर अगाडि बढ्नुपर्नेमा जोड दिइन्। उनले नेपालमा अबको क्रान्ति निर्णायक हुने भएकाले युवाहरूको उत्साहलाई संस्थागत गर्दै सङ्गठित भएर अगाडि बढ्न सुझाव दिइन्। कार्यक्रममा रमेश गिरीले जनयुद्ध दिवसको २४ औँ वर्षगाँठसम्म आइपुग्दा देशमा विभिन्न उतारचढावहरू सहेर पनि युवाहरूमा देखिएको उत्साहले नयाँ नेपाल निर्माण गर्न एकीकृत जनक्रान्तिको विकल्प नरहेको बताए। उनले यो जिम्मेवारी युवाहरूले नै पूरा गर्ने आशा दर्साउँदै यो उत्साहलाई अन्तिमसम्म निरन्तरता दिन पनि उपस्थित सबैमा सुझाव दिए।

कार्यक्रममा सल्लाहकार रेशम पौडेल, श्रीकृष्ण भट्टराई र राजेन्द्र लिम्बूले पनि क्रान्तिमा सहयोगका लागि प्रतिबद्ध रहेको धारणा राखे। एकीकृत जनक्रान्तिमा प्रत्यक्ष योगदान दिने उद्देश्य राखेर स्वदेश फर्किन लागेका मोर्चाका कोषाध्यक्ष गणेश विकलाई उनको योगदानको कदर गर्दै ससम्मान बिदाइ गरिएको थियो। सचिव रवीन पुनलाई कोषाध्यक्षमा नियुक्त गरिएको र सदस्य वेद बोहोरालाई सचिव तथा थप रिक्त स्थानमा विभिन्न एकाइका जिम्मेवार चारजनालाई केन्द्रीय समिति सदस्यमा नियुक्त गरिएको जनाइएको छ।

सोही अवसरमा अध्यक्ष सुरेन्द्र चौधरी, सचिव गौरव सूर्यवंशी, कोषाध्यक्ष थमनबहादुर, सदस्यहरू सुभास तामाङ, महेन्द्र सुनार, कृष्णमान श्रेष्ठ, देमान थापा, जितबहादुर चौधरी, कुमार कार्की, मदनकुमार वान्तवा राई रहेको ११ सदस्यीय एकाइ गठन गरिएको छ।







**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

# जनयुद्धकै झझल्को दिने गरी रातारात सङ्ठन विस्तार

काभ्रे : नेकपाले जनयुद्धकालीन समयमा जस्तै गरेर दिनरात सङ्गठन विस्तार गरिरहेको छ। प्राप्त जानकारीअनुसार यतिबेला काभ्रेका सुन्दर गाउँका गाउँगाउँमा नेकपाले जनयुद्धको झल्को दिने गरी मार्चपास्ट गर्नुका साथै गाउँबस्तीमा पसेर नाचगान गर्ने, पार्टीका कुरा राख्ने, जनतालाई भेला पारी रातारात सङ्गठन विस्तार गरिरहेको समाचार छ। अभियानकर्मीले गाउँगाउँ पुगेर पुराना नेताकार्यकर्तालाई पनि भेटिरहेका छन्।

अभियान टोलीले काभ्रेको चौँरीदेउराली गाउँपालिकामा हालसम्म २५ वटा एकाइ समिति गठन गरेको छ। यस्तै महिला दलित, विद्यार्थीलगायत विभिन्न जनवर्गीय सङ्गठनहरू निर्माण गरिरहेको छ। गाउँमा जनसत्ताको अभ्यास भैरहेको र संसदीय व्यवस्थाले जनतालाई दुःख दिएकाले अब आफूहरूले छिट्टै त्यस्ता जनप्रतिनिधिलाई कारबाही गरिने अभियानकर्मीले बताएका छन्।

# गिरफ्तार नेता–कार्यकर्तालाई तत्काल रिहा गर्न माग

काठमाडौँ : सगरमाथा ब्युरोअन्तर्गत उदयपुरको त्रियुगा नगरपालिका १५ दहनबाट नेपाल कम्युनिस्ट पार्टीका ६ जना नेता-कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा नेकपाका अग्रीम, मीन, अमृत, रीतु, गौरव र रामकृष्ण रहेका छन्। शनिबार दिउँसो जनतासँग बसेर अन्तरक्रिया गरिरहेको बेला प्रहरीले उनीहरूलाई पक्राउ गरेको नेकपा स्रोतले जनाएको छ।

आफ्ना नेता-कार्यकर्तालाई शान्तिपूर्ण राजनीतिक भेला-सम्मेलन र जनभेटघाट गरिरहेको अवस्थामा सरकारले बिनाकारण पक्राउ गरेको भन्दै नेकपाले बिनासर्त रिहाइको माग पनि गरेको छ। नेकपाले अहिले देशभरि नै सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान चलाइरहेको छ। उक्त अभियानमा आफ्नो पार्टीप्रति जनताको आकर्षण बढिरहेकाले त्यसलाई रोक्न सरकार दमन अभियानमा उत्रन लागेको नेकपाका नेता-कार्यकर्ताहरूको भनाइ छ।

यसैबीच नेकपा उदयपुरका सेक्रेटरी प्रशान्तले पक्राउ गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई तत्काल रिहाइको माग गरेका छन्। प्रशान्तले आइतबार प्रेसविज्ञप्ति जारी गर्दै बिनाकारण आफ्ना नेता-कार्यकर्ता गिरफ्तार गरिएको भन्दै बिनासर्त रिहाइको माग गरेका छन्। राज्यले दमनविरुद्ध विद्रोह गर्न सम्पूर्ण जनसमुदायलाई हार्दिक अपिल गर्दै त्यसबाट उत्पन्न हुने परिणामको जिम्मा सम्बन्धित पक्षले लिनुपर्ने कुरा सेक्रेटरी प्रशान्तको विज्ञप्तिमा उल्लेख छ।

# सामना परिवारका कलाकार गिरफ्तार, बिनासर्त रिहा गर्न जनसांस्कृतिक महासङ्घको चेतावनी

**काठमाडौँ** : अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारका जनकलाकार कुमार थामी र लक्ष्मण तामाङलाई प्रहरीले गिरफ्तार गरेको छ। उनीहरूलाई पाँचथर जिल्लाको श्री दुर्गा मावि रविबजारबाट प्रहरीले गिरफ्तार गरेर फिदिम लगेको अखिल नेपाल जनसांस्कृतिक महासङ्घले जनाएको छ।

नेपाल कम्युनिस्ट पार्टी निकट महासङ्घका महासचिव खेम थपलियाले बिहीबार प्रेसविज्ञप्ति प्रकाशित गरी उक्त विषयमा ध्यानाकर्षण गराएका छन्।

उनले गिरफ्तार जनकलाकारहरूलाई यथाशीघ्र रिहा गर्न माग पनि गरेका छन्। महासङ्घले आफ्ना कार्यकर्ताहरू रिहा नगरिए सरकारविरुद्ध सशक्त प्रतिरोध गर्ने चेतावनी पनि दिएको छ। त्यसबाट उत्पन्न हुने परिस्थितिको भागीदार स्वयम् सरकार हुने चेतावनी महासङ्घले विज्ञप्तिमार्फत दिएको हो।

# सल्यानका गाउँगाउँमा अभियान टोली

**सल्यान** : नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताले सल्यानका गाउँगाउँमा पुगेर सङ्गठन विस्तार अभियानलाई तीव्र बनाएका छन्। जिल्लाका छत्रेश्वरी, कुमाख, दार्मा गाउँपालिका र बागचौर नगरपालिकामा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान अगाडि बढिरहेको छ। स्थानीय तहमा मङ्गलबार एकै दिन १७ वटा सङ्गठन बनाएको नेकपाले बुधबार २१ वटा सङ्गठन निर्माण गरेको छ। २१ सङ्गठनमा २ सय १३ जना सदस्य छन्। बागचौर नगरपालिका ५ मा पूर्ण चन्द सेक्रेटरी रहेको ११ सदस्यीय वडा समिति निर्माण गरिएको छ। सोही वडामा रेशम परियारको अध्यक्षतामा ७ सदस्यीय युवा सङ्गठनको वडा समिति निर्माण भएको छ। बानपाकै वडा नं. ३ मा लालबहादुर रसाई सेक्रेटरी रहेको ११ सदस्यीय वडा समिति, गीता डीसीको अध्यक्षतामा १३ सदस्यीय महिला वडा समिति, खालीडाँडामा अन्जु रसाइलीको अध्यक्षतामा १७ सदस्यीय महिला एकाइ समिति गठन गरिएको नेकपा सल्यानले जनाएको छ। उता कुमाख गाउँपालिकामा विशाल सेक्रेटरी रहेको ९ सदस्यीय गाउँपालिका समिति निर्माण गरिएको छ। कुमाखकै वडा नं. २ मा नोखिराम चुनारा सेक्रेटरी रहेको ५ सदस्यीय वडा समिति निर्माण भएको छ। तिलक परियारको अध्यक्षतामा १३ सदस्यीय दलित मुक्ति मोर्चा गठन भएको छ। वडा नम्बर २ को कोटबारामा उमा परियारको अध्यक्षतामा २१ सदस्यीय महिला एकाइ समिति र खत्री टोलमा रूपकली सुनारको अध्यक्षतामा १५ सहस्यीय महिला एकाइ समिति बनेको जनाइएको छ।

कुमाखकै वडा नम्बर ४ मा पनि मुना विकको अध्यक्षतामा १७ सदस्यीय वडा समिति बनेको छ। टीकाराम विकको अध्यक्षतामा ७ सदस्यीय दलित मुक्ति मोर्चा वडा समिति निर्माण भएको छ। सुरेश नेपालीको अध्यक्षतामा ९ सदस्यीय युवा सङ्गठन पनि निर्माण भएको छ। छत्रेश्वरी गाउँपालिकाको वडा नम्बर ४ हारिचारमा गोपाल खड्का सेक्रेटरी रहेको ५ सदस्यीय पार्टी एकाइ समिति निर्माण भएको छ। हारिचारमै मीना वलीको अध्यक्षतामा ७ सदस्यीय महिला एकाइ समिति निर्माण गरिएको नेकपा छत्रेश्वरीले जनाएको छ। छत्रेश्वरीको वडा नम्बर ४ जयचौर बजारमा कोणसभा आयोजना गरिएको थियो। सभामा दैलेख जिल्ला इन्चार्ज विवेक, छत्रेश्वरी गाउँपालिका इन्चार्ज टोपबहादुर केसीलगायतले मन्तव्य राखेका थिए। उनीहरूले आफ्नो पार्टीले सञ्चालन गरेको एकीकृत जनक्रान्तिलाई साथ दिन पनि आग्रह गरे।

त्यसैगरी दार्मा गाउँपालिका वडा नं. ५ मा मित्रमणि खड्का सेक्रेटरी रहेको ९ सदस्यीय वडा समिति बनेको नेकपा दार्माले जनाएको छ। अम्बरबहादुर खड्का प्रमुख रहेको ५ सदस्यीय जनपरिषद् नेपाल गठन भएको छ। यो नेकपाले सञ्चालन गरेको जनसत्ता हो।

दार्माको वडा ५ नं. मै थलबहादुर वलीको अध्यक्षतामा ९ सदस्यीय युवा सङ्गठन निर्माण भएको छ। यहाँ दीपक वली संयोजक रहेको ५ सदस्यीय किसान समिति निर्माण गरिएको जनाइएको छ। वडा नम्बर ५ को जलेखर्कमा पनि विनोद केसी संयोजक रहेको ९ सदस्यीय युवा एकाइ समिति निर्माण भएको छ। वडा नम्बर ६ मा कल्पना खड्का संयोजक रहेको ९ सदस्यीय महिला वडा समिति निर्माण भएको नेकपा सल्यानले जनाएको छ। यसरी जिल्लाका विभिन्न ठाउँमा सङ्गठन विस्तारका लागि टिम छुट्ट्याएर प्रशिक्षण दिइरहेको जानकारी नेकपा सल्यानका इन्चार्ज विश्वले दिएका छन्।

सङ्गठन विस्तार तथा सुदृढीकरण अभियान र प्रशिक्षणका लागि नेकपाका केन्द्रीय सदस्य मिलन, सल्यान जिल्ला इन्चार्ज विश्व, दैलेख जिल्ला इन्चार्ज विवेक, युवा सङ्घका केन्द्रीय अध्यक्ष पाटन, अनेमसङ्घ राप्ती ब्युरो संयोजक हेमन्ता, नेकपाका सल्यान जिल्ला सदस्य टाइगर, मोहन, टोपबहादुर केसीलागयतको समूह गाउँगाउँमा खटिएको छ। उनीहरूले जनतालाई आफ्नो पार्टीको एकीकृत जनक्रान्तिलाई साथ दिन आग्रह पनि गरेका छन्।

# अभियान टोलीलाई नछोडे सङ्घर्ष चर्काउने चेतावनी

**बुटवल** : नेपाल कम्युनिस्ट पार्टीले आफ्नो सङ्गठन विस्तार तथा सुदृढीकरण अभियानमा परिचालित नेता-कार्यकर्तालाई तत्काल रिहा नगरे आन्दोलन चर्काउने बताएको छ। अर्घाखाँचीको छत्रदेव गाउँपालिका ४ केरुङ्गाबाट अभियानका क्रममा रहेका गुल्मी जिल्ला इन्चार्ज पूर्णबहादुर सिंह, सेक्रेटरी खिमबहादुर खड्का, अर्घाखाँची जिल्ला पार्टी सचिवालय सदस्य पिताम्बर पोखरेल र टुकलाल पुनलाई प्रहरीले गिरफ्तार गरेपछि नेकपा लुम्बिनीले आन्दोलनका कार्यक्रम अघि बढाउने बताएको हो।

नेकपाका ब्युरो इन्चार्ज वीरजङ्गले प्रेसविज्ञप्ति जारी गर्दै गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता तथा कार्यकर्तालाई तत्काल रिहा नगरे लुम्बिनी ब्युरो बन्दसहितको कडा सङ्घर्षका कार्यक्रम घोषणा गरेका छन्। विज्ञप्तिमा नेता वीरजङ्गले आन्दोलनबाट निस्कने परिणामको जिम्मेवारी सम्बन्धित पक्षले लिनुपर्ने कुरा पनि विज्ञप्तिमार्फत जानकारी गराएका छन्। गिरफ्तार गरिएका नेता-कार्यकर्ताहरूलाई अर्घाखाँचीको सन्धिखर्कमा राखिएको छ भने उनीहरूलाई सार्वजनिक मुद्दा लगाइएको जानकारी पारिवारिक स्रोतले दिएको छ।

# विभिन्न ठाउँमा अखिल (क्रान्तिकारी) को प्रदर्शन

अखिल (क्रान्तिकारी) ले देशका विभिन्न ठाउँमा विरोध प्रदर्शन गरेको छ। यसैबीच उदयपुरको सदरमुकाम गाईघाट बजारमा विरोध प्रदर्शन गरेको छ। एनसेलले राज्यलाई ७२ अर्ब कर नतिरेको र आफ्नो सङ्गठनका कोषाध्यक्ष नरेन्द्र विकलाई सरकारले गिरफ्तार गरेको विषयलाई लिएर विरोध प्रदर्शन गरेको हो।

प्रदर्शनमा उल्लेख्य रूपमा विद्यार्थीको सहभागिता रहेको थियो। सरकारी गलत नीति र एनसेलविरुद्ध नारा लगाउँदै बजार परिक्रमा गरी पीपलचोकमा कोणसभा सम्पन्न गरिएको विद्यार्थी सङ्गठनले जनाएको छ। कोणसभामा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य एवम् उदयपुर जिल्ला अध्यक्ष विकासले एनसेलले तत्काल कर नतिरे जनताले कारबाही गर्ने चेतावनी दिए। आफ्ना केन्द्रीय कोषाध्यक्षलाई झूटो मुद्दा लगाई सरकार र प्रहरी प्रशासन मिलेर फसाउने षड्यन्त्र गरेको उनको भनाइ थियो।

यसैबीच अखिल (क्रान्तिकारी) भेरी ब्युरो र युवा सङ्गठन नेपाल भेरी ब्युरोको संयुक्त आयोजनामा बाँकेको कोहलपुरमा र्‍यालीसहितको सभा सम्पन्न भएको छ। कोणसभालाई अखिल (क्रान्तिकारी) केन्द्रीय सचिवालय सदस्य तथा भेरी ब्युरो संयोजक पुष्पराज न्यौपाने र युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा भेरी ब्युरो संयोजक विष्णु जीसीले सम्बोधन गरेका थिए।

# आत्मसमर्पण गर्न नेकपाको चेतावनी

**झापा** : नेपाल कम्युनिस्ट पार्टी भद्रपुर नगरसमितिले पार्टीका नाममा रकम असुली गर्ने सुवास कोइराला (टीका कार्की) लाई ७ दिनभित्र पार्टीमा आत्मसमर्पण गर्न सार्वजनिक चेतावनी दिएको छ। पार्टीका भद्रपुर सेक्रेटरी प्रवीन मिश्रद्वारा जारी विज्ञप्तिमा आफूलाई अखिल क्रान्तिकारीको केन्द्रीय उपाध्यक्ष बताउँदै भद्रपुर विद्युत् प्राधिकरणलगायत विभिन्न स्थानबाट लाखौँ रकम असुली गरेको पाइएकाले सार्वजनिक विज्ञप्ति जारी गर्नुपरेको बताइएको छ।

भद्रपुर नगरपालिका घर भै काठमाडौँ स्थायी बसोबास गर्ने ४० वर्षजति उमेरको मोबाइल नम्बर ९८६६१९३२२६, ९८६९४२१५७३, ९८४०६४७७५८ र मोटरसाइकल नम्बर को ५ प ६९७१ प्रयोग गर्ने सुवास कोइरालालाई ७ दिनभित्र पार्टीसमक्ष आत्मसमर्पण गर्दै सम्बन्धित संस्था र व्यक्तिहरूलाई असुलेको रकम फिर्ता गर्न र सार्वजानिक माफी माग्न चेतावनी दिइएको छ।

विज्ञप्तिमा ७ दिनभित्र सम्पर्कमा नआए निजले प्रयोग गरेको मोटरसाइकल र निजी सम्पत्ति जफत गरी सम्बन्धित संस्था र व्यक्तिहरूको रकम फिर्ता गरिने र आमजनसमुदायलाई निज व्यक्ति र मोटरसाइकल भेटेदेखेमा पक्राउ गरी पार्टीलाई बुझाउन सहयोग गर्न अपिलसमेत गरिएको छ।

# सगरमाथा ब्युरोमा जनसभा

**उदयपुर** : नेकपा सगरमाथा ब्युरोले मङ्गलबार उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका १ रानीटारमा सयौँ जनता, नेता र कार्यकर्ताको उपस्थितिमा जनसभा सम्पन्न गरेको छ।

पार्टीको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानअन्तर्गत आयोजित सभाको सञ्चालन ओखलढुङ्गाका सेक्रेटरी २ नम्बर टोलीका प्रमुख सुप्रिमले गरेका थिए। सभालाई सम्बोधन गर्दै पार्टी केन्द्रीय सदस्य तथा सगरमाथा ब्युरो अभियान २ का कमान्डर सञ्जीव र १ नम्बर टोली प्रमुख ज्ञानुले सम्बोधन गरे।

केन्द्रीय सदस्य सञ्जीवले अहिले नेपालमा राजनीति धरापमा परेकाले देशलाई कुशल अवतरण गर्नसक्ने र नेपालका सबैखाले बेतिथिको निकास अब आफ्नो पार्टीले अगाडि सारेको वैज्ञानिक समाजवादले दिने बताए। नेकपाले सञ्चालन गरेको अभियानबाट अत्तालिएर राज्यले पुलिस प्रशासन लगाई गैरन्यायिक ढङ्गले गिरफ्तार गरेको भन्दै रोश प्रकट गरे। उनले बिनासर्त आफ्ना नेता-कार्याकर्ता रिहा गर्न माग गरे। कार्यक्रमका अर्का वक्ता ज्ञानुले आफ्नो पार्टी राष्ट्रियताको मुद्दा उठाएर जनताका पक्षमा लड्न तयार भएकाले आमजनसमुदायले राष्ट्रियता र जनजीविकाको मुद्दा साझा बनाएर लड्नलाई सहयोगका लागि अपिल गरे।

उक्त कार्यक्रममा माओवादीका जिल्ला सदस्य मोहन र एमालेका शेरबहदुर थापा पार्टी प्रवेश गरेका छन्। पार्टी प्रवेशीहरूलाई पार्टी प्रवेश गराउँदै केन्द्रीय सदस्य सञ्जीवले सबै वामपन्थी, देशभक्त, प्रगतिशील, राष्ट्रवादी शक्तिलाई ध्रुवीकरणमा आउन अपिल गरे।


नेपाल इन्स्योरेन्स

72 Years of Excellence

Kamaladi, Kathmandu, GPO Box: 3623, Kathmandu, Nepal
Tel: 4221353,4228690, 4245565/68, nepalinsurance.com.np
Toll Free: 16600161666





## जनयुद्ध दिवसको शुभकामना

निरङ्कुश राजतन्त्र अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनयुद्धको २४ औँ वार्षिकोत्सवका अवसरमा सम्पूर्ण वडाबासी, रामेछाप नगरपालिकाका प्रतिनिधि र जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु।



**भीमबहादुर तामाङ**
वडाध्यक्ष, रामेछाप नगरपालिका-५, रामपुर

## जनयुद्ध दिवसको शुभकामना

**दलाल र भूमाफियाहरुको सम्पत्ति राष्ट्रियकरणको सङ्घर्ष र कृषि क्रान्तिको कार्यदिशामा किसानहरुलाई गोलबन्द गर्न अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) लागिपरेको सहर्ष जानकारी गराउँदै सम्पूर्ण किसानहरुलाई २४ औं महान् जनयुद्ध दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

**राजु कार्की,**
संयोजक
अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)



## जनयुद्ध दिवसको शुभकामना

निरङ्कुश राजतन्त्र अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनयुद्धका घाइते योद्धा, शहीद परिवार एवम् सम्पूर्ण न्यायप्रेमी तथा मुक्तिकामी जनसमुदायमा जनयुद्धको २४ औं वार्षिकोत्सवका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।



**रत्न मगर**
अध्यक्ष
**जनगणतान्त्रिक सम्पर्क मञ्च**
केन्द्रीय समन्वय समिति

## २४औं जनयुद्ध दिवसको शुभकामना

**रेणु दाहाल**
प्रमुख
भरतपुर महानगरपालिका

**निरङ्कुश राजतन्त्र अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नहुने सहिद परिवारजन, घाइते योद्धा एवं जनयुद्धको २४ औँ वार्षिकोत्सवका अवसरमा भरतपुर महानगरबासी, चितवन जिल्लावासी लगायत सम्पूर्ण जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु।**

## २४औं जनयुद्ध दिवसको शुभकामना

*जनयुद्धको २४ औँ वार्षिकोत्सवको समय पारेर फागुन १ गते राष्ट्रिय थारु मुक्ति मोर्चा कैलाली जिल्लाको प्रथम सम्मेलन गर्न लागिरहेको जानकारी गराउन पाउँदा अत्यन्त हर्षित छौँ। महान् जनयुद्धको २४ औँ वार्षिकोत्सवका अवसरमा सबै मालेमावादीहरु फेरि एक ढिक्का भई एकीकृत जनक्रान्तिको बाटोमा लामबद्ध हुनु आवश्यक छ। वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न प्रतिबद्ध हुनु अहिलेको आवश्यकता हो। सम्पूर्ण श्रमजीवी, उत्पीडित जनता र क्रान्तिकारीहरु यो महान् यात्रामा फेरि गोलबद्ध होऔँ। यो महान् अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।*



**प्रकाश मल्ल**
सेक्रेटरी
नेपाल कम्युनिस्ट पार्टी, कैलाली


prabhu
Online Trading Saving A/C



Online Digital Share Trading



NEPSE मा Online शेयर कारोबार गर्न सकिने।

निःशुल्क e-banking सेवा। *

NEPSE मा आवद्ध Broker हरूको आधिकारीक बैंक।

NEPSE को आधिकारीक क्लीयरिङ्ग बैंक।

* शर्तहरू लागु हुनेछन्।

prabhu Bank

Prabhu Building, Babarmahal
Post Box no.: 19441
Tel : +977 1 4788500
Fax: +977 1 4780588
E-mail: info@prabhubank.com
Url : www.prabhubank.com
Toll Free No.: 16600107777
Swift Code: PRVUNPKA


; rgf

जनसमुदायको हितका लागि यस्तो बृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति खानेपानी तथा सरसफाइ मन्त्रालय र आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड क्षमायाचना गर्दै यस कार्यमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैलाई आग्रह गर्दछ।

| मिति | स्थान | छलफलका विषयहरू | सहभागीहरू |
|---|---|---|---|
| चैत्र २३, २०७४ | बल्खु | मेलम्ची आयोजनाका पाइपहरू बिछ्याउँदा काठमाण्डौ महा( नगरपालिका (कामपा) वडा नं १४ ले शुरू गरेका निर्माणकार्यहरूमा असर नपरोस् भनी सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| चैत्र २८, २०७४ | हाँडीगाउँ | कामपा वडा नम्बर ५ का वडाध्यक्ष र स्थानीयबासीहरूसँग समन्वय गरी मेलम्चीको डिआइ पाइप बिछ्याउने कार्य सुचारू गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ७, २०७५ | मैतीदेवी | खानेपानी आपूर्तिमा सुधार<br>खानेपानीको पाइप बिछयाइसकेपछि सडक पुनर्स्थापन | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ९, २०७५ | तपखैँ टोल, भक्तपुर | पाइपलाइन बिछ्याउने क्रममा बालीमा क्षति पुगेकोले त्यस वापत् क्षतिपूर्ति दिने<br>पाइप बिछयाउने क्रममा निजी जमीनको क्षति न्यूनीकरण गर्ने उद्देश्य लिइ आवश्यक उपायहरू अपनाउने | स्थानीय महिलाहरू, निर्देशनालयका पदाधिकारीहरू |
| जेठ २८, २०७५ | टोखा नगरपालिका | नगरपालिकाको वडा नं ९ मा पाइप बिग्रन गइ क्षति पुगेकोले क्षतिपूर्ति सम्बन्धमा छलफल<br>पाइपको मर्मत | निर्वाचित प्रतिनिधिहरू, निर्माण व्यवसायी र परामर्शदाताका प्रतिनिधिहरू |

ugf;f / ;ef{jsf]nflu
cfof]hgf sfof{jog lgb]{zgfno
sf7df08f} pkTosf vfg]kfgL lnld6]8
cgfdgu/, sf7df08f}
6]lnkm]gM !!#(, km\ofS; $@@$)%&
www.kuklpid.org.np

निर्देशक : **गुणराज लोहनी**, प्रबन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ